स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# हाम्रो विनयी त्रिवेणी

## कक्षा ७





प्रकाशक

विनयी त्रिवेणी गाउँपालिका

नवलपरासी (बसुपू)

स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# हाम्रो विनयी त्रिवेणी (कक्षा ७)


| | | |
|---|---|---|
| प्रकाशक | : | विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी (बसुपू) । |
| सहजीकरण | : | साभ नेपाल (SAAV Nepal), पोखरा । |
| सर्वाधिकार | : | प्रकाशकमा |
| प्रकाशन | : | पहिलो संस्करण, वि.सं.२०८२ |

(विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी (बसुपू)द्वारा निःशुल्क वितरित)

# प्रकाशकीय

स्थानीय समुदायका आवश्यकता र रूचिलाई महत्त्व दिई स्थानीयस्तरकै साधन, स्रोत र विज्ञताको उपयोगमार्फत् स्थानीयस्तरमा निर्माण, विकास र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले मात्र जाति, भाषा, धर्म, संस्कृति आदिमा हुने विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो ।

नेपाल विविधताले सम्पन्न मुलुक हो । यहाँ विभिन्न थरी भाषा, सभ्यता, पेसा, संस्कृति, भेषभुषा र भूगोलहरू छन् । तिनका आ-आफ्नै विशिष्ट पहिचान छन् । 'विविधतामा एकता' नेपालीको विशिष्ट पहिचान नै हो । लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय संविधान जारी भई मुलुक यही बाटोमा अघि बढिरहेका बेलामा संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र संबर्द्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रूपमा सुरक्षित गरेको छ भने यसका लागि विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरूसमेत बनिसकेको सर्वविदितै छ ।

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रष्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानहरूलाई हेर्नुपर्दछ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ । नेपालको संविधान नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ । यस धाराको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ भन्ने प्रावधान रहेको छ । यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत् समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरूरी छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने  (धारा ५१ (ज) (१) । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । त्यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । साथै सोह्रौं योजनाको (२०८१/०८२-२०८५/०८६)उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर, सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकता अनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा

नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिनेछ भन्ने कार्यनीतिमार्फत् प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने ।

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनौट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने ।

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ। यही सन्दर्भमा विनयी त्रिवेणी गाउँपालिकाले पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७५, २०७६' र 'स्थानीय पाठ्यक्रम निर्देशिका-२०७६' का मूल मान्यतालाई आत्मसात् गर्दै हाम्रो विनयी त्रिवेणी नामक पाठ्यक्रम तयार गरी आधारभूत तह (कक्षा १ देखि ८) का पाठ्यपुस्तक लेखनको दायित्वलाई क्रमशः पूरा गर्दै गइरहेको छ। यस क्रममा स्थानीय पाठयक्रमका आदर्शहरूलाई पछ्याउँदै स्थानीय आवश्यकता र रूचिलाई ध्यानमा राखी यो पाठ्यपुस्तक निर्माण गरिएको छ। गाउँपालिकाले "शिक्षकका हातमा पाठ्यक्रम र विद्यार्थीका हातमा पाठ्यपुस्तक" भन्ने अभिप्रायका साथ यस कामलाई अघि बढाएको हो । यो पाठ्यपुस्तक निर्माणका सन्दर्भमा सम्पूर्ण जनप्रतिनिधि, पाठ्यक्रमविज्ञ, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, लेखक, स्थानीय सरोकारवाला लगायत सबै विनयी त्रिवेणी गाउँपालिकावासीको सहयोग प्राप्त भएको छ ।

पाठ्यपुस्तक लेखनका क्रममा विभिन्न चरणका गोष्ठी, छलफल र अन्तरक्रियामार्फत् स्थानीय स्तरका आवश्यकता र पाठ्यपुस्तकमा समेट्नुपर्ने विषय सन्दर्भहरूका बारेमा अवधारणा निर्माण गरिएको छ । स्थानीय सिप, क्षमता, कला, पेसा, व्यवसाय, स्थानीय सम्पदा, स्थानीय पहिचानलाई पाठ्यपुस्तकमा समेटेर विद्यार्थीका ज्ञान, सिप र अभिवृत्तिलाई उजागर गर्ने प्रयास गराउने, त्यो पाठ्यपुस्तकमा प्रत्येकले आफ्नो पहिचान देख्ने र सबैले अपनत्व महसुस गर्ने ढङ्गले बनाइएको यो पाठ्यपुस्तकले नयाँ पिंढीलाई आफ्नो मौलिकपनको खोजी गर्न प्रेरित

गर्नेछ । यसले स्थानीय सिप वा पेसा र विशेषताहरूलाई विश्वव्यापी बनाई परम्परागत पेसाहरूको व्यावसायीकरणतर्फ पनि सहयोग गर्ने विश्वास लिएका छौँ । स-साना विद्यार्थी भाइबहिनीहरूलाई आफ्नै परिवेश झल्किने विषयवस्तु र यहींका आकर्षक तस्वीरहरूले पक्कै पनि आफू जन्मेको माटो चिन्न र यही माटोमा केही गरौँ भन्ने भावना जगाउन पाठ्यपुस्तक प्रेरक हुनेछ भन्ने विश्वास पनि लिएका छौँ । यसका साथै आफैसँग भएको सुगन्ध चिन्न नसकेर रनवन घुमिरहेको मृगजस्तै भएका आजका युवालाई समेत आफ्नै ठाउँमा उद्यमका सम्भावनाहरूको उज्यालो देखाइदिने दस्तावेजका रूपमा समेत यसको महव रहने नै छ ।

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन गर्न लागिएको 'हाम्रो विनयी त्रिवेणी ' नामक पाठ्यपुस्तकको ऐतिहासिक महव रहने कुरामा कुनै शङ्का छैन । यसको लेखन, सम्पादन र प्रकाशनमा सहयोग र सहजीकरण गर्ने संस्था साभ नेपाल र यसका अध्यक्ष डा. तुलसीराम खनाल साथै रातदिन नभनी निकै मिहिनेतका साथ पाठ्यपुस्तक लअर्थात्‌खनमा खटिनुभएका विज्ञ लेखकहरूप्रति गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ । पाठ्यपुस्तक निर्माणका विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव दिएर सहयोग गर्नुहुने पाठ्यक्रम सहजीकरण समिति र पाठ्यक्रम मस्यौदा लेखन समिति, विद्यालयका शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यार्थी भाइबहिनीहरू, शिक्षाविद्, समाजसेवी, विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्त्वहरू, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनैतिक व्यक्तित्त्व, कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । साथै पुस्तक प्रकाशनको प्राविधिक अभिभारा वहन गर्ने ...............प्रति पनि हामी आभारी छौँ ।

अन्त्यमा, 'हाम्रो विनयी त्रिवेणी' नामक यस स्थानीय पाठ्यपुस्तकको पूर्ण सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्न चाहन्छौँ । निर्माणका क्रममा जस्तै यसको अर्थपूर्ण कार्यान्वयनका सन्दर्भमा पनि सबै पक्षको उत्तिकै सहयोग र सद्‌भाव रहने आशा एवम् विश्वास व्यक्त गर्दछौँ ।

**घनश्याम गिरी**
**अध्यक्ष**
**विनयी त्रिवेणी गाउँपालिका**
**नवलपरासी (बसुपू) ।**

# सम्पादकीय

शिक्षाको मेरूदण्ड पाठ्यक्रम हो । पाठ्यक्रम कार्यान्वयनको प्रमुख साधन पाठ्यपुस्तक हो । पाठ्यपुस्तकविना कुनै पनि विषयको सिकाइ प्रभावकारी रूपमा सञ्चालन हुन सक्तैन । स्थानीय पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुलाई स्थानीय आवश्यकताका आधारमा समेटेको हुन्छ ।

स्थानीय पाठ्यक्रमको अवधारणा नवीनतम् सोच, खोज र अनुसन्धानको प्रतिफल स्वरूप जन्मिएको एक वस्तुनिष्ठ स्थानीय आवश्यकतालाई नजिकबाट सम्बोधन गर्ने अचुक औषधी हो । यही पाठ्यक्रमको निर्देशनका आधारमा स्थानीय आवश्यकताअनुसार तयार गरिएका यस्ता पाठ्यपुस्तकले शैक्षिक विकेन्द्रीकरणको प्रवर्द्धन समेत गर्दछन् । नेपाल भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक विविधताले भरिपूर्ण मुलुक हो । विविधतामूलक सामाजिक संरचनामा मानिसहरूका आवश्यस्तकता र चाहना पनि फरक-फरक हुन्छन् । केन्द्रीय पाठ्यक्रमले मात्र मानिसहरूका फरक आवश्यकतालाई सम्बोधन नगर्न सक्छ । यस स्थितिमा स्थानीय पाठ्यक्रमले सिकारूमा स्थानीय ज्ञान तथा सिपसहितको मानसिक संरचना तयार गर्दछ जसले गर्दा भविष्यमा सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने ढोका खुल्दछ ।

स्थानीय पाठ्यपुस्तक निर्माणको प्रक्रिया अन्य पाठ्यपुस्तक निर्माणभन्दा केही कठीन पनि छ । विशेष गरी स्थानीय स्तरका साना मसिना कुराहरू समावेश गरी पाठहरू तयार गर्नुपर्ने र विद्यार्थीको स्तर अनुसारका अभ्यास एवम् क्रियाकलाप समावेश गर्ने कुरा निकै चुनौतीपूर्ण रहेको छ । पाठ्यपुस्तक तयारीका क्रममा अनेकथरी विज्ञहरूको सहयोग लिनुपर्ने हुन्छ । गाउँपालिकाको सिमित स्रोत, निश्चित समय, कठीन भूगोल र लगनशील लेखकहरूको अभाव पाठ्यपुस्तक लेखनका चुनौतीहरू हुन् । यही कारणले पनि होला नेपालका अति कम मात्र स्थानीय तहमा यति धेरै विषयवस्तु समेटेर पूर्ण पाठ्यपुस्तक लागू हुन सकेका छन् । ती अति कम स्थानीय तहमध्ये विनयी त्रिवेणी  गाउँपालिका पनि एक बन्न पुगेको छ ।

विनयी त्रिवेणी  गाउँपालिकाले आफ्नो स्थानीय पाठ्यपुस्तक लेखनमा सहजीकरणको जिम्मेवारी साभ नेपाललाई प्रदान गरेअनुसार कक्षा (१–८) को पाठ्यपुस्तक तयार भएको छ । पाठ्यपुस्तक लेखनको दायित्व स्थानीय लेखक, शिक्षक र बुद्धिजीवीको हुन जान्छ तर पनि ती सबैलाई परिचालन गरेर पाठ तयार गर्न र सम्पादन गर्नका लागि कोही न कोही सहजकर्ता आवश्यक पर्दछ ।

नीतिश्लोकमा भनिएको छ -

“अमन्त्रमक्षरं नास्ति नास्ति मूलमनौषधम् ।

अयोग्यः पुरूषो नास्ति योजकस्तत्र दुर्लभः ॥”

त्यही दुर्लभ योजकको आवश्यकताको पूर्ति साभ नेपालले गरेको हो । यो पाठ्यपुस्तक तयारीका लागि साभ नेपालले दक्ष र व्यावसायिक लेखकहरू चयन गरेको छ। ती सबै लेखकहरूले पाठ्यक्रमको गहन अध्ययन गरी सोही अनुसारको अनुसन्धान गर्नुभयो । अनुसन्धानका क्रममा विनयी त्रिवेणी  गाउँपालिकाको सातवटै वडाका हरेक टोल, बस्ती र विद्यालयहरूमा पुगेर तथ्य सङ्कलन गरियो । पाठ्यक्रम निर्माण सहजीकरण समिति र पाठ्यक्रम मस्यौदा लेखन समितिसँग पनि पटकपटक बैठक तथा भेला गरी उहाँहरूकै सुझावका आधारमा लेखन कार्य गरिएको हो । लेखन सम्पन्न भैसकेपछि पनि विभिन्न चरणमा स्थानीय विज्ञहरूसँग छलफल गरेर मात्र पाठ्यपुस्तक छपाइका लागि तयार गरिएकको हो ।

“हाम्रो विनयी त्रिवेणी” नामक प्रस्तुत पाठ्यपुस्तकमा व्यावहारिक सिकाइलाई महत्त्व दिइएको छ । पाठ्यक्रमको परिधिभित्र रहेर त्यसकै सिकाइ उपलब्धिलाई आधार बनाएर लेखन गरिएको छ । पाठ्यक्रमका समतलीय र लम्बीय स्वरूपलाई ध्यान पुऱ्याइएको छ । हरेक पाठका अन्त्यमा शिक्षण निर्देशन, क्रियाकलाप, परियोजना कार्य र पाठअनुसारका अभ्यासहरू समावेश गरिएको छ। अभ्यास बनाउँदा खोजेर तथा गरेर सिक्ने कुरामा जोड दिइएको छ। विनयी त्रिवेणी का मुख्य सम्पदाहरू नछुटून् भनी ध्यान पुऱ्याइएको छ । यहाँका अनेकौं सम्पदाहरूका खोजमूलक पाठहरू पुस्तकहरूमा समावेश गरिएको छ । त्यसैगरी योग र ध्यान, नैतिक शिक्षा, जडीबुटी लगायतका पाठ पनि समावेश गरिएको छ। पाठ्यपुस्तकमा समावेश भएका सबैजसो तस्बीरहरू स्थानीय नै रहेका छन्। पाठहरू सम्बन्धित विज्ञहरूद्वारा प्रमाणित गरेर तयार गरिएको छ। समग्रमा यो पाठ्यपुस्तक गाउँपालिकाकै महत्त्वपूर्ण दस्तावेजका रूपमा बालक, युवा, बृद्ध सबैले कम्तीमा एकपटक अनिवार्य पढ्नुहुनेछ भन्ने विश्वास हामीले गरेका छौं । स्थानीय तहका अन्य कक्षाका पाठ्यपुस्तक तयार हुँदासम्म विनयी त्रिवेणी का सबै सम्पदा समेटिने कुरामा विश्वास गर्न सकिन्छ।

गाउँपालिकाले “शिक्षकका हातमा पाठ्यक्रम र विद्यार्थीका हातमा पाठ्यपुस्तक” भन्ने अभिप्रायका साथ अघि बढाएको यस महत्त्वपूर्ण कार्यक्रममा साभ नेपालले सहजीकरण गर्ने अवसर पाउनु भनेको हाम्रा लागि आफैंमा गौरवको कुरा हो। विगतमा विभिन्न पालिकाहरूमा गरेका कामका अनुभवहरू यस पाठ्यपुस्तक निर्माणमा सहयोगी बनेका छन् । यी पाठ्यपुस्तक निर्माणका सन्दर्भमा गाउँपालिकाका अध्यक्ष श्री घनश्याम गिरीको शिक्षा क्षेत्रमा परिवर्तनको सपना, उपाध्यक्ष श्री भगवती वैदवार क्षत्री, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन पण्डित र शिक्षा अधिकृत श्री भूपराज पाण्डे

र शिक्षा प्राविधिक श्री अमरराज न्यौपानेको सकारात्मक पहलले निकै ऊर्जा प्रदान गरे । उहाँहरू सबैप्रति साभ नेपाल कृतज्ञ छ। त्यसैगरी पाठ्यक्रम मस्यौदा लेखन सुझाव समिति, पाठ्यक्रम मस्यौदा लेखन समितिका सबै आदरणीय व्यक्तित्वहरूसहित सम्पूर्ण जनप्रतिनिधि, पाठ्यक्रम विज्ञ, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, लेखक, स्थानीय सरोकारवाला लगायत सबै विनयी त्रिवेणी गाउँपालिकाबासीको सहयोग प्राप्त भएको छ । यस पुस्तक लेखनमा विनयी त्रिवेणीका शिक्षाप्रेमी श्री प्रकाश खनालको सहयोग पनि अमूल्य रहेको छ । साथै पाठ्यपुस्तक लेखनमा सहभागी सबै लेखक तथा सम्पादकहरू, अनुसन्धानकर्ताहरू, फोटोग्राफरहरू, डिजाइनरहरू र सबै विनयी त्रिवेणी गाउँपालिकाबासीमा साभ नेपाल हार्दिक आभार व्यक्त गर्दछ।

अन्त्यमा, 'हाम्रो विनयी त्रिवेणी ' नामक यस पाठ्यपुस्तकको प्रभाव अबको तीन दशक पछिमात्र देखिनेछ। यो पाठ्यपुस्तक पढेर त्यहाँका कलिला बालबालिकाले आफू जन्मेको, हुर्केको र सुँघेको माटोको सुगन्धलाई हृदयभरी बोकेर देश देशान्तर भ्रमण गर्नेछन् र अन्त्यमा आफ्नै भूमिमा फर्केर उद्यम गरी बाँच्नेछन् भन्ने अपेक्षा हाम्रो रहेको छ। यसो भयो भनेमात्र आज गाउँपालिकाले गरेको लगानी र साभ नेपालले गरेको परिश्रम सार्थक बन्नेछ।

यस ऐतिहासिक कामका लागि विनयी त्रिवेणी गाउँपालिकालाई बधाई तथा पाठ्यपुस्तकको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछौं ।

**साभ नेपाल**
**पोखरा**

**(पाठ्यपुस्तक तयार गर्ने सिलसिलामा विभिन्न सन्दर्भ सामग्री तथा स्रोत व्यक्तिहरुबाट आवश्यक सहयोग प्राप्त भएको छ । ज-जसको सहयोग प्राप्त भएको छ वा जसका कृतिबाट सामग्री ग्रहण गरिएको छ उहाँहरू सबैप्रति हार्दिक सम्मान प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछौं ।)**

**- लेखक तथा सम्पादक**

# विषयसूची



| एकाइ | क्षेत्र | पाठ शीर्षक | पृष्ठसंख्या |
|---|---|---|---|
| १ | विनयी त्रिवेणी गाउँपालिका | विनयी-त्रिवेणी<br>हावापानी, वनस्पति र वन्यजन्तु | २ |
| | | गाउँपालिका : गठन प्रक्रिया र कार्यहरू | ८ |
| २ | स्थानीय सम्पदा | विनयी-त्रिवेणीमा मनाइने चाडपर्वहरु | १२ |
| | | विनयी खोला | १९ |
| | | विनयी त्रिवेणीका धार्मिक स्थलहरू | २३ |
| | | सार्वजनिक सम्पदाको संरक्षण | २९ |
| ३ | परम्परागत अभ्यास | पुस्तकालयका लागि वडाध्यक्षलाई पत्र | ३७ |
| ४ | कृषि तथा पशुपक्षीपालन | गाईभैंसी पालन | ४२ |
| | | विनयी-त्रिवेणीका जडीबुटीहरू | ४७ |
| | | प्राङ्गारिक कृषि | ५१ |
| ५. | उद्यमशीलता | घरेलु उद्योग | ५७ |
| | | उद्यमशीलता | ६३ |
| ६ | अनुशासन, खेलकुद र स्वास्थ्य | योगासन | ७१ |
| | | स्काउट | ७६ |
| ७ | पर्यटन | विनयी-त्रिवेणीका पर्यटकीय क्षेत्रहरू | ८३ |
| ८ | व्यवहारिक तथा जीवनोपयोगी सिकाइ | विपद् व्यवस्थापन | ८९ |
| | | सामाजिक सञ्जालको उपयोगिता | ९६ |
| ९. | जैविक विविधता | विनयी त्रिवेणीको जैविक विविधता | १०१ |
| | | सामुदायिक वन | १०५ |

एकाइ
# १

## बिजयी त्रिवेणी गाउँपालिका

पाठ
१

# विनयी त्रिवेणी
## हावापानी, वनस्पति र वन्यजन्तु



विनयी त्रिवेणी गाउँपालिका गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा पर्दछ । यो गाउँपालिका पहिलेको दुम्किबास, बेनीमणीपुर, राकाचुली, धुरकोट र त्रिवेणी सुस्ता गाविसहरूका विभिन्न वडाहरूलाई मिलाएर विनयी त्रिवेणी गाउँपालिका बनाइएको हो । यसमा भित्री मधेस र केही तराईका समथर ठाउँ, जङ्गल लगायतका भू-भागहरू समेटिएको छ । यो निकै उर्वर ठाउँहरू, वन्यजन्तुहरू, कृषि उत्पादन, पर्यटकीय सम्भावना बोकेको गाउँपालिका हो । विनयी त्रिवेणी गाउँपालिका कसरी नामकरण भयो ? धेरैलाई जिज्ञासा हुन सक्छ । उत्तरतर्फबाट बग्दै आउने विनयी खोलाको नाम र दक्षिणी सीमानामा पर्ने प्रसिद्ध धार्मिक तीर्थस्थल त्रिवेणी धामको नामलाई जोडेर यस गाउँपालिकाको नाम विनयी त्रिवेणी राखिएको हो ।

यस गाउँपालिकामा त्रिवेणी धाम, गजेन्द्रमोक्ष धाम, दाउन्नेदेवी, कैलाशबाबा मन्दिर, मणिखम्बादेवी, बौद्ध गुम्बा, विनयीरानी बौद्ध गुम्बा जस्ता प्रसिद्ध र पवित्र धार्मिक स्थलहरू रहेका छन् । विभिन्न अवसरहरूमा यी ठाउँहरूमा भव्य रूपमा धार्मिक मेला तथा उत्सवहरू लाग्ने गर्दछन् ।

यहाँको जमिन समुद्री सतहदेखि २७० देखि ८७० मिटरसम्मको उचाइमा रहेकाले

पनि यहाँ विविध किसिमको हावापानी पाउन सकिन्छ । यस गाउँपालिकाले २८८.०६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । कतिपय स्थानीयहरूले त यसलाई तीनतले गाउँपालिका पनि भन्दा रहेछन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँको कुल जनसङ्ख्या ३८ हजार ३ सय ७० रहेको छ । त्यसमा १८ हजार १ सय २९ जना पुरूष र २० हजार २ सय ४१ जना महिलाहरूको सङ्ख्या रहेको छ ।

यस पालिकाको सीमानामा उत्तरमा पाल्पाको माथागढी गाउँपालिका, दक्षिणमा बर्दघाट नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज, पूर्वमा मध्यबिन्दु नगरपालिका पर्दछ भने पश्चिममा बर्दघाट नगरपालिका रहेका छन् ।



## हावापानी :

विनयी त्रिवेणी गाउँपालिकामा विभिन्न खोला, वनजङ्गल, भीरपाखा, मैदान, समतल फाँट, उच्च पहाडी भू-भाग रहेको छ । राँकाचुली जस्तो अग्लो पहाडदेखि

त्रिवेणी धाम जस्तो होचो भूभाग यहाँ रहेका छन् । त्यसैले यहाँका मैदानी भूभागहरू तथा होचा बेँसीहरूमा अर्धोष्ण मनसुनी हावापानी पाइन्छ । हिउँद महिनामा भने शुष्क र जाडो हुन्छ । यसका साथै हुस्सु पनि लाग्ने गर्दछ । यहाँ टारी, पाखा र डाँडाहरूमा ग्रीष्ममा न्यानो र वर्षा हुने गर्छ भने हिउँदमा चिसो हुन्छ ।



विनयी त्रिवेणी गाउँपालिकाको हावापानीको अवस्थालाई यसरी देखाउन सकिन्छ :

| हावापानी | उचाइ र मिटर | धरातलीय विभाजन |
|---|---|---|
| अर्धोष्ण मनसुनी हावापानी | ८०० मिटरभन्दा कम | नदी, टार, बेसी |
| न्यानो समशीतोष्ण हावापानी | ८०० देखि १४८० मिटरसम्म | टारी, पाखा, डाँडा |

**वनस्पति :**

विनयी त्रिवेणी गाउँपालिकाका उचाइका क्षेत्रहरूमा अर्धोष्ण पतझर जङ्गल पाइन्छ । ८०० मिटरभन्दा होचो स्थानमा बढी मात्रामा साल पाइन्छ । यस गाउँपालिकामा पाइने प्रमुख वनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर,करम, पिठारी, छतिवन, वोहरी, खमारी, बोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा,

दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो, बर्रो, हल्लुडे, सिरीस,तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाँचपाते, सतीसाल, कुम्भी, अशोक, सपेटा आपद रहेका छन् ।



## वन्यजन्तु

विनयी त्रिवेणी जैविक विविधताले सम्पन्न गाउँपालिका हो । यहाँ विभिन्न प्रकारका जङ्गली जीवजन्तुहरू पाइन्छन् । यस ठाउँमा घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरूङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरूवा, कन्याङकुरूङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरूङ्गीहरू पाइन्छन् ।

विनयी त्रिवेणी प्राकृतिक विविधता भएको गाउँपालिका हो । यस गाउँपालिका भित्रका वनजङ्गल, जडीबुटी र वन्यजन्तुको संरक्षण र संवर्द्धन गर्नु अति आवश्यक छ ।







**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विद्यालय तथा त्यसको वरपरको हावापानी, वनस्पति र वन्यजन्तुका बारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप:**

- तपाईँ बसेको ठाउँ वरपरको हावापानी कस्तो छ ? कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।
- तपाईँ वरपर पाइने वनस्पति र वन्यजन्तुको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) विनयी त्रिवेणीमा कति प्रकारका हावापानी पाइन्छन् ? तालिकासहित लेख्नुहोस् ।

(ख) विनयी त्रिवेणीमा पाइने वनस्पतिहरूको सूची बनाउनुहोस् ।

(ग) विनयी त्रिवेणीमा पाइने पशुपछीहरू के के हुन् ? बेग्लाबेग्लै सूची बनाउनुहोस् ।

## २. चित्र हेरी ठाउँको वर्णन गर्नुहोस् ।



### परियोजना कार्य :

- तपाईंको घर, छिमेक वा वडामा सामुदायिक वनजङ्गलहरू रहेका छन् । तपाइँको वडामा कति ओटा सामुदायिक वनजङ्गलहरू होलान् ? सूची बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# गाउँपालिका : गठन प्रक्रिया र कार्यहरू

भाइबहिनी हो ! आज हामी गाउँपालिकाको गठन प्रक्रिया र यसका कार्यहरूबारे जानकारी लिनेछौँ ।



नेपालको संविधान २०७२ को भाग १७, १८ र १९ मा स्थानीय सरकारको व्यवस्था गरिएको छ । जसअन्तर्गत ७५३ ओटा स्थानीय तह छन् । त्यसमा ४६० ओटा गाउँपालिकाहरू छन् । ४६० ओटा गाउँपालिकामध्ये हाम्रो विनयी त्रिवेणी गाउँपालिका पनि एक हो । जनसङ्ख्याका आधारमा एउटा गाउँपालिकामा कम्तीमा पाँचओटा वडादेखि एक्काइस ओटासम्म वडा रहन सक्छन् । विनयी त्रिवेणी गाउँपालिकामा ७ ओटा वडा रहेका छन् । प्रत्येक गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, प्रत्येक वडाबाट एक जना वडाध्यक्ष र चार जना सदस्यहरू निर्वाचित हुन्छन् । वडाबाट छानिने दुई जना महिला वडा सदस्यमध्ये एकजना दलित समुदायबाट हुनुपर्छ । त्यसबाहेक गाउँ सभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट दुईजना सदस्य निर्वाचित गर्दछ । संविधानमा अध्यक्ष र उपाध्यक्ष एउटै लिङ्गको हुन नहुने कुरा पनि लेखिएको छ ।

२ जना गाउँ सभाले निर्वाचित गरेका दलित वा अल्प सङ्ख्यक समुदायबाट दुईजना गरी जम्मा

अध्यक्ष- १ जना

उपाध्यक्ष- १ जना

७ ओटा वडाहरूबाट - ७x५ = ३५

गाउँसभाले मनोनित गरेको - २ जना

जम्मा ३९ जना

गाउँपालिकाले आफ्नो गाउँक्षेत्रमा शिक्षा, स्वास्थ, कृषि, खेलकुद, पूर्वाधार विकास आदि सम्बन्धी काम गर्दछ । संविधान बमोजिमका कार्य गर्नु/गराउनु र जनतालाई नजिकैबाट सार्वजनिक तथा सरकारी सेवा प्रवाह गर्नु यसको मुख्य काम तथा उद्देश्य दुवै हो ।

## गाउँपालिकाले गर्ने कार्यहरू :

१. एफ.एम., रेडियो तथा पत्रपत्रिका सञ्चालन तथा प्रकाशन अनुमति

२. घरजग्गाको धनीपुर्जा वितरण

३. स्थानीय कानुन निर्माण गर्ने

४. विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण गर्ने

५. संविधान, ऐन, कानुनमा उल्लेख भएबमोजिमका कामहरू ।

### शिक्षण सुझाव:

- विद्यार्थीहरूलाई गाउँपालिकाको कार्यालय वा वडा कार्यालयको भ्रमण गराई तिनीहरूको परिचय र जानकारी गराउनुहोस् ।
- गाउँकार्यपालिकाबाट सम्बन्धित कर्मचारी वा जनप्रतिनिधिलाई आमन्त्रण गरी गाउँपालिकाको संरचना र कार्यहरूका सम्बन्धमा छलफल गराउनुहोस् ।

### क्रियाकलाप:

- आफ्नो गाउँपालिका कार्यालयमा गई गाउँपालिकाबाट हालसम्म भएका महत्त्वपूर्ण कामको सूची तयार गर्नुहोस् ।
- आफ्नो वडाका वडाध्यक्षलाई भेटी वडाध्यक्षका काम, कर्तव्य र अधिकारको जानकारी लिनुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) तपाईँ बस्ने वडाका वडा सदस्यहरूको नाम लेख्नुहोस् ।

(ख) गाउँपालिकाले गर्ने कार्यहरूको सूची बनाउनुहोस् ।

(ग) गाउँपालिकाको कार्यालय गई अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरूको नाम तालिकामा लेख्नुहोस् ।

(घ) भावी दिनमा आफ्नो गाउँपालिकाको विकास गर्न क-कसले केके गर्नुपर्ला ? आफ्नो विचारसहित एक प्रतिवेदन तयार पार्नुहोस् ।

**परियोजना कार्य :**

- गाउँपालिकाका उपाध्यक्षलाई भेटी न्यायिक समितिबाट सम्पादन हुने प्रमुख कामको सूची तयार गर्नुहोस् ।

एकाइ
२

# स्थानीय सम्पदा

पाठ ३

# विनयी त्रिवेणीमा मनाइने चाडपर्वहरू

नेपाल बहुजाति, बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । यहाँ सबै जातिहरूका आ-आफ्नै सांस्कृतिक चाडपर्वहरू रहेका छन् । विनयी त्रिवेणीमा पनि विभिन्न जातजातिको बसोबास रहेकाले यहाँ जाति अनुसारका विविध पर्वहरू मनाउने गर्दछन् भने ती पर्वहरूमा विभिन्न ठाउँमा मेला लाग्ने गर्दछ । यहाँका अधिकांश जातजातिले मान्ने र सोही दिन मेला लाग्ने महत्त्वपूर्ण पर्वहरूका बारेमा हामीले अध्ययन गर्दैछौं ।









## (क) दशैं

दशैं वा बडादशैं (अन्य नामः दशहरा, विजया दशमी, नौरथा, नवरात्रि पूजा) नेपालीहरूको प्रमुख चाड हो। राष्ट्रिय चाड समेत मनिने दशैं (नौरथा) हिन्दु धर्मावलम्बीहरूले आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमीसम्म (नौरथाभर) शक्तिको आराधना गरी दशौं दिन विहान दशमीका दिन आफूभन्दा ठुला मान्यजनहरूको हातबाट

टीका-प्रसाद ग्रहण गरेर विशेष रूपमा पूर्णिमासम्म मनाउने गर्दछन् । आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) मा जमरा राखी नवमीसम्म नौरथा विधिले प्रत्येक दिन फरक फरक देवीहरूको पूजा हुन्छ । प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नवदुर्गा र त्रिशक्ति महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा र आराधना गरिन्छ ।

विनयी त्रिवेणीभित्र बसोबास गर्ने हिन्दुहरूले दसैं हर्सोल्लासका साथ मनाउँछन् । ठुलाबाट आशीर्वाद लिने तथा सानालाई आशीर्वाद दिने यस चाडले पारिवारिक भेटघाट तथा सम्बन्ध प्रगाढ बनाउन मदत गरेको हुन्छ ।

## (ख) तिहार

हिन्दु धर्मावलम्बीहरूको दशैं पछिको सबैभन्दा ठुलो पर्व तिहार हो । यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले सुरू भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ । यो पाँच दिवसीय पर्व विशेष गरी नेपालमा मनाइन्छ । हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रूपमा यस पर्वलाई धूमधामसाथ मनाउँछन् । यसलाई दीपावली अनि दिवाली नामले पनि चिनिन्छ । यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले यी पाँच दिनलाई यमपञ्चक भनिएको छ । यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन र भाइपूजा गरिन्छ । विनयी त्रिवेणीभित्र पनि तिहारमा पिङ खेल्ने, दीपावली गर्ने र देउसीभैलो खेल्दै भाइटिका लगाएर सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी तिहार मनाउने गरिन्छ ।

## (ग) तीज

तीज नेपाली नारीहरूको विशेष पर्व हो । यो पर्व भाद्र शुक्ल तृतीयाको दिन

पर्दछ । यस दिन नारीहरू मात्र उपवास बसी व्रत लिन्छन् । यस दिन कतिपय नारीहरू त पानी पनि नखाई व्रत बस्छन् । अविवाहितले इच्छाएको वर प्राप्त गर्ने र विवाहितले अखण्ड सौभाग्यको कामनासहित महादेव तथा पार्वतीको पूजा गरी मनाउँछन् । विनयी त्रिवेणीका विभिन्न गाउँहरूमा विविध सांस्कृतिक कार्यक्रम तथा खेलकुदको आयोजना गरिन्छ । यहाँ सबै वर्ग समुदायका महिलाहरू जम्मा भएर तीज मनाउने गर्दछन् । हरितालिका तीज थारू जातका नारीहरूले केजरी तिजका नामले मनाउने गर्दछन् ।

## (घ) महाशिवरात्रि

महाशिवरात्रि अथवा शिवरात्री हिन्दुहरूको प्रमुख चाड हो । यो भगवान शिवको प्रमुख पर्व हो । भगवान शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ । फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ । व्रत उत्सवमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्दछन् ।

यस पर्वका दिन उपवास गरी "ॐ नमः शिवाय" मन्त्र जप्ने गरेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ । ब्रह्माले रुद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन, शिव पार्वतीको विवाहको दिन शिवरात्रि पर्व कृष्ण चतुर्दशीमा मनाइन्छ । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिंगमा दूधको अभिषेक र शिव महिमा कीर्तन शिवरात्रिको पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छन् । शिवरात्रि पर्वलाई पर्वको राजा भनिन्छ र शिवरात्रिको पालनाले भोग र मोक्ष दुवैको प्रप्ति हुन्छ भनिन्छ । शिवरात्रि पूजामा व्रतकालमा भगवान शिवको ध्यान, पूजन र जप गरिन्छ ।

फाल्गुण कृष्ण चतुर्दशीमा शिवरात्रि पर्व मनाइन्छ । सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रि कालमा भगवान् शङ्कर ब्रह्माबाट रूद्रका रूपमा अवतरण भएका थिए भन्ने धार्मिक विश्वास रहेको छ। प्रलयकालमा यसै दिन प्रदोषको समयमा भगवान शिव ताण्डव गर्दै ब्रह्माण्डलाई तेस्रो नेत्रको ज्वालाबाट समाप्त गर्दछन् भन्ने कुरा धार्मिक शास्त्रमा वर्णन गरेको पाइन्छ । यस दिन विनयी त्रिवेणीका शिवालयहरूमा शिवको विशेष पूजा तथा भजन किर्तन हुन्छ । दिनभरी पूजाआजा तथा रातभर भजन किर्तन गरी शिवरात्री मनाइन्छ ।

## (च) ठूली एकादशी

हरिबोधिनी एकादशी वर्षमा पर्ने चौबीस वटा एकादशीमध्ये सबैभन्दा ठुलो एवं महत्त्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठूली एकादशी पनि भनिन्छ । हिन्दु धर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वको रूपमा लिइन्छ । आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा सुत्नुभएका भगवान विष्णु यसैदिन उठ्नु हुने पुराणहरूमा उल्लेख गरिएको छ । यसैकारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो भन्ने विश्वास गरिन्छ ।  यस दिन गरिने स्नान, दान, तप आदि सबै कार्य अक्षय फलदायी हुने कुरा विश्वास रहेको छ ।

आषाढशुक्ल एकादशीको दिन (चतुर्मासको आरम्भमा) आआफ्नो घरमा रोपिएको तुलसीलाई विशेष पूजा गरी पीपलसँग विवाह गरिदिने परम्परा रहि आएको छ । भोलिपल्ट द्वादशीको दिन तुलसीको विशेष पूजनसँगै नवान्न (नयाँ अन्न)को हवन गरी चतुर्मासभरी विष्णु वा विष्णुप्रियाको रूपमा पूजा गरिएको तुलसी पूजा सम्पन्न गरिन्छ ।

विनयी त्रिवेणी गाउँपालिकाभित्र बसोबास गर्ने मानिसहरूले परम्परादेखि मनाउँदै आएका केही मुख्य चाडपर्वहरूको परिचय निम्नानुसार दिइएको छ :

| क्र.सं. | चाडपर्वको नाम | चाडपर्व मनाउने समय |
|---|---|---|
| १. | वैशाखे सङ्क्रान्ति | वैशाख १ गते |

| | | |
|---|---|---|
| २. | मातातीर्थ औँसी | वैशाख |
| ३. | अक्षय तृतीया | वैशाख |
| ४. | बुद्ध जयन्ती | वैशाख जेठ |
| ५. | ईदउल फितर | जेठ |
| ६. | सिठी नखः | जेठ-असार |
| ७. | हरिशयनी एकादशी | असार |
| ८. | साउनेसङ्क्रान्ति | साउन |
| ९. | बासी नाच्ले | साउन |
| १०. | गथांमुगःचःहे | साउन |
| ११. | नागपञ्चमी | साउन |
| १२. | टहोटेँ | साउन |
| १३. | इदउल जोहा | साउन |
| १४. | जनैपूर्णिमा/क्वाँटी खाने/गाइजात्रा | साउन-भदौ |
| १५. | रोपाइँ जात्रा | भदौ |
| १६. | श्रीकृष्णजन्माष्टमी | भदौ |
| १७. | बुबाको मुख हेर्ने/कुसेऔँसी | भदौ |
| १८. | हरितालिका तीज | भदौ |
| १९. | हरेलो | भदौ |
| २०. | दशैं | असोज/कार्तिक |
| २१. | तिहार | कार्तिक/मङ्सिर |
| २२. | म्हःपूजा | कार्तिक/मङ्सिर |

| | | |
|---|---|---|
| २३. | हरिबोधिनी एकादशी | कार्तिक/मङ्सिर |
| २४. | बालाचतुर्दशी | मङ्सिर/पुस |
| २५. | योमरी पुन्हि | मङ्सिर/पुस |
| २६. | तमु ल्होसार | पुस |
| २७. | श्रीस्वस्थानी व्रत | पुस/माघ |
| २८. | माघेसङक्रान्ति | माघ |
| २९. | वसन्तपञ्चमी/श्रीपञ्चमी | माघ |
| ३०. | माघे औँसी | माघ |
| ३१. | महाशिवरात्री | फागुन |
| ३२. | फागुपूर्णिमा | फागुन |
| ३२. | रामनवमी | चैत्र |

विनयी त्रिवेणी गाउँपालिका भेषभुषा, संस्कृति तथा कलामा धनी गाउँपालिकाको रूपमा चिनिन्छ। यस गाउँपालिकामा प्रमुख रूपमा मनाइने मेलाहरूमा वडा नं २ डाँडाजोरमा कोजाग्रत पूर्णिमामा सरायँ नाच, मारूनी नाच, वडा नं २ घुसरीमा वसन्त पञ्चमी मेला, वडा नं ५ कुसुन्डे गाउँको एकादशी मेला तथा वडा नं. ४ पाखापानीकोशिवरात्रि मेला प्रमुख रहेका छन् ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विनयी त्रिवेणीमा मनाइने चाडपर्वका बारेमा तालिका बनाउन लगाई कक्षामा टाँस्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई विनयी त्रिवेणीमा मनाइने चाडपर्वहरूका बारेमा वर्णन गरी उनीहरूलाई सांस्कृतिक महत्त्वको परिचय गराउनुहोस् ।

**क्रियाकलाप:**

- तपाईंले कुन कुन चाडपर्व मनाउनुहुन्छ ? सूची बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाईंलाई मन परेको चाडपर्वका बारेमा लेखेर कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।
- विनयी त्रिवेणीमा मनाइने माघेसङ्क्रान्ति, माघी, साउने सङ्क्रान्ति र गाईजात्रा पर्वको परिचय, विशेषता र मनाउने तरिकाबारे अलग अलग सूची तयार गर्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको खाली स्थानमा उपयुक्त शब्द भर्नुहोस् :**

(क) मातातीर्थ औंसी ..................... महिनामा पर्छ ।

(ख) बुद्धजयन्ती ......................... का दिन मनाइन्छ ।

(ग) टहोटें ...................... जातिका मानिसहरूले मनाउँछन् ।

(घ) म्हःपूजा मनाउने जाति .............................. हो ।

(ङ) .............................. हरूले इदउल जोहा मनाउँछन् ।

(च) ....... मा भगवान शिवको पूजा गरिन्छ ।

**२. तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :**

(क) विनयी त्रिवेणीमा कतिओटा चाडपर्वहरू मनाइन्छन् ?

(ख) सबैभन्दा बढी चाडपर्वहरू कुन महिनामा पर्दो रहेछ ?

(ग) चाडपर्व मनाउँदा हुने फाइदाबारे लेख्नुहोस् ।

(घ) मातातीर्थ औंसी र कुशेऔंसीमा के फरक छ ?

**३. हाम्रो समाजमा हरेलो संस्कृति हराउँदै गइरहेको छ । हरेलो भनेको के हो ? आफ्ना अभिभावक वा छिमेकीका जान्ने बुझ्ने मानिसहरुसँग सोधेर लेख्नुहोस् ।**

पाठ ४

# विनयी खोला



विनयी खोला झरे है बैनी,
रिङ्दै घुम्दै आउनेछु मै पनि
सर्दी-दुम्किबास,
बिरानो ठाउँको छैन मलाई आश ।

थामबेसी हुँदै डेढगाउँ जाऊँला,
दुवै मिली भदौरे गीत गाऊँला,
खोली रम्झना,
काठमाण्डु बसे पनि गाउँकै सम्झना ।

सुप्रसिद्ध लोकगायक नारायण रायमाझीको सङ्कलन र  लोकबहादुर क्षेत्रीको स्वरमा रेडियो नेपालबाट गुञ्जिरहने यो लोकगीतले विनयी खोलालाई सम्झाइरहन्छ । समय परिस्थितिले मान्छे जहाँ पुगे पनि आफू हुर्केबढेको जन्मस्थलको माया जोकसैको मनमा अमीट भएर बसिरहेको हुन्छ ।

विनयी त्रिवेणी गाउँपालिकाको भौगोलिक क्षेत्रमा यस्ता विभिन्न नदी, तालतलैया र पोखरीहरू पानीको स्रोतको रूपमा रहेका छन् । यसर्थमा विनयी त्रिवेणी गाउँपालिका जलसम्पदा, जल पर्यटन, सिंचाइ, विभिन्न जलचर, जैविक विविधता, जलविद्युत, जलमार्गका दृष्टिले प्रचूर संभावना बोकेको र महत्त्वपूर्ण स्थलका रूपमा चिनिन्छ ।

विनयी त्रिवेणीको प्रमुख जलस्रोतको रूपमा नारायणी नदी पछाडी विनयी खोलालाई दोस्रो ठुलो जलस्रोत वा जलसम्पदाको रूपमा लिइन्छ । पूरै गाउँपालिकाको नामाकरणमा विनयी शब्द जोडिनुले यसको महत्त्व उजागर गर्दछ । हुन त यहाँ ज्यामिरे खोला, अरूणखोला, सुनई खोला, गोँगटे खोला जस्ता स्थानीय जलसम्पदा पनि नभएका होइनन् । तिनले आफ्ना किनारमा अवस्थित विभिन्न बस्ती र फाँटहरूलाई खानेपानी, सिञ्चाइ, गिट्टी बालुवा, माछा लगायत अन्य जलचर र अन्य प्राकृतिक सौन्दर्यका सुविधाहरू पनि उपलब्ध गराइरहेका छन् ।

विनयी खोला पाल्पाबाट उत्पत्ति भई विनयी त्रिवेणीका वार्ड नं १ देखि ५ हुँदै बग्दछ भने यसका किनारमा अवस्थित विभिन्न ठाउँहरूमा बस्ती, फाँट, घाटहरू रहेका छन् । नदीमा झोलुङ्गे तथा पक्की पुलपुलेसा समेत निर्माण गरिएको छ । हिउँदमा यहाँको पानी संरक्षण गरी छठ पर्व, पूजाआजा र मेला उत्सवका लागि प्रयोग गरिन्छ । वर्षै भरी जमीन नलुक्ने र पानी नसुक्ने क्षेत्र छनौट गरी सिमसार क्षेत्रका रूपमा विकसित गरी दुर्लभ चराचुरूङ्गी, सरिसृप (रेप्टाइल्स) हरूको बासस्थान बनाई जैविक विविधता र तिनको संरक्षण गर्न सकिन्छ ।

जेठदेखि असोजसम्म वर्षा याममा बढेर डुबान र कटानका समस्या ल्याए पनि वृक्षारोपण, तटबन्ध र नदी संरक्षणका कार्यक्रम ल्याउन सकिन्छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य पदार्थहरू निकासी गर्ने परिपाटी बन्द नहुँदा खोलाको सतह

गहिरिँदै आसपासका क्षेत्रहरूमा कटान बढ्दै गएको देखिन्छ ।

पालिकाको गौरवशाली जलसम्पदाको रूपमा रहेको विनयी खोलाको संरक्षणका लागि पालिकाले विशेष कार्यक्रम ल्याउनु जरूरी देखिन्छ । यहाँ जलविहार (र्‍याफ्टिङ्ग) लगायत विभिन्न धार्मिक, सांस्कृतिक पर्यटन, सिँचाइ, नदीजन्य पदार्थ निकासी लगायतका महत्त्वपूर्ण कार्यक्रमहरू ल्याएर धेरै क्षेत्रबाट मनग्गे लाभ लिन सकिन्छ ।

**शिक्षण सुझाव:**

- शिक्षक साथी ! विद्यार्थीहरूलाई विनयी खोला, दुम्किबास लगायतका स्थानहरूका बारेमा गाइएका गीत तथा कविताहरू खोजी गरेर सुनाउनुहोस् ।

**क्रियाकलाप:**

- तपाईंको गाउँमा कोही गायक, कलाकार तथा कवि छन् ? भए उनीहरूका केही सिर्जना कक्षामा सुनाउनुहोस् ।
- विनयी खोला, दाउन्ने, राँकाचुली, नारायणी आदि सम्पदा समेटेर एउटा लोकगीत कक्षामा गाएर सुनाउनुहोस् ।

## अभ्यास

**(क) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

१. विनयी खोला झरे है गीत कसको सङ्कलन र स्वरमा रेकर्डिङ्ग भएको छ ?

२. सिमसार क्षेत्रमा जैविक विविधताको संरक्षण कसरी गर्न सकिन्छ ?

३. विनयी त्रिवेणीका प्रमुख जलसम्पदाका नाम बताउनुहोस् ।

४. विनयी खोलाका विभिन्न ठाउँहरूमा केके पर्दछन् ?

५. नदी संरक्षणका लागि कस्ता कस्ता कार्यक्रम बनाउन सकिन्छ ?

**(ख) तलका वाक्यहरूमा उपयुक्त शब्द छानी वाक्य पूरा गर्नुहोस् ।**

१. सर्दी दुम्किबास विनयी त्रिवेणीमा (पर्दैनन्/पर्छन्) ।

२. विनयी त्रिवेणी जलसम्पदा, जलपर्यटन, जलचर, जलविद्युत जलमार्ग तथा जैविक विविधताले (प्रचुर/कम) सम्भावना भएको स्थल हो ।

३. विनयीखोला वार्ड नम्बर (१ देखि ५/६ देखि ९) हुँदै बग्दछ ।

४. जेठदेखि असोजसम्म विनयी खोला (बढेर समस्या ल्याउँछ/शान्त रहन्छ) ।

५. खोला तथा नदीबाट र्‍याफ्टिङ्ग, धार्मिक-सांस्कृतिक पर्यटन, सिँचाइ, नदीजन्य पदार्थ निकासी गरी मनग्गे लाभ लिन (सकिन्छ/सकिँदैन)

**(क) तलको चित्र हेरी विनयी खोलाको संरक्षणका लागि विद्यार्थीको भूमिका शीर्षकमा एउटा निबन्ध लेख्नुहोस् ।**



पाठ ५

# विनयी त्रिवेणीका धार्मिक स्थलहरू






धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय महत्त्वका क्षेत्रका हिसाबले विनयी त्रिवेणी सम्पन्न पालिका हो । यहाँ हिन्दु, बौद्ध तथा मुस्लिम र प्रकृतिपूजक आदि सबै खाले समुदाय, जाति र धर्मका मानिसहरूको बाहुल्य भएको हुँदा सोही आस्था बमोजिमका धार्मिक पर्यटकीय क्षेत्रहरू रहेका छन् । धार्मिक सहिष्णुताका हिसाबले पनि यो पालिका अन्यभन्दा उदाहरणीय मान्न सकिन्छ । यहाँ दाउन्नेदेवी र कैलाशबाबा धामको बिचमा अहिंसावादी बौद्धगुम्बा छ त्यसैगरी मदारबाबाको मेलामा दुआ माग्न मुस्लिमसँगै हिन्दु, बौद्ध  र अन्य धर्मावलम्बीहरूको घुइँचो लाग्दछ ।

एउटै धार्मिक क्षेत्रमा आस्था, विश्वास, पूजाअर्चना, पर्वोत्सव चल्दछ । त्यसै गरी

यहाँ धार्मिक दृष्टिले कहिल्यै भेदभाव, विवाद र हिंसात्मक घटनाहरू भएको इतिहास छैन । मुस्लिमहरू ढाका टोपीमा सजिएर हिँड्छन् हिन्दुहरू मस्जिदमा दुआ माग्न पुग्छन् । यसै गरी यहाँ अन्य चर्च, साना मन्दिर, मस्जिद र प्रकृतिपूजकहरूका थुप्रै ग्रामथानहरू रहेका छन् । ती सबैको आ-आफ्नो महिमा रहेको देखिन्छ । विनयी त्रिवेणीका केही प्रमुख धार्मिक क्षेत्रहरू निम्नानुसार रहेका छन् : -



## मणिखम्बादेवी मन्दिर

ऐतिहासिक तथा पौराणिक महत्वको मणिखम्बा देवी मन्दिर विनयी त्रिवेणी गाउँपालिका वार्ड नम्बर २ को विनयीखोला र गँगटे खोलाको दोभानमा रहेको छ । एक स्थानीय महिला इन्द्रकुमारी क्षेत्रीलाई प्राप्त दैवीज्ञान अनुसार दुर्गा, भगवती, शिव तथा नागनगेनीको मन्दिर बनाई नित्य पूजाआजा गर्ने गरिएको पाइन्छ । यस ठाउँमा रात्रीको समयमा कहिलेकाही अनौठो बाजा बजेको सुनिएमा अनिष्ट हुने लोकमान्यता छ । ऐतिहासिक तथ्य अनुसार पाल्पाली राजा मणिमुकुन्द सेनको जेठी रानीको बिर्ताबाट सञ्चालन गरिएको कागजात भेटिएको छ ।

यहाँको मौलामा कुखुरा, पाडा र पाठाहरुको बली चढाइन्छ । मणिखम्बादेवी बास बसेको गुफामा माटाका भाँडाकुँडा भेटिएको र पछि बास बस्नेले लिएर गएपछि हराएको मान्यता छ । अहिले रहेको ढाई तीन बिघा क्षेत्रफलको जमिनमा रहेको मन्दिर बि. सं. २०६३ मा देउसीभैलो, चन्दा तथा सरकारी बजेट इत्यादि जुटाएर बनाइएको हो । यहाँको मन्दिरसम्म पर्यटकीय प्रबर्द्धनका निमित्त थुप्रै पहलहरु भएको देखिन्छ । यस मन्दिरमा सर्दी, डाँडाजोर, बेनीमणीपुर धुर्कोटतिरबाट श्रद्धालु भक्तजनहरु पूजाआजाका लागि आउने गर्छन् ।

## कैलाशबाबा धाम



दाउन्ने पर्वतमा एकातिर दाउन्नेदेवी मन्दिर तथा अर्कोतिर कैलाशस्थल शिव मन्दिर रहेको छ । यी दुवै धार्मिकस्थलको बीचमा बौद्धमार्गी गुम्बा लगायतका स्थलहरु रहेका छन् । कैलाशबाबा धाम स्वामी परमानन्द सरस्वतीले स्थापना गर्नु भएको मानिन्छ । अहिले यसका पीठाधिश्वर श्रीपदपरमहंस १०८ स्वामी ऋषभानन्द सरस्वती हुनुहुन्छ । यहाँ शिवमार्गीहरु आएर पूजा अर्चना गर्ने गर्दछन् । नेपाल एकीकरण हुनुअघि यहाँका चुचुराहरु आवाद थिए । तिब्बत (कैलाश) मुक्तिनाथ, त्रिवेणी आवतजावत गर्ने बाटोको बेग्लै चहलपहल थियो । यहाँका चुचुरामा किल्ला बनाई फौजीहरु बस्थे । तिनैले बनाएका किल्लाहरु, देवीदेवताको मन्दिर तथा गुम्बाहरुमा पूजाआजा, ध्यान र शक्ति साधना गर्थे । युद्ध, नाकाबन्दी र सिमा विस्तारका कारण पछि यो ठाउँ निर्जन र सुनसान जङ्गलको रूपमा परिणत हुन पुग्यो । अहिले पनि यहाँ ती प्राचीन पाटी, धर्मशाला, मठमन्दिर, किल्ला, भवन, तालतलैयाका भग्नावशेषहरु हेर्दा ढुङ्गाका थुप्रा जस्ता देखिन्छन् । पुरातात्विक अध्ययन हुनु जरूरी देखिन्छ । कैलाश आश्रम धाममा गजग्राह, लक्ष्मीनारायण मन्दिर, राधाकृष्ण, हनुमान, शिवपार्वती, पशुपतिनाथ, मन्दिरहरु रहेका छन् । त्यसै गरी धाममा निम्न संरचनाहरु पछि थपिएका छन् : - जस्तै यज्ञशाला, प्रवचन कक्ष (व्यास भवन), पानी टङ्की, गोदाम घर, मानसरोवर, गौरीकुण्ड, वेद आश्रम, कैलाश द्वार, १०८ ज्योतिर्लिङ्ग इत्यादि । सम्पूर्ण ज्योतिर्लिङ्गको छुट्टाछुट्टै नामाकरण समेत गरिएको छ ।

यस धाममा साउन महिनाभरी बोलबम तिर्थाटन, बालाचतुर्दशीमा सतबीजारोपण, शिवरात्री, गुरूपूर्णिमा लगायत वैदिक संस्कृति अनुसारका पर्वहरुमा पूजा, दर्शन र मेला लाग्ने गर्दछ ।

## श्री भवानी दुर्गा मन्दिर



विनयी त्रिवेणीको वार्ड नम्बर - ३ कुँडापानीमा रहेको प्यागोडा शैलीमा बनेको दुर्गा भवानीको मन्दिर सयौं वर्ष पुरानो तथा प्रसिद्ध मन्दिर मानिन्छ। यहाँ खासगरी विजया दशमीको नवमी तथा चैते दशैमा मेला सहित भव्य रूपमा र अरू बेला भक्तजनको आवश्यकता अनुसार पूजा हुने गर्दछ । मन्दिरप्रति आस्था बलियो हुनुमा एउटा यस्तो किंवदन्ती रहेको छ ।

उहिले धेरै धेरै वर्ष अघि कुँडापानी गाउँमा आगलागी हुँदा सबै कुरा जलेर खरानी भए पनि सो मन्दिरका घण्टी, तरबार, रक्तचन्दन तथा अन्य सर्जामहरु राखेको ठाउँमा आगोको रापले समेत छुन सकेन । बरू अशुभ कुराको सङ्केत स्वरूप मन्दिरको घण्टी आफै बजेपछि एक्कासी आकाशका बादल मडारिएर तत्काल पानी परेको र बाँकी सामान र अन्य घरहरु समेत आगलागी हुनबाट जोगिएको थियो भन्ने किंवदन्ती धेरैको मुखबाट सुनिएको छ ।

धेरै वर्ष अगाडि सो मन्दिर कुँडापानीमै भए पनि पछि बाहुल्यताको आधारमा छापको खडा ढुङ्गामा सारिएको भए पनि दुर्गा भवानी अदृश्य रूपमा सोही स्थानमै आएर बस्ने गरेको विश्वास गरिन्छ । हाल सो मन्दिरको मूर्तिलाई यथावत् राखी पुरानो भवन भत्काएर अर्को मन्दिर बनाइएको छ ।

## महादेवको मन्दिर



विनयी त्रिवेणी गाउँपालिकाको वडा नम्बर ३ सर्दी नवलपुरमा रहेको सदियौं पुरानो वरको जराभित्र बनेको प्रसिद्ध मन्दिर हो शिवजीको मन्दिर । उहिलेको जमानामा जिजुहरूका पालामा चराले विष्टा गरेर उम्रिएर हुर्किएको पीपलमा वर अनि स्वामी थपिएर अनौठो समिश्रणयुक्त विशाल रूख बनेको छ । यहाँ शिवको भजनकीर्तन र पूजा आराधना हुन्छ । यस्तो महत्त्वपूर्ण र नजिकको तीर्थको ऐतिहासिक, पौराणिक तथा सांस्कृतिक महत्त्व थाहा पाउन र प्रचार हुन नसकेको कारण ओझेलमा परेको छ । यस ठाउँमा मन्दिरको परिसरलाई कम्पाउण्डिङ गरिए पनि अन्य थुप्रै कामहरु हुन बाँकी देखिन्छ । नजिकै शिवजीको बसाहा र घण्टाहरु छन् । बाहिर रूखका जरैजराहरु मात्र देखिए पनि भित्र मन्दिरमा रहेको सानो प्वालभित्र शिवलिङ्ग रहेको छ । मन्दिरको भित्र प्रयोग भएका इटाहरु निकै पुराना भग्नावशेषका रूपमा रहेका छन् । यसबारे इतिहासकार तथा पुरातत्त्वविदहरुले खोज अनुसन्धान गर्न जरूरी छ ।

**शिक्षण सुझाव:**

- शिक्षक साथी ! विद्यार्थीहरूलाई नजिकका धार्मिक स्थलहरूको भ्रमण गराउनुहोस् र यस्ता स्थलको महत्त्वका बारेमा बताइदिनुहोस् ।

**क्रियाकलाप :**

- भाइबहिनी हो ! आफ्ना बाबाआमासँग सोधेर विनयी त्रिवेणीका महत्त्वपूर्ण धार्मिक स्थलबारे जानकारी लिनुहोस् र यस्ता स्थलको महत्त्वबारे कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

क) मणिखम्बा मन्दिर कहाँ रहेको छ ?

ख) मणिखम्बाबारे के लोकमान्यता रहेको छ ?

ग) कैलाशधामका बारेमा बताउनुहोस् ?

घ) कैलाशधाम किन सुनसान भयो ?

ङ) भवानी दुर्गा मन्दिरको बारेमा के किंबदन्ती प्रचलित छ ?

च) सर्दीको महादेवको मन्दिरको स्वरूप कस्तो रहेको छ ?

**२. तलका वाक्यहरू ठीक भए (√) र बेठीक भए (×) चिह्न लगाउनुहोस्:**

क) धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय महत्त्वका क्षेत्रका हिसाबले विनयी त्रिवेणी सम्पन्न पालिका हो ।

ख) मणिखम्बा देवी मन्दिर विनयी त्रिवेणी गाउँपालिका वार्ड नम्बर ३ मा पर्दछ ।

ग) सदियौं पुरानो पीपलको जराभित्र बनेको प्रसिद्ध मन्दिर हो शिवजीको मन्दिर ।

घ) मन्दिरको भित्र प्रयोग भएका इटाहरु निकै पुराना भग्नावशेषका रूपमा रहेका छन्।

ङ) कैलाशबाबा धाम स्वामी विकासानन्दले स्थापना गर्नु भएको मानिन्छ ।

**३. तलका स्थानहरुको बारेमा जानकारी लिनुहोस् ।**





पाठ ६

# सार्वजनिक सम्पदाको संरक्षण

(प्रशंसा लम्साल र प्रदीप थापा विनयी त्रिवेणी गाउँपालिकाको श्री सूर्यज्योति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी हुन् । उनीहरू दुवैजना कक्षा ७ का असल र मेधावी विद्यार्थीका रूपमा परिचित छन् । उनीहरू सोही गाउँपालिकामा बसोबास गर्दछन् । उनीहरूको घरबाट विद्यालयसम्म पुग्न आधा घण्टा लाग्छ। उनीहरू पैदल हिँडेर सँगै विद्यालय जान्छन् र पढेर बेलुकी पनि सँगै घर फर्कन्छन् । विद्यालय जाँदाजाँदै एकदिन प्रशंसालाई असाध्यै तिर्खा लाग्यो । बाटाको एउटा सार्वजनिक धारामा गएर पानी पिउन खोज्दा उक्त धारामा पानी नै आएन । त्यसपछि उनीहरू कुराकानी गर्दै विद्यालयतिर लागे ।)



**प्रशंसा** : (प्रदीपतिर हेर्दै) साह्रै तिर्खा लागेर पानी पिऊँ भनेको त धारामा पानीको सट्टा हावा पो आयो । होइन यो धारामा आजमात्रै पानी नआएको हो कि सधैँ यस्तै हो प्रदीप ?

**प्रदीप** : कहाँ आजमात्रै हुनु नि ! यहाँ पानी आउन छाडेको त झन्डै एक वर्ष भइसक्यो नि । मैले एक वर्षअघि हिँड्दाहिँड्दै तिर्खा लागेर तिमीले जस्तै पानी पिउन खोज्दा पानी नै आएको थिएन ।

**प्रशंसा** : (फर्किएर धारोतिर देखाउँदै) हो त नि है ! हेर न धारो पनि भत्किन

लागिसकेको रहेछ । पाइप एकातिर फ्याँकिएको छ । धारो अर्कैतिर छ । होइन धारो यस्तो अवस्थामा पुगिसक्दा पनि सरोकारवालाको किन ध्यान नपुगेको होला है !

**प्रदीप** : मानिसलाई आफ्नै खर्चमा बनाएको सम्पत्ति भए पो माया लाग्छ । सार्वजनिक सम्पत्ति भएपछि यस्तै हो । बिग्रेको धारो बनाएर बस्ने फुर्सद कसलाई पो हुन्थ्यो र ?

**प्रशंसा** : हाम्रो घरनजिकैको धारामा पनि गतवर्ष छ महिनासम्म पानी नै आएन । सबै मिलेर गाउँपालिकामा आवाज उठाएपछि धारा बनाइयो । आजभोलि भने मज्जाले पानी आउँछ ।



**प्रदीप** : उपभोक्ता आफैँ नतातेसम्म धारालगायतका अन्य सार्वजनिक सम्पदा जोगाउन धेरै गाह्रो छ प्रशंसा । हामीले त्यसको उपभोगमात्र गर्न जान्यौँ तर संरक्षण गर्न जानेनौँ ।

**प्रशंसा** : हो तिमीले ठिक भन्यौ प्रदीप । सार्वजनिक सम्पदाको उपयोग गरेपछि हामीले त्यसको रेखदेख, सरसफाइ, मर्मतसम्भार आदि सबै गर्नुपर्ने हो । तर, गाउँमा कसैको पनि त्यतापट्टि ध्यान पुग्न सकिरहेको छैन ।

**प्रदीप** : (रूमालले पसिना पुछ्दै) अहिले त प्रसङ्गवश धाराको कुरा आयो । कुरा

त यसको मात्र होइन नि प्रशंसा ! हाम्रो गाउँठाउँमा मर्मतसम्भार नगरी वर्षौंदेखि अलपत्र छाडिएका अरु थुप्रै सार्वजनिक सम्पदाहरू पनि छन् । मैले हजुरआमासँग रिडी जाँदा बाटामा भत्केको पौवा पनि देखेको थिएँ । हजुरआमाले आफूहरू सानो छँदा त्यो पौवा बनिसकेको बताउँदै हुनुहुन्थ्यो । त्यस्तो प्राचीन सम्पदाको अवस्था अहिले त्यस्तो भएको रहेछ ।

**प्रशंसा** : ए साँच्ची आगामी शनिवार हाम्रो गाउँको पुरानो पँधेरो सरसफाइ गर्ने कार्यक्रम छ रे नि ! तिमीले यसबारेमा केही थाहा पाएका छौ ?

**प्रदीप** : ए हो र ? मैले त थाहा पाएको थिइन नि । ठिक छ तिमीले भनिहाल्यौ । त्यस दिन विद्यालय पनि बिदा छ । हामीले पनि त्यहाँ गएर आफ्ना अभिभावकहरूलाई सकेको काममा सहयोग गर्नुपर्छ ।

**प्रशंसा** : (लामो सास फेर्दै) हो तिमीले ठिक भन्यौ । त्यस दिन हामी दुवै सँगसँगै जाऔँला । म त अस्ति हाम्रो घरमाथिको सार्वजनिक चौरमा वृक्षारोपण गर्ने कार्यक्रममा पनि सहभागी भएकी थिएँ नि ! त्यस दिन तिमीलाई खोज्न म तिम्रै घर पुगेकी थिएँ । तर, तिमी मामाघर गएका रहेछौ ।

**प्रदीप** : मैले त्यसबारेमा मामाघरमै रेडियोबाट समाचार सुनेको थिएँ । जे होस्, कार्यक्रम भव्य नै भएको रहेछ ।

**प्रशंसा** : हाम्रो गाउँठाउँमा अन्य कुनकुन सार्वजनिक सम्पदा छन् होला है प्रदीप ?

**प्रदीप** : (सम्झाएजस्तो गरेर) सार्वजनिक सम्पदा त धेरै हुन्छन् नि ! गाउँभरिका सबै मानिसहरूलाई उपभोग गर्ने बराबरी हक रहेका सबै सम्पदाहरू सार्वजनिक सम्पदा हुन् । यसभित्र पानीका मुहान, मठमन्दिर, धर्मशाला, पाटीपौवा, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, पुस्तकालय, खेलमैदान, सामुदायिक वन, सामुदायिक उद्यान, खोलानाला, चौतारी, बाटोघाटो, सामुदायिक भवन, पुलपुलेसा, प्रतीक्षालय, नहर आदि सबै सम्पदाहरू पर्दछन् । हाम्रो गाउँठाउँमा यी सबै सम्पदाहरू छरिएर रहेका छन् ।

**प्रशंसा** : ओहो ! सार्वजनिक सम्पदाहरू त यति धेरै पो हुँदा रहेछन् । अनि यी

सम्पदाहरूको कसरी उपयोग गरिन्छ त प्रदीप ?

**प्रदीप** : कसरी प्रयोग गरिनु नि ! गाउँमा आवश्यक परेका वेला सामूहिक रूपमा यी सम्पदाहरूको प्रयोग गर्न सकिन्छ । कसैले व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले मात्र यी सम्पदाहरू प्रयोग गर्न सक्दैनन् । आफूलाई आवश्यक परेका वेलामा तोकिएको नियमभित्र रही यी सम्पदाहरूको उपयोग गर्न भने सकिन्छ । यी सम्पदाहरू हाम्रा समाजका अमूल्य निधिहरू हुन् । हामीले यिनीहरूको उपयोग गर्दै संरक्षणमा पनि जोड दिनुपर्छ ।

**प्रशंसा** : (अलि टाठी भएजस्तो गरेर) हो नि प्रदीप ! सार्वजनिक सम्पदा त हाम्रा जीवनका अभिन्न अङ्गजस्तै पो रहेछन् हगि ? हामीले यिनीहरूको समयसमयमा मर्मतसम्भार गर्नुपर्छ । तोडफोड हुनबाट बचाउनुपर्छ । यी क्षेत्रमा हुने अतिक्रमण रोक्नुपर्छ । यी सम्पदाको जथाभावी प्रयोग गरी दुरूपयोग गर्न खोज्नेलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । सम्पदामा ठूलै क्षति भएको रहेछ भने तुरून्त सम्बन्धित निकायमा खबर गर्नुपर्छ ।

**प्रदीप** : ल प्रशंसा तिमीले धारामा पानी खान नपाउनाले आज यति राम्रा कुराका बारेमा छलफल गर्न पाइयो । कुराकानी गर्दा धेरै कुरा सिकियो र बुझियो पनि ।

**प्रशंसा** : हो त नि है प्रदीप ! यस्ता कुराहरूमा बेलाबेलामा छलफल भइरहनुपर्छ । ए साँच्ची प्रदीप । त्यो धारामा आज मैले तिर्खा लाग्दा पानी खान पाइनँ । भोलि कुनै बटुवा त्यही बाटो हिँड्दा तिर्खा लागेर पानी खान धारा खोल्दा पनि त्यही अवस्था रहिरह्यो भने त राम्रो हुँदैन नि !

**प्रदीप** : हो, तिमीले एकदम सही कुरा गर्‍यौ प्रशंसा । त्यस्तो अवस्था आउनु त सिङ्गो गाउँकै बेइज्जत हुनु हो नि ! अब हामीले लामो समयसम्म त्यो धारालाई त्यस्तै अवस्थामा छाडिरहनु बुद्धिमानी हुँदैन ।

**प्रशंसा** : त्यसका लागि के गर्दा ठिक हुन्छ त प्रदीप ?

**प्रदीप** : यसका बारेमा धेरै चिन्ता लिइरहनु पर्दैन प्रशंसा । यस धारामा पानी नआएको कुरा सायद गाउँका सबैलाई थाहा छ । हामीले एकपटक आफ्ना अभिभावकलाई सम्झाउने काम गर्नुपर्छ । प्रत्येक घरका दुई/चारजना ठुलाबडा तात्ने हो भने दुई/चार दिनमै यो धारालाई पुरानो अवस्थामा फर्काउन सकिन्छ । त्यति गर्दा पनि भएन भने हामीले नै गाउँपालिकाका अध्यक्षलाई एउटा निवेदन लेखेर धारा बनाइदिन अनुरोध गर्न सक्छौँ । आखिर हामी सबै मिलेर हाम्रो सम्पदा जोगाउने त हो नि !

**प्रशंसा** : त्यसो भए धारालाई पुरानै अवस्थामा फर्काउन आजैदेखि आआफ्ना क्षेत्रबाट सक्दो प्रयास गरौँ है त !

**प्रदीप** : भइहाल्छ नि प्रशंसा ! मैले आज हाम्रा बुबा र काकासँग यस विषयमा कुरा गर्छु । विद्यालयका शिक्षक र प्रधानाध्यापकलाई पनि यस विषयमा आजै जानकारी गराऔँ ।

(कुराकानी गर्दागर्दै प्रदीप र प्रशंसा विद्यालयमा पुग्छन् । दुवैले विद्यालयको धारामा धीत मरून्जेल पानी पिउँछन् र आफ्नो कक्षाकोठातिर लाग्छन् ।)

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विद्यालय नजिकै रहेका सार्वजनिक सम्पदाहरूको अवलोकन गराउनुहोस् र पालैपालो यो पाठ पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप :**

- आफ्ना शिक्षकसँग विद्यालय नजिकै रहेको कुनै सार्वजनिक सम्पदाको अवलोकन गरी त्यसको वर्तमान अवस्थाका बारेमा साथीहरूसँग कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

### १. उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् :

(क) प्रशंसा र प्रदीप ............माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी हुन् ।

(ख) मानिसलाई आफ्नै खर्चमा बनाएको ............... भए पो माया लाग्छ ।

(ग) हामीले पनि आफ्ना अभिभावकहरूलाई सकेको काममा ............ गर्नुपर्छ ।

(घ) मैले त्यस बारेमा मामाघरमै ..............बाट समाचार सुनेको थिएँ ।

(ङ) हाम्रो गाउँठाउँमा यी सबै ................. छरिएर रहेका छन् ।

(च) यी सम्पदाहरू हाम्रा समाजका................. निधिहरू हुन् ।

(छ) हामीले यिनीहरूको समयसमयमा ................ गर्नुपर्छ ।

(ज) धारामा आज मैले ............. लाग्दा पानी खान पाइन ।

(झ) ................ पानी नआएको कुरा सायद गाउँका सबैलाई थाहा छ ।

(ञ) हामीले एकपटक आफ्ना ..............सम्झाउने काम गर्नुपर्छ ।

## २. उपयुक्त अर्थ छानी तलका शब्दहरूको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सार्वजनिक | सम्बन्ध भएको |
| सम्पदा | रुख रोप्ने काम |
| सरोकारवाला | तीर्थस्थलमा बनाइएको घर |
| संरक्षण | प्रतीक्षा गर्ने घर |
| वृक्षारोपण | सबै मानिसका लागि |
| प्रतीक्षालय | मिच्ने काम |
| धर्मशाला | जोगाउने काम |
| निधि | सम्पत्ति |
| अतिक्रमण | संस्था |
| निकाय | खानी |

## ३. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :

(क) प्रदीप र प्रशंसा बजारतिर जाँदै थिए ।

(ख) विद्यालय जाँदाजाँदै एकदिन प्रदीपलाई असाध्यै तिर्खा लाग्यो ।

(ग) प्रदीपले हजुरबुबासँग रिडी जाँदा बाटामा भत्केको पौवा पनि देखेका थिए ।

(घ) सार्वजनिक सम्पदाहरू हाम्रो परिवारका अमूल्य निधिहरू हुन् ।

(ङ) हामीले सार्वजनिक सम्पदाहरूको धेरै वर्षपछि मर्मतसम्भार गर्नुपर्छ ।

## ४. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) प्रशंसा र प्रदीपले कस्तो समस्याका बारेमा छलफल गर्दै छन् ?

(ख) सार्वजनिक धारामा किन पानी नआएको होला ?

(ग) सार्वजनिक सम्पदाभित्र केके पर्छन् ?

(घ) हामीले सार्वनजिक सम्पदाको किन संरक्षण गर्नुपर्छ ?

(ङ) प्रशंसा र प्रदीपले सार्वजनिक सम्पदाको कसरी संरक्षण गर्ने निर्णय गरे ?

## ५. चित्र हेरी ठाउँको वर्णन गर्नुहोस् ।





**परियोजना कार्य :**

- तपाईंको घरवरिपरि कुनकुन सार्वजनिक सम्पदाहरू छन् ? तिनीहरूको सूची बनाउनुहोस् र कुनै दुई सम्पदाका बारेमा लेखेर शिक्षकलाई देखाउनुहोस् ।

एकाइ ३

# परम्परागत अभ्यास

पाठ ८

# पुस्तकालयका लागि वडाध्यक्षलाई पत्र

मिति २०८१ बैसाख २०

श्री वडाध्यक्षज्यू,

७ नम्बर  वडा कार्यालय, विनयी त्रिवेणी गाउँपालिका, नवलपरासी (बसुपू) ।

**विषय : पुस्तकालय व्यवस्थापनमा सहयोग गरिदिनु हुन ।**

महोदय,

विद्यालय, कलेज सरस्वतीको मन्दिर हो, पुस्तकालय त्यसको गहना । विद्यालयमा पाठ्यपुस्तकका ज्ञानका लागि रूम टु रिडद्वारा नेपालमा विभिन्न  क्षेत्रमा करिव ३ हजार ६ सय ५४ भन्दा धेरै पुस्तकालयहरू स्थापना गरेको थियो । तर हामीकहाँ रूम टु रिडले स्थापना गरिदिएको जस्तो पुस्तकालय नभएको तथा केही सचेत विद्यार्थी तथा शिक्षकहरूको प्रयासमा खोलिएको पुस्तकालय नाम मात्रको रहेको छ । विद्यार्थीहरूलाई पाठ्यपुस्तक बाहेक अतिरिक्त ज्ञान तथा पठन संस्कृतिको विकासमा लागि पनि पुस्तकालयको टड्कारो आवश्यकता देखिन्छ। त्यसै गरी विद्यार्थीहरूद्वारा नियमित साहित्यिक भित्तेपत्रिका प्रकाशन गर्ने निर्णय भइसकेको छ। त्यसै गरी उपयुक्त व्यवस्थापनलगायत धेरै कुराहरूमा समस्या भएकोले भएको पुस्तकालय पनि अव्यवस्थित, अपर्याप्त र असुरक्षित अवस्थामा रहेका छ। यस विद्यालयबाट गत महिनामा शैक्षिक भ्रमणमा गएको समूहले काठमाण्डौको केशर पुस्तकालय, मदन पुस्तकालय आदि घुमिसकेपछि चारै सदनका विद्यार्थीहरूको संयुक्त भेला डाकी हाम्रो विद्यालयका लागि निम्न कुराहरू आवश्यकता महसुस गरेका छौं :-

१. पुस्तकालयका लागि छुट्टै व्यवस्थित कोठा, दराज, र्‍याक, टेबुल, ठुलो खालको सूचना पाटी तथा बेन्च लगायतका फर्निचरको व्यवस्था नभएको ।

२. पुस्तकालयमा दैनिक पत्रिका, साहित्यिक पत्रिका, व्याकरण, शब्दकोशका पुस्तकहरू थप गरिनु पर्ने जस्तैः- अन्नपूर्ण दैनिक, राइजिङ नेपाल, मधुपर्क, युवामञ्च, मुना,

बृहत् नेपाली शब्दकोश इत्यादि ।

३. समयानुसार पठन संस्कृतिको विकासका लागि पनि इ-लाइब्रेरीको आवश्यक्ता भएकाले कम्प्युटर, वाइफाइ, कम्प्युटर टेबुल आदिको व्यवस्था हुनु पर्ने ।

४. विश्वप्रसिद्ध कीर्तिमानी पुस्तकहरू नभएकोले थप सङ्कलन गरिनुपर्ने ।

५. भएका पुस्तकहरू पनि व्यवस्थित, सूचीबद्ध नभएकोले लाइब्रेरियनको व्यवस्था गरी पुस्तक कलेजमा जस्तै घरमै लगेर पढ्ने व्यवस्था हुनुपर्ने ।

यी कुराहरूको आवश्यकता देखिएकाले आगामी आर्थिक वर्षमा गाउँपालिकाले राखेको शैक्षिक विकासमा टेवा पुर्याउने लक्ष्य बमोजिम अनुमानित १० लाख रूपैयाँ यस विद्यालयका लागि विनियोजित गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पूर्ण विद्यार्थीहरू**
शिवपुरगढी मा.वि.
विनयी त्रिवेणी गाउँपालिका वडा
नम्बर ७, नवलपरासी (बसुपू) ।

**शिक्षण सुझाव:**

- शिक्षक साथी ! गाउँपालिकाको न्यायिक समितिबाट सम्पादन हुने प्रमुख कामका बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।
- तपाईंको विद्यालयमा भित्ते पत्रिकाको प्रकाशन गरिन्छ ? छ भने त्यसको सकारात्मक पक्ष तथा थप व्यवस्थित गर्न के गर्न सकिन्छ भन्ने विषयमा तथा छैन भने स्थापना गर्नका लागि कक्षामा विद्यार्थीहरूमा छलफल चलाउनुहोस् ।

**क्रियाकलाप :**

- विद्यार्थीहरूले भित्तेपत्रिका प्रकाशन तथा पुस्तकालय व्यवस्थापन तथा पठन संस्कृतिको विकास कसरी गर्न सक्दछन् ? कक्षामा छलफल गर्नुहोस् ।
- विद्यालयमा खेलकुदका सामग्री माग गर्दै प्रधानाध्यापक मार्फत् युवा तथा खेलकुद मन्त्रीलाई पत्र लेख्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) कुन विद्यालयले कुन कार्यालयलाई पत्र लेखेको छ ?

(ख) पत्र केका विषयमा केन्द्रित छ ?

(ग) विद्यार्थीहरूले कुन कुरा प्रकाशन गर्ने प्रयास गरेका छन् ?

(घ) अबका लागि ई लाइब्रेरी किन आवश्यक देखिन्छ ?

(ङ) विद्यार्थीहरूकुन कुन पुस्तकालयमा शैक्षिक भ्रमण गएका रहेछन् ?

(च) पुस्तकालय व्यवस्थापनका लागि विद्यार्थीहरूले माग गरेका कुनै २ वटा बूँदाहरू उल्लेख गर्नुहोस् ।

**२. कोष्टकमा राखिएको उपयुक्त शब्द छनौट गरी तलका वाक्यहरू पूरा गर्नुहोस् ।**

(क) विद्यालय, कलेज (सरस्वती/गणेश) को मन्दिर हो ।

(ख) विद्यार्थीहरूलाई पाठ्यपुस्तक बाहेक अतिरिक्त ज्ञान तथा पठन संस्कृतिको विकासमा लागि पनि (पुस्तकालय/ प्रतिक्षालय) को आवश्यकता पर्दछ ।

(ग) 'रूम टु रिड' ले विद्यालयमा (पुस्तकालय/भोजनालय) स्थापना गरिदिएको छ।

(घ) (ई लाइब्रेरी/जी. लाइब्रेरी) ले पठन संस्कृतिको विकासमा टेवा पुग्दछ ।

(ङ) पुस्तकहरू व्यवस्थित, सूचीबद्ध गर्नका लागि (लाइब्रेरियन/कमेडियन) को व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

**३. तलका वाक्यहरू ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाउनुहोस् :**

(क) रूम टु रिडद्वारा नेपालको विभिन्न क्षेत्रमा करिब १ हजार ६ सय ५४ भन्दा धेरै पुस्तकालयहरू स्थापना गरिसकेको छ । ( )

(ख) विद्यालयको पुस्तकालय अव्यवस्थित, अपर्याप्त र असुरक्षित अवस्थामा रहेको छ। ( )

(ग) पुस्तकालयमा दैनिक पत्रिका, साहित्यिक पत्रिका, व्याकरण, शब्दकोश पुस्तकहरू थप गर्नु आवश्यक छैन । (    )

(घ) अब समयानुसार इ-लाइब्रेरीको आवश्यकता भएकाले हरेक विद्यालयमा कम्प्युटर, वाइफाई, कम्प्युटर टेबुल आदिको व्यवस्था हुनु उपयुक्त हुन्छ । (    )

(ङ) विद्यालयमा भएका पुस्तकहरू व्यवस्थित, सूचीबद्ध बनाउनका लागि छुट्टै कोठाको मात्र व्यवस्था भए पुग्दछ । (    )

## ४. पढ्नुहोस् र जानकारी लिनुहोस् ।

### गाउँपालिकाको न्यायिक समितिले गर्ने कामहरू :

न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) अर्न्तगतका देहायको विवादको निरुपण (कारबाही र किनारा) गर्ने अधिकार रहेको छ :

- आलीधुर बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
- अर्काको बाली नोक्सानी गरको,
- चरन, घाँस, दाउरा,
- ज्याला, मजुरी नदिएको,
- घरपालुवा पशुपक्षी हराएको वा पाएको,
- ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
- नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
- वार्षिक पच्चीस लाख रुपैयाँ सम्मको बिगो भएको घर बहाल र घरबहाल सुविधा,
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
- आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
- सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
- कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी,पाटीपौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुचाएको,
- सङ्घीय  वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

एकाइ

# ४

# कृषि तथा पशुपक्षीपालन

पाठ ८

# गाईभैंसी पालन

नेपाल कृषिप्रधान देश हो । नेपालमा परम्परागत समयदेखि नै गाईभैंसी पाल्ने प्रचलन छ । गाई र भैंसी फरकफरक भए पनि यिनीहरूको पालनपोषण गर्ने पद्धति एउटै छ । नेपालमा स्थानीय जातका गाईभैंसी र उन्नत जातका गाईभैंसी पालिन्छ । सबै जातका गाई र भैंसी सबै हावापानी र भूगोलमा उपयुक्त हुँदैनन् । हावापानी, भौगोलिक क्षेत्र, स्थानीय परिवेश र वातावरणले कुन ठाउँमा कस्तो जातको गाईभैंसी पालन उपयुक्त हुन्छ भन्ने कुरा निर्धारण गर्दछ । कतिपय ठाउँमा स्थानीय जातकै गाईभैंसी उपयुक्त हुन्छ ।




स्थानीय तथा उन्नत दुवै खालका गाई तथा भैंसीका आआफ्ना विशेषता हुन्छन् । स्थानीय गाईभैंसीहरूमा कम दुध उत्पादन दिने, बाच्छी तथा पाडापाडी ढिलो हुर्कने हुन्छ । स्थानीय जातका ढिलो बाली जाने, दुई बेत बिचको अवधि लामो हुने आदि कमजोरीहरू हुन्छन् । स्थानीय जातका गाईले सरदर एक बेतमा ४५० लिटर मात्र दुध दिन्छ भने क्रस गाईले सोही अवधिमा ३५०० लिटर दुध दिन्छ । त्यस्तै स्थानीय जातका भैंसीले एक बेतमा सरदर ९०० लिटर दुध दिन्छ भने मुर्रा निलीराभी क्रसले १५०० लिटर दिन्छ तर यी गाईभैंसीहरूमा रोग प्रतिरोधात्मक क्षमता ज्यादा हुने, कमजोर व्यवस्थापन तथा स्थानीय आहारा र स्थानीय हावापानीमा हुर्कन सक्ने क्षमता भएकोले अन्य उन्नत गाईभैंसी पाल्न नसकिने क्षेत्रमा स्थानीय गाईभैंसीलाई संरक्षण गरी पाल्नु वा उन्नत

पशुको वर्णशङ्कर गराई पाल्नु उचित हुन्छ ।

उन्नत गाईभैँसीको जात वातावरण अनुकूल नभएमा र कमजोर आहारा तथा गोठ व्यवस्थापन नभएमा उत्पादन तथा स्वास्थ्यमा प्रतिकूल असर पर्छ । यसका साथै रोगसँग प्रतिकार गर्ने शक्ति कम भई मृत्युदर बढी हुने, बाली लाग्ने तर उल्टिइ रहने, परजीवीको समस्या बढी हुने जस्ता समस्या देखापर्छन् ।

## गाई पाल्ने कि भैँसी ?

| गाई | भैँसी |
|---|---|
| आज जन्मेको गाईको बाच्छीले ५ वर्षमा आफूले जन्माएका तथा तिनले पनि जन्माएका ७ सन्तान पैदा गर्छ । | आज जन्मेको भैँसीको पाडीले ५ वर्षमा एक सन्तान मात्र जन्माउँछ । |
| प्रायः दुई महिनामात्र थाक्छ । | प्रायः ४-५ महिनासम्म थाक्ने गर्दछ । |
| बाली गएपछि २८० दिनमा ब्याउँछ । | बाली गएपछि ३१० दिनमा ब्याउँछ । |
| दैनिक १०० लिटरसम्म दुध दिएको रेकर्ड छ । | जतिसुकै राम्रो भैँसीले पनि दैनिक २५ लिटरभन्दा बढी दुध दिँदैन । |
| घरमा सबैलाई सजिलै दुध दिन्छ । | प्रायः एकहाते भएर दुःख दिन्छ । |
| बाच्छाबाच्छी नभए पनि दुध दिन्छ । | पाडापाडी नभएपछि दुध दिन गाह्रो मान्छ । |
| कृत्रिम गर्भाधान गर्दा गर्भाधान दर बढी र गर्भ परीक्षण गर्न सजिलो हुन्छ । | कृत्रिम गर्भाधान गर्दा गर्भाधान दर कम र गर्भ परीक्षण गर्न गाह्रो हुन्छ । |
| भैँसीको तुलनामा कम सुख्खा पदार्थ तथा दाना भए पुग्छ । | गाईको तुलनामा बढी सुख्खा पदार्थ र दाना चाहिन्छ । |
| नेपालमा मासु खपत हुँदैन वा बजार छैन । | नेपालमा मासु खपत हुन्छ र मासुको बजार राम्रो छ । |
| भैँसीभन्दा बढी रोगले आक्रमण गर्दछ । | गाईभन्दा रोग बढी सहन्छ । |
| भैँसीले भन्दा रेशा कम पचाउँछ । | गाईले भन्दा रेशा वा रूखो आहारा बढी पचाउँछ । |
| दुधमा घिउको मात्रा कम हुन्छ । | दुधमा घिउको मात्रा बढी हुन्छ । |

**गाईभैंसीका गोठ बनाउने जमिनको छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

(क) ओभानो, पहारिलो, तुलनात्मक रूपले वरपरभन्दा केही अग्लो र सुरक्षित ठाउँमा ।

(ख) यातायात, बिजुली, पानी तथा बजारको उपलब्धता भएको स्थानमा ।

(ग) प्राविधिक सेवासुविधा, औषधी, दाना आदि उपलब्ध भएको स्थानमा ।

(घ) जङ्गली जनावर नलाग्ने ठाउँमा ।

विनयी त्रिवेणी गाउँपालिकामा पालिने मुख्य पशुहरूमा गाई र भैंसी नै पर्दछन् । यहाँ परम्परागत रूपमै गाईभैंसी पाल्ने प्रचलन छ । गाउँका प्रत्येकजसो घरमा एउटा भैंसी वा गाई प्रायः पालिएकै हुन्छ । स्थानीय जातका गाई र भैंसी पाल्ने पुरानो कृषि प्रणालीलाई अहिले पनि विनयी त्रिवेणीबासी कृषकले निरन्तरता दिएका छन् । स्थानीय हावापानी सहने, पहाडी भेगमा उपयुक्त मानिएका स्थानीय जातका गाईभैंसी पालन यहाँको पशुपालनको मुख्य विशेषता हो ।

वर्तमान समयमा भने विनयी त्रिवेणीमा स्थानीय गाईभैंसीलाई उन्नत जातको प्रजनन गराई नश्ल सुधार गर्न थालिएको छ । स्थानीय जातका भैंसीमा उन्नत जातको राँगोको क्रस  गराई उत्पादन गरिएका भैंसीहरू व्यावसायिक रूपमा उपयुक्त मानिएका छन् । पछिल्लो समय भैंसीको मूल्य लाखौं पर्न थालेपछि कृषकहरू व्यावसायिक भैंसीपालनबाट लाभान्वित भएका छन् । भैंसी नब्याए पनि मासुमा खरिद गर्न सकिने, गाईले भन्दा भैंसीले बढी रोग खप्न सक्ने भएकाले गाईभन्दा  भैंसी पाल्न सजिलो मानिएको छ । तर दुध उत्पादनका दृष्टिले उन्नत जातको गाईपालन उपयुक्त मानिएको छ ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई नजिकैको गाईभैंसी फार्मको स्थलगत अवलोकन गराई गाईभैंसी व्यवसायका सम्भावना, फाइदा र समस्याहरूका विषयमा स्पष्ट पारिदिनुहोस् ।
- गाईभैंसी व्यवसायका लागि चाहिने पूर्वाधार, सम्भावना र चुनौतीका सम्बन्धमा कक्षामा जानकारीमूलक भिडियो सामग्री प्रस्तुत गरी विद्यार्थीहरूलाई छलफलका लागि प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप :**

- शिक्षकको सहयोगमा तपाईंको अभिभावक वा नजिकैको गाईभैंसी पाल्ने कृषकसँग गाईभैंसी व्यवसायका सम्बन्धमा कुराकानी गर्नुहोस् । कुराकानीबाट पाइएका महत्त्वपूर्ण कुराहरू बुँदामा टिपेर कक्षामा प्रस्तुत गर्नुहोस् ।
- गाईभैंसीका लागि विनयी त्रिवेणीमा उपलब्ध हुने डाले घाँसहरूको नामवली तयार पारी देखाउनुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा कहिलेदेखि गाईभैंसी पाल्ने प्रचलन छ ?

(ख) स्थानीय जातका गाईभैंसीका कमजोरीहरू के के हुन् ?

(ग) स्थानीय जातका गाईले सरदरमा एक बेतमा कति लिटर दुध दिन्छ ?

(घ) मुर्रा निलिराभी क्रसले एक बेतमा कति दुध दिन्छ ?

(ङ) विनयी त्रिवेणी गाउँपालिकामा पालिने मुख्य पशुहरू कुन कुन हुन् ?

**२. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) गाईपालन र भैंसिपालनमा हुने भिन्नताहरू केके हुन् ?

(ख) विनयी त्रिवेणीमा गाईपालन वा भैंसीपालन कुन उपयक्त होला ?

**३. तलका ठिक वाक्यहरू कापीमा सार र बेठिकलाई सच्चाएर लेख्नुहोस् :**

(क) नेपालमा गाईभैंसी परम्परागत समयदेखि नै पाल्ने चलन छ ।

(ख) स्थानीय जातका भैंसीले थोरै दुध दिन्छन् ।

(ग) उन्नत गाईले भैंसीले भन्दा बढी रोग सहन्छ ।

(घ) भैंसीको मासु खपत हुँदैन ।

(ङ) भैंसी गाईको तुलनामा छिटो थाक्छ ।

(च) विनयी त्रिवेणीमा व्यावसायिक हिसाबले गाईभैंसी पालिएको छ ।

## ४. खाली ठाउँ भर्नुहोस् :

(क) नेपालमा गाईभैंसी ........ व्यवसाय हो । (आधुनिक/परम्परागत)

(ख) ..... दुधमा घिउको मात्रा कम हुन्छ । (गाई/भैंसी)

(ग) गाई प्रायः ....... मात्र थाक्छ । (तिन महिना/दुई महिना)

(घ) गाईले प्रायः ...... दुध दिन्छ । (एक जनालाई/सबैलाई)

पाठ ८

# विनयी त्रिवेणीका जडीबुटीहरू

भाइबहिनीहरू हो ! विनयी त्रिवेणी प्राकृतिक विविधता भएको गाउँपालिका हो । राँकाचुलीको डाँडादेखि नारायणीको किनारसम्मको भौगोलिक विभिन्नताका कारण यहाँ विभिन्न किसिमका वनस्पतिहरू पाइन्छन् । ती वनस्पतिहरूमध्ये करिब एक सय पन्ध्र प्रकारका जडीबुटीहरू प्रयोगमा रहेको पाइएको छ । विनयी त्रिवेणी गाउँपालिकालाई जडीबुटीको भण्डार भने पनि हुन्छ । यहाँ पाइने जडीबुटीहरू अत्यन्त लाभकारी रहेका छन् । मानिसहरू बिरामी हुँदा आफ्नो घरको छेउछाउमा भएका जडीबुटीको प्रयोग गर्दै आएको पाइन्छ । सामान्यदेखि निकै जटिल रोगहरूमा स्थानीय जडीबुटीका प्रयोगबाट मानिसहरू सन्चो हुँदै आएको देखिन्छ ।








विनयी त्रिवेणीमा पाइने जडीबुटीहरूको व्यावसायिक खेती गर्न सकिन्छ । यहाँ पाइने कतिपय अत्यन्त दुर्लभ जडीबुटीहरूको संरक्षण गरी त्यसको उत्पादनमा वृद्धि गर्न सके

एकातिर स्वस्थ भइन्छ भने अर्कातिर आम्दानी पनि गर्न सकिन्छ। विनयी त्रिवेणीमा पाइने मुख्य जडीबुटीहरूको नाम तल दिइएको छ-

| क्र.सं | जडीबुटीको नाम | क्र.सं | जडीबुटीको नाम |
|---|---|---|---|
| १ | दुधे झार | २७ | बाह्रमासे फूल |
| २ | बाख्रे लहरो | २८ | दुबो |
| ३ | मरठी सानो | २९ | लुँडे (काँडा भएको र नभएको ) |
| ४ | बिदारी कन्द | ३० | भुईंकाफल |
| ५ | मोथेझार | ३१ | पुनर्नवा |
| ६ | गहते लहरा | ३२ | सहस्रजडी |
| ७ | उरेलो | ३३ | कागती घाँस |
| ८ | हिलेझार | ३४ | खयर रातो |
| ९ | चिया पत्ता | ३५ | गाईतिहार, पहेंलो फुल्ने |
| १० | घिउकुमारी | ३६ | दयालो |
| ११ | रातो घोडताप्रे | ३७ | वरको माथिको जरा |
| १२ | बेतलौरी | ३८ | पिपल |
| १३ | सिकारी लहरा | ३९ | बर्रो |
| १४ | हाडेलसुन | ४० | गैंलची |
| १५ | लेमनग्रास | ४१ | कपुर |
| १६ | गोकपाल | ४२ | हदुवा |
| १७ | कागचुचे | ४३ | करिपत्ता |
| १८ | गाईखुरे | ४४ | कोइरालो |
| १९ | गर्जाहलेदो | ४५ | लसुन |
| २० | भुईंचम्पा | ४६ | फूलथुङ्गे, सयपत्री |
| २१ | पहारी दुधिलो | ४७ | दुधेझार |
| २२ | सेतो मालती | ४८ | अशोक |

| | | | |
|---|---|---|---|
| २३ | सिल्टीमुर | ४९ | नागजुनी |
| २४ | महभ्कार | ५० | दाठ |
| २५ | शिखउरी | ५१ | स्मलगोल |
| २६ | जनैलहरा | ५२ | बाट्ुलपाते |
| ५३ | निलो हलेदो | ८३ | अनन्तमूल |
| ५४ | वनकपास | ८४ | चिप्लेभेन्डी |
| ५५ | खोलेहर्चुर | ८५ | बज्रदन्ती |
| ५६ | चिनीभ्कार | ८६ | इन्द्र जौ, कुरौ |
| ५७ | कण्ठकारी | ८७ | भृंगीराज |
| ५८ | अजम्बरी | ८८ | आकशतो |
| ५९ | दतिवन | ८९ | रातो पुनर्नवा |
| ६० | गुर्जिगानो | ९० | सहस्रजडीवुटी |
| ६१ | पानी अमला | ९१ | प्रियभ्कार |
| ६२ | रानी सिन्का | ९२ | खयेर रातो |
| ६३ | असुरगन्धा | ९३ | नार्गजुनी |
| ६४ | पाखनभेद | ९४ | दारीगिठो |
| ६५ | कालो मुसली, रातो मुसली | ९५ | इसिङगोल |
| ६६ | गोलकाँक्री | ९६ | अनन्त मुल |
| ६७ | मकोय | ९७ | बादलपाते |
| ६८ | कालीगेडी | ९८ | भिरङगेभ्कार |
| ६९ | विही | ९९ | सुनाखरी, सुनगाभा |
| ७० | सिमली | १०० | पुदिना |
| ७१ | वनपात | १०१ | अम्रिसो |
| ७२ | धुपी | १०२ | रिठ्ठा |
| ७३ | सानो चमेली, ठुलो चमेली | १०३ | गुर्जो |

| | | | |
|---|---|---|---|
| ७४ | कुटि सिमल | १०४ | धँयर, धाइरो |
| ७५ | असुरो | १०५ | वनकाफल |
| ७६ | अमला | १०६ | अमारो |
| ७७ | लजावती | १०७ | चुत्रो, जमानी मान्द्रो |
| ७८ | कराविर | १०८ | सेतो तुलसी |
| ७९ | महादेव फूल | १०९ | चमेली |
| ८० | बेलौती | ११० | सेतो भोल्टाप्रे |
| ८१ | अनार, दाडिम | १११ | हरियो घिउकुमारी |
| ८२ | पारिजात | ११२ | कालीझार, बनमासा |

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विनयी त्रिवेणीमा पाइने जडीबुटीहरूको सूची बनाई विनयी त्रिवेणीको नक्सामा तिनीहरू पाइने सम्भाव्य क्षेत्रहरूको स्थान देखाइदिनुहोस् ।

**क्रियाकलाप :**

- तपाइँ बसेको स्थान वरपर पाइने जडीबुटीहरू कुन कुन हुन् ? तालिकाबाट छुट्याएर लेख्नुहोस् ।
- तपाइँको घर वरपर पाइने कुनै पाँच प्रकारका जडीबुटीहरू ल्याएर कक्षामा देखाउनुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) विनयी त्रिवेणीको भौगोलिक विभिन्नताका बारेमा लेख्नुहोस् ।

(ख) विनयी त्रिवेणीमा कति प्रकारका जडीबुटीहरू पाइन्छन् ? आफूलाई मनपर्ने कुनै पाँच प्रकारका जडीबुटीको नाम लेख्नुहोस् ।

**परियोजना कार्य :**

- विद्यालय परिसरमा सम्भव भएसम्मका जडीबुटीहरू ल्याएर रोप्नुहोस् र त्यसको हेरचाह गर्ने जिम्मा पनि कक्षा सातले नै लिनुहोस् ।

पाठ १०

# प्राङ्गारिक कृषि

## परिचय :



साधरणतया प्राङ्गारिक खेती भन्नाले रासायनिक मल र विषादीको प्रयोग नगरी गरिने खेती बुझिन्छ । प्राङ्गारिक कृषि भन्नाले कृषि, वातावरण तथा मानव स्वास्थमा नकारात्मक प्रभाव पार्ने मल, बिउ, विषादी, सामग्री, विधि तथा व्यवहारहरूको प्रयोग नगरीकन स्वस्थ, सभ्य र स्वच्छ तरिकाले सञ्चालन गरिने कृषि उत्पादन प्रणाली भन्ने बुझिन्छ । विशेष गरी प्राङ्गारिक खेतीमा कृत्रिम तरिकाबाट बनाइएका रासायनिक मलखाद, विषादी आदिको निषेध गरिएको हुन्छ । मानव इतिहासको कृषियुग सुरू भएदेखि नै वास्तवमा प्राङ्गारिक खेती गरिन्थ्यो । जब-जब मान्छेले आफूलाई विकास गर्दै लग्यो तब-तब ज्ञान विज्ञानका क्षेत्रमा अभूतपूर्व परिर्वतनहरू देखापर्न थाले । त्यसको प्रभावबाट कृषि क्षेत्र पनि अछुतो रहन सकेन । खासगरी औद्योगिक क्रान्तिको युगदेखि कृषिभूमि, जलवायु र वातावरणमा नकारात्मक प्रभाव पार्ने कर्महरू हुन थाले । ती प्रभावहरूलाई कम गर्न कृषिमा प्राङ्गारिक खेतीको अवधारणाले स्थान पाउन थाल्यो ।

### प्राङ्गारिक कृषिको सिद्धान्त

- दीर्घकालीन रूपमा माटोको सन्तुलन तथा उर्वराशक्ति कायम गर्ने
- पर्याप्त मात्रामा उच्च गुणस्तरयुक्त पोसिलो खानाको उपलब्धता बढाउने
- दीगो कृषि प्रणालीको विकास गर्ने

- स्थानीय स्तरमा खाद्य उत्पादन प्रणाली चक्र अपनाउने
- भावी पुस्तालाई ध्यान दिई स्वच्छ वातावरणमैत्री तवरबाट भू-उपयोग गर्ने

## प्राङ्गारिक खेतीको महत्व

- प्राङ्गारिक खेती गर्न अन्य खेती प्रविधिभन्दा सस्तो छ ।
- प्राङ्गारिक खेती गर्दा भूक्षय कम हुन्छ ।
- माटोको उर्वराशक्तिमा समेत वृद्धि हुन्छ ।
- माटोको अम्लीयपन तथा क्षारीयपन सन्तुलन राख्नमा मद्दत गर्छ ।
- खेती गर्न लाग्ने खर्च कम हुन्छ ।
- प्राङ्गारिक खेती वातावरणमैत्री हुन्छ ।
- प्राङ्गारिक खेतीबाट उत्पादित उपजले मानव स्वास्थ्य ठीक राख्न मद्दत गर्छ ।
- जैविक विविधता संरक्षणमा मद्दत गर्छ ।

## प्राङ्गारिक कृषिका समस्या र चुनौती

- आफ्नो उत्पादनलाई प्रमाणीकरण गर्न चाहेमा प्रमाणीकरण प्रक्रिया सुलभ नभएको ।
- बजारको सहजता नभएको
- उचित मूल्य प्राप्त गर्न नसकिएको
- पर्याप्त ज्ञानको कमी रहेको
- खाद्य सङ्कटको सामना गर्न असमर्थ प्रायः देखिने

## प्राङ्गारिक खेती गर्दा ध्यान दिनुपर्ने कुराहरू :

- माटोको प्राङ्गारिक पदार्थको मात्रा ५ प्रतिशतभन्दा बढी पुऱ्याउन प्राङ्गारिक पदार्थको व्यवस्थापन राम्ररी गर्ने,
- कम्पोस्ट मलको पर्याप्त व्यवस्था गर्ने
- हरिया मलका स्रोतहरूको उपयोग गर्ने ,
- बालीचक्र प्रणाली अपनाउने
- माटोमा निमाटोडको प्रकोप कम गर्न सयपत्री फूलको खेती गर्ने ।

प्राङ्गारिक खेती गर्नु सबैभन्दा उत्तम कर्म हो । यसले मानवको स्वास्थ्यलाई हित त गर्छ नै । मानवीय जीवनको सुरक्षामात्र नभई सम्पूर्ण चराचर जगत्को कल्याण गर्नु मानवीय कर्तव्य पनि हो । आज प्राङ्गारिक खेतीबाट अलग भएको जमिनलाई पुनः सोही

अवस्थामा फर्काउन र प्रमाणीकरण गर्न केही आधारभूत पूर्वसर्तहरू निर्धारण गरिएका छन् । पूर्वसर्तहरूको अधीनमा रही सर्त पूरा भएपश्चात् प्रमाणपत्र लिएर कार्य गर्नु उपयुक्त हुन्छ ।



**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई प्राङ्गारिक खेती गरिएको पकेट क्षेत्रमा लगी निरीक्षण गराउनुहोस् । स्रोतव्यक्तिसँग भेट गराई छलफल गराउनुहोस् ।
- गाउँपालिकाका कृषिशाखाका कर्मचारीलाई स्रोत व्यक्तिका रूपमा सहजीकरणका निम्ति अनुरोध गर्न सक्नुहुन्छ ।

**क्रियाकलाप :**

- कृषिविज्ञको सल्लाह लिएर आफ्नो करेसाबारीमा प्राङ्गारिक खेती गर्नुहोस् ।
- आफ्नो वडामा भएको कुनै प्राङ्गारिक खेतीको अवलोकन गरी त्यसका प्रक्रियाबारे लेख्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) प्राङ्गारिक खेती भन्नाले के बुझिन्छ ?

(ख) प्राङ्गारिक खेतीका सिद्धान्तहरू उल्लेख गर्नुहोस् ।

(ग) प्राङ्गारिक कृषिका समस्या र चुनौतीहरू उल्लेख गर्नुहोस् ।

(घ) प्राङ्गारिक खेती गर्दा केके कुरामा ध्यान दिनुपर्छ ? लेख्नुहोस् ।

(ङ) प्राङ्गारिक खेतीको महत्व लेख्नुहोस् ।

## २. खाली ठाउँ भर्नुहोस् :

(क) ....................खेती भन्नाले रासायनिक मल र विषादीको प्रयोग नगरी गरिने खेती बुझिन्छ ।

(ख) मानव इतिहासको ................. सुरू भएदेखि नै वास्तवमा प्राङ्गारिक खेती गरिन्थ्यो ।

(ग) प्राङ्गारिक खेती गर्न अन्य खेती प्रविधिभन्दा ....................छ ।

(घ) .............................. खेती वातावरणमैत्री हुन्छ ।

(ङ) मानवीय जीवनको सुरक्षामात्र नभई सम्पूर्ण .................... जगत्‌को कल्याण गर्नु मानवीय ................. पनि हो ।

## पढ्नुहोस् र गाउँपालिकाको असल अभ्यासको जानकारी लिनुहोस् :

विनयी त्रिवेणी गाउँपालिकाले वातावरणमैत्री कृषि प्रवर्द्धनका लागि नयाँ पहल गरेको छ । गाउँपालिकाले वनका पातपतिङ्गरबाट जैविक मल उत्पादन गरी बिक्री सुरू गरेको हो । यसरी उत्पादन गरिएको मल किसानहरूलाई सस्तो मूल्यमा उपलब्ध गराउन थालिएको छ ।

'विनयी जैविक मल उत्पादन उद्योग' सञ्चालन गरेर जैविक मल उत्पादन सुरू गरिएको हो । विनयी त्रिवेणी गाउँपालिका-१, दुम्कीवासमा रहेको विनयी सामुदायिक वन उपभोक्ता समूहमा स्थापना गरिएको यस उद्योगले अहिले मल उत्पादन गरी बिक्री गर्न थालेको छ । यो वर्ष २५ मेट्रिक टन जैविक मल उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

सुरूमा सामुदायिक वनको पहलमा सुरू भएको यो अभियानलाई गाउँपालिकाले गत वर्षदेखि पूर्ण रूपमा स्वामित्व लिँदै उद्योगका रूपमा अगाडि बढाएको हो । मलको

गुणस्तर सुनिश्चित गर्न विज्ञहरूको सहयोगमा माटो र मलसम्बन्धी अनुसन्धानसमेत गरिएको छ ।

गाउँपालिकाभित्र रहेका ४१ सामुदायिक वन, दुई धार्मिक वन र दुई मध्यवर्ती वनलाई क्रमशः यो उद्योगसँग जोड्ने योजना रहेको छ । उत्पादन प्रक्रियामा वनबाट सङ्कलन गरिएको स्याउला तथा घाँस पातलाई मल बनाउन ९० दिन लाग्छ । यसका लागि विनयी सामुदायिक वनका ८० जना उपभोक्ता सक्रिय रूपमा कार्यरत छन् ।

उद्योगबाट उत्पादन गरिएको मल गाउँपालिकाभित्र किसानहरूलाई प्रति केजी २० रूपैयाँ र बाहिरका किसानहरूलाई प्रति केजी २५ रूपैयाँमा उपलब्ध गराउन थालिएको छ ।

गाउँपालिकाको यो प्रयासले जैविक मल उत्पादन बढाउन मात्र नभई वन संरक्षण र किसानहरूको उत्पादन लागत घटाउन मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

एकाइ ५

# उद्यमशीलता

पाठ ११

# घरेलु उद्योग

घरेलु उद्योगले घरघरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । यसका साथै नेपालको ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोग गरी कृषिबाट फूर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यकता पूर्तिका लागि गर्ने व्यवसायलाई घरेलु उद्योग भनिन्छ । घरेलु तथा साना उद्योगअन्तर्गत ऊनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिँडी उद्योग, माटो उद्योग, दुग्ध उद्योग, बाँस-वेतसम्बन्धी उद्योग, धान कुट्ने तेल र उखु पेल्ने उद्योग र घरेलु छाला उद्योग, साबुन उद्योग समेत आउने गर्छन् ।



औद्योगिक व्यावसायिक ऐन २०७६ का अनुसार परम्परागत सिप र प्रविधिमा आधारित, श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित, इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा ५०

किलोवाटसम्मको क्षमताको विद्युतीय प्रयोग गरेको उद्योगलाई घरेलु उद्योग भनिएको छ। ग्रामीण औद्योगीकरणभित्र हामीले कृषिमा आधारित विशेष उद्योग जस्तैः पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि उद्योगलाई समावेश गर्न सकिन्छ। प्रायः गरेर कुटीर उद्योगहरू ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्धित हुन्छन्। हाते तानमा कपडा बुन्नु, राडी पाखी, कार्पेट, गलैचा, सुकुल, चटाई टोकरी बुन्नु, तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातुका भाँडाकुँडा बनाउनु, माटाका भाँडाहरू बनाउनु, गहनाहरू बनाउनु, क्युरियोका सामान बनाउनु इत्यादि नेपालका विभिन्न प्रकारका कुटिर घरेलु उद्योग हुन्। नेपालका उद्योग धन्दाहरूमध्ये घरेलु उद्योगको धेरै योगदान छ। लगभग कुल उद्योगको ९० प्रतिशतभन्दा बढी योगदान घरेलु तथा साना उद्योगहरूको रहेको छ।

बढ्दो श्रमशक्तिलाई स्थानीय स्तरमै स-साना व्यवसाय खोली रोजगारी प्रवर्द्धन गर्नु आवश्यक छ। स्थानीय श्रम, सिप र कच्चा पदार्थमा आधारित व्यवसायको सिर्जना गर्न सकिएमा त्यस्ता व्यवसाय टिकाउ हुन सक्छन्। बाह्य आयातित सिप र कच्चा पदार्थमा आधारित उद्योगको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सिपअनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहेको छ। नेपाल सरकारले देशमा दक्ष जनशक्तिको उत्पादनबाट स्थानीयस्तरमा आयमूलक रोजगारीका अवसरहरू सिर्जना गर्न विभिन्न किसिमका सिप तथा व्यवसायमूलक तालिमहरू सञ्चालन गर्दै आएको छ। घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरूबाट मात्र वार्षिक करिब २० हजारभन्दा बढीलाई ८० भन्दा बढी विषयमा सिपमूलक तालिम दिँदै आएको छ।

घरेलु उद्योगअन्तर्गत विभिन्न कुराहरू पर्दछन्। ह्यान्ड लुम, पेडल लुम, सेमी-अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ र बुनाइका उद्योगहरू पर्दछन्। ऊन र रेशममा आधारित हाते बुनाइका राडी पाखी, गलैंचा, पस्मिना, पोसाक आदि पर्दछन्। हाते कागज र सोमा आधारित वस्तु, परम्परागत कलामा आधारित वस्तु, परम्परागत मूर्तिकला तामा, पित्तल, ढलौट, काँस

र जर्मन सिल्भरजस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान पनि यस अन्तर्गत पर्दछन् । फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू, सुन, चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू, बहुमूल्य, अर्धबहुमूल्य तथा साधारण पत्थर जडान भएकासमेत यस अन्तर्गत पर्दछन् । ग्रामीण ट्यानिङ/छालाबाट हस्तनिर्मित वस्तुहरू, जुट, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग, पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरू), पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला, मुकुन्डो तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना पनि घरेलु उद्योगका क्षेत्र हुन् । परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु, काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा निर्माणसँग सम्बन्धित उद्योगहरू पनि यस अन्तर्गत पर्दछन् ।

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको लागि ठुला ठुला उद्योगहरूको दाँजोमा साना तथा घरेलु उद्योगहरू नै ज्यादै उपयोगी छन् । कृषि व्यवसायको विकास तथा विस्तारले औद्योगिक विकासमा सघाउ पुर्‍याउँछ । नेपालमा विगतदेखिका औद्योगिक क्रियाकलापलाई हेर्दा कृषि क्षेत्रबाट साधनहरू प्राप्त गरी प्रशस्त मात्रामा उद्योग-व्यवसायहरू सञ्चालनमा रहेको पाइन्छ । त्यस्ता उद्योग-व्यवसायहरू ग्रामीण क्षेत्रमा परम्परागत रूपमा चलेका पनि छन् तथा कतिपय आधुनिक सङ्गठित उद्योगका रूपमा स्थापना पनि भएका छन् । ग्रामीण क्षेत्रमा बिस्कुट पाउरोटीहरू बनाउने, सानातिना मिल सञ्चालन हुने, तेल पेल्ने, अमिलो पेलेर टिकाउ बनाउने, छुर्पी, घिउ आदि बनाउने कार्य विगत लामो समयदेखि चल्दै आएका कार्यहरू हुन् । यिनीहरू परम्परागत सिप, प्रविधिको आधारमा नै सञ्चालनमा रहेका छन् । यसका साथसाथै नेपालमा करिब ६ दशकभन्दा अघिदेखि विभिन्न किसिमका उद्योगहरू स्थापना गरिँदै आएका छन् । साना तथा ठुलास्तरमा स्थापित उद्योगहरू विभिन्न क्षेत्रसँग सम्बन्धित

छन् । त्यस्ता उद्योगहरूमध्ये कृषिजन्य उद्योगहरू पनि महत्त्वपूर्ण स्थानमा रहेका छन् । कच्चा पदार्थका रूपमा कृषिजन्य उत्पादनलाई लिएर उत्पादन प्रक्रियाहरू सञ्चालन गर्ने सङ्गठित उद्योगमा जुट, चिनी, खाद्यवस्तुमा आधारित उद्योगहरू, चुरोट उद्योगहरू, कपास प्रशोधनसम्बन्धी उद्योगहरू, फलफूलमा आधारित पेय पदार्थ तयार गर्ने उद्योगहरू यसमा पर्छन् ।

नेपालमा घरेलु तथा साना उद्योगहरूले भोग्नुपर्ने मुख्य कठिनाइहरूमध्ये विदेशमा आधुनिक यन्त्र उपकरणद्वारा ठुलो आकारमा उत्पादित सस्तो र राम्रो औद्योगिक वस्तुहरूसँग सामना गर्नुपरेको मुख्य तीव्र प्रतिस्पर्धा हो । पुँजीको अभावमा कुनै पनि उद्योगहरू फस्टाउन पाउँदैन । घरेलु उद्योगमा लागेका व्यक्तिहरूसँग आफ्नो व्यवसाय बढाउन आवश्यक पुँजी छैन । यसले गर्दा पनि घरेलु उद्योगको विकासमा बाधा पुऱ्याएको छ । घरेलु उद्योगको लागि चाहिने कच्चा वस्तुहरूको पनि ठुलो अभाव छ । एक ठाउँमा भएको कच्चा वस्तुलाई अर्को ठाउँमा लैजान कठिनाइ भएको छ । घरेलु तथा साना उद्योगमा लागेका अधिकांश कामदार अप्रशिक्षित तथा अदक्ष छन् । नेपालमा घरेलु तथा साना उद्योगहरू स्वस्थ वातावरणमा विकसित भएका छैनन् । कुनै कुनै घरेलु उद्योगहरू बिलाएर गइसकेका छन् र कुनै-कुनै त्यसै नराम्रो स्थितिमा परिरहेका छन् । सम्भावित उद्योगहरू पनि राम्ररी विकसित हुन सकेका छैनन् । यी उद्योगहरूको पुनरूत्थान तथा विकासका लागि आजसम्म भएका प्रयासले सन्तोषजनक उपलब्धि हासिल गर्न सकेको छैन ।

नेपालजस्तो विकासशील देशले घरेलु तथा साना उद्योगको क्षेत्रमा बढी मात्रामा विकास गर्नु अति नै आवश्यक देखिएको छ । तर, यसमा धेरै समस्या तथा बाधाहरू छन् जसले गर्दा घरेलु तथा साना उद्योग फस्टाउने मौका पाएका छैनन् । ठुलो-ठुलो उद्योगहरूबाट विभिन्न किसिमका आधुनिक तथा वैज्ञानिक ढङ्गले थरिथरिका डिजाइन भएको वस्तुहरू उत्पादन हुन्छ । तर, घरेलु उद्योगमा मानिसहरूबाट पुरानो डिजाइनको वस्तु उत्पादन हुन्छ र रङ्गीबिरङ्गी हुँदैन । साथै घरेलुका उत्पादित वस्तु महङ्गो पनि हुन्छ । यसैले गर्दा

घरेलु उद्योगको बजार फस्टाउन सकेको छैन । घरेलु उद्योगको विकासमा एउटा महत्त्वपूर्ण बाधा आधुनिक उद्योगहरूसँगको प्रतिस्पर्धा हो । हातले बनेका सामानहरूले मेसिनबाट बनेका सामानहरूसँग कुनै हालतमा प्रतिस्पर्धा गर्न सक्दैनन् । हातले बनेका सामानहरू महङ्गो मात्र होइन कि रूप र आकारमा पनि राम्रा हुँदैनन् । मेसिनसँग घरेलु उद्योगले प्रतिस्पर्धा गर्न कठिन हुने कुरा स्वाभाविक नै हो । नेपालमा घरेलु उद्योगलाई विदेशी वस्तुबाट प्रतिस्पर्धी हुनपर्दा समस्या बढी नै छ । विदेशी वस्तु सस्तो तथा सुन्दर हुन्छ र यसको माग पनि बढी हुन्छ । तर घरेलु उद्योगका वस्तु टिकाउ भए तापनि सुन्दर हुँदैनन् जसले गर्दा यसको माग बढी हुँदैन । यसको साथसाथै घरेलु तथा साना उद्योगहरूले उचित मात्रामा संरक्षणको अभाव छन् । घरेलु उद्योगको लागि महत्त्व दिने किसिमको वातावरण तयार गर्न सकिएको छैन ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विनयी त्रिवेणी गाउँपालिकाभित्रका महत्त्वपूर्ण घरेलु उद्योगहरूको अवलोकन भ्रमण गराई तिनको महत्त्व र उपयोगिता साथै समस्याहरूका सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप :**

- तपाईंको गाउँ वा छिमेकमा सञ्चालित घरेलु उद्योगहरूको अध्ययन गरी त्यहाँका मुख्य समस्याहरूलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विनयी त्रिवेणी गाउँपालिकामा सञ्चालित घरेलु तथा साना उद्योगहरूको नाम, लगानी, फाइदा, समस्या आदि समेटी एउटा समाचार तयार पार्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) घरेलु उद्योग भनेको के हो ?

(ख) औद्योगिक व्यवसाय ऐन २०७६ ले घरेलु उद्योगलाई कसरी परिभाषित गरेको छ ?

(ग) घरेलु उद्योगले नेपालको कुल उद्योगधन्धामा कस्तो योगदान दिएका छन् ?

(घ) घरेलु उद्योगको मुख्य समस्या के हो ?

(ङ) घरेलु उद्योगले देशको विकासमा कस्तो योगदान दिन सक्छ ?

## २. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालमा घरेलु उद्योगको महत्त्व र उपयोगिता के कस्तो छ ? प्रकाश पार्नुहोस् ।

(ख) घरेलु उद्योगका मुख्य समस्याहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

## ३. चित्र हेरी वर्णन गर्नुहोस् ।



### परियोजना कार्य :

- विनयी त्रिवेणी गाउँपालिकाभित्र पहिले सञ्चालन भएका तर अहिले विभिन्न समस्याका कारण बन्द भएका घरेलु उद्योगहरू के कति छन् ? तिनको नाम, उद्योगको सञ्चालन अवधि, त्यसले पुऱ्याएको योगदान, बन्द हुनुका कारणहरू, पुनः सञ्चालनका सम्भावनाहरू समेटेर एउटा प्रतिवेदन लेख्नुहोस् । (शीर्षक, उद्देश्य, विधि, व्याख्या विश्लेषण, निष्कर्ष)

पाठ १२

# उद्यमशीलता

उद्यम भनेको उद्योग, इलम, जीवननिर्वाहका लागि गरिने काम वा श्रम, मिहिनेत, व्यापार, व्यवसाय, प्रयत्न, प्रयासलाई बुझिन्छ । उद्यमी भनेको उद्योगी, प्रयत्नवान्, परिश्रमी, कर्मशील मानिस भन्ने बुझिन्छ भने उद्योग भनेको आयआर्जनका लागि गरिने काम, पेसा, व्यवसाय हो ।

नेपाली बृहत् शब्दकोशले 'उद्यम' शब्दलाई जीविकाका लागि गरिने उपार्जन वा मिहिनेत र परिश्रमसँग जोडेर व्याख्या गरेको छ । साधारणतया उद्यम र उद्यमशीलता भन्ने शब्दले आफैँमा जोखिम, जोखिम मोल्ने व्यक्ति र जोखिम मोल्ने क्षमता भन्ने बुझाउँछ ।










उद्यम गर्ने भनेको ठुलाठुला उद्योग र कलकारखाना मात्र होइन र हामीले जीविकोपार्जनका लागि गरिने व्यापार, सेवा, उद्योग, व्यवसाय सबै उद्यम हुन् । उद्यम गर्ने व्यक्तिसँग कुशलता, सिर्जनशीलता, नवप्रवर्तन र जोखिम वहन गर्ने क्षमता हुनुपर्छ ।

उद्यम लगानी गरेर तुरुन्तै प्रतिफल आउने विषय होइन । विभिन्न माध्यमबाट

लगानी गरेर फाइदा हुन धेरै पर्खनुपर्छ । उद्यमले प्रतिफल दिन लामो प्रक्रिया पूरा गर्नुपर्छ भने समय पनि धेरै लाग्छ । तर राम्रोसँग गर्ने हो भने लगानी गरेको छोटो समयमा नै प्रतिफल पाउन सकिन्छ ।

कतिपय मानिसले उद्यम र व्यापारलाई एउटै जस्तो बुझ्छन् । तर उद्यम र व्यापार भन्ने कुरामा धेरै फरक छ । कुनै पनि वस्तु खरिद गर्नु र खरिद गरेको वस्तुलाई केही नाफा राखेर बेच्नुलाई व्यापार भनिन्छ । यस्तै विभिन्न किसिमका कच्चापदार्थ किनेर प्रशोधन गर्ने र त्यसबाट नयाँ 'प्रोडक्ट' बनाएर बजारमा अथवा ग्राहकसँग बेच्ने अवस्थामा पुऱ्याउनु उद्यम हो ।

उद्यमको सुरूवात जीविकोपार्जन गर्नकै लागि हुन्छ । तर जब उद्यमले आकार ग्रहण गर्दै वृद्धि हुँदै जान्छ तब त्यो जीविकोपार्जनमा मात्रै सीमित हुँदैन । त्यसले अरुअरु उद्यमका सम्भावनाको खोजी गर्दै जान्छ । कारोबार बढाउँदै जान्छ । धेरैलाई रोजगारी दिने क्षमता राख्छ । राज्यलाई कर तिरेर धनी बनाउँछ । त्यसैले साँचो अर्थमा उद्यमको विकासविना देश विकास हुँदैन । उद्यमको विकास हुँदा त्यसबाट राज्यलाई धेरै फाइदा हुन्छ । यसबाट आयात घट्छ र निर्यात बढ्छ । उद्यमको विकास हुँदा राज्यको व्यपार बढ्छ, व्यक्ति-व्यक्तिमा सीप र दक्षताको विकास हुन्छ । अनुसन्धान र खोजको विकास भएर नयाँनयाँ प्रविधि पहिल्याउन सकिन्छ ।

यदि कुनै व्यक्ति आँप बेचेर नाफा कमाउन चाहन्छ भने उसले बजारमा थोक मूल्यमा आँप किन्छ र केही नाफा लिएर बेच्छ । यहाँ पनि नाफा हुन्छ । यो व्यापार हो तर उद्योग होइन । तर कसैको लक्ष्य सस्तोमा आँप किनेर महँगोमा नाफा खाएर बेच्नु नभएर आँप उत्पादन नै गरेर बेच्ने हो भनेमात्र उसमा उद्यमी हुने गुण छ । आँप फल्ने बनाउन धेरै सानो बिउको दानालाई भुइँमा रोप्नुपर्छ । त्यसलाई उमार्न, हुर्काउन, हावाहुरी र वस्तुभाउबाट बचाउन, घामपानी, मलखादको मात्रा मिलाएर स्याहार गर्न, दुष्ट किराहरूबाट बचाउन धेरै नै मिहिनेत गर्नुपर्छ । जब कि यो वेलामा त्यो बिरूवाले कुनै प्रकारको आम्दानी वा फाइदा दिँदैन । बरू सानो ठक्करले त्यसको ज्यानै पनि जान सक्छ । तर जब त्यो बिरूवा

हुर्कँदै जान्छ, त्यसले जमिनबाट आफैं खाने तत्त्व लिन सुरू गर्छ । हावाहुरी थेग्न सक्ने हुन्छ । कसैले एउटा हाँगो काटेछ नै भने पनि खासै फरक पर्दैन । जनावर र साधारण दुष्ट किराले पनि नोक्सानी पुऱ्याउन सक्तैनन् । जब यो बिरूवा ठुलो हुन्छ तब यसको हेरचाह धेरै गर्नुपर्दैन तर यही बेला यसले फल दिन सुरू गर्छ । फलमात्रै दिँदैन, शीतलता दिन्छ, ओत दिन्छ, घाँसदाउरा दिन सक्छ र बूढो भएपछि काठ पनि दिन सक्छ । यसले मानिसको जीवनजत्तिकै लामो अवधिसम्म आम्दानी दिइरहन सक्छ । उद्यम भनेको यही हो ।

व्यापारमा जोखिम कम हुन्छ तर उद्यममा जोखिम बढी हुन्छ । व्यापार अल्पकालीन नाफाको बाटो हो भने उद्यम दीर्घकालीन बाटो हो । उद्यमी हुन चाहनेले परसम्मको भविष्य देख्नुपर्छ । जोखिम लिन र लगानी गर्ने आँट गर्नुपर्छ । वास्तवमा उद्योग राष्ट्रको र समाजको सम्पत्ति हो । यसले समाजमा धेरै मानिसलाई जोड्छ । धेरैलाई रोजगारी जुटाइदिन्छ भने राज्यलाई कर तिर्छ । नेपालमा उद्योगको जग नै धेरै सानो छ । मानिसमा उद्यमी हुने आँट र चेतना धेरै छैन । लगानी गरेर पर्खने धैर्य छैन । उद्यमी हुँदाको फाइदाका बारेमा स्पष्टता छैन । त्यसैले मानिस लगानी गर्ने पैसा भए पनि उद्योगमा लगानी गर्न हच्किन्छन् । उद्योग सञ्चालन गर्न निकै उन्नत स्तरको व्यवस्थापकीय क्षमता चाहिन्छ ।

## सफल उद्यमी वा स्वरोजगार व्यक्तिमा हुनुपर्ने गुणहरु

एउटा उद्यमीले व्यवसायलाई राम्रोसँग सञ्चालन गर्नका लागि विभिन्न क्रियाकलाप गर्नुपर्ने हुन्छ । साधारणतया एउटा सफल उद्यमी वा स्वरोजगार व्यक्तिमा निम्नअनुसारका गुणहरू हुनुपर्छ :

(क) **मौकाको खोजी** : एउटा उद्यमीले सधैं व्यावसायिक अवसरको पहिचान गर्ने र त्यसबाट फाइदा लिने प्रयास गरिरहेको हुन्छ । उदाहरणका लागि यस्तो उद्यमीले आफूले गर्न चाहेको व्यवसायको बजारको खोजी गर्ने, वस्तु विकास गर्ने आदि कार्यहरू गरिरहेको हुन्छ । त्यसैले व्यवसायमा सफल हुन मौकाको खोजी गर्ने

बानीको विकास गर्नुपर्छ ।

**(ख) धीरता :** उद्यमी त्यो व्यक्ति हो, जो आफूले लिएको चुनौतीपूर्ण कार्यमा सफल हुन निरन्तर प्रयास गरिरहन्छ । उद्यमीहरू सधैँ आफ्ना कार्यप्रति सचेत हुन्छन् । उनीहरू आफ्नो लक्ष्यमा प्रस्ट हुने हुँदा उनीहरूले त्यसलाई कार्यरूप दिएर निरन्तर अगाडि बढ्छन्, जसले उनीहरूलाई सफलता तिर डोऱ्याउँछ । उद्यम र व्यवसाय सञ्चालन गर्दा त्यसमा कहिले नाफा र कहिले घाटा पनि हुन सक्छ तर जस्तो अवस्थामा पनि धैर्यवान् भएर काम गर्नु उनीहरूको एउटा विशेषता हो ।

**(ग) कार्यप्रति दृढता :** कामप्रति दृढ रहने भावना उद्यमीलाई सफल बनाउने महत्त्वपूर्ण गुणहरूमध्ये एक हो । यदि उद्यमी आफ्नो कार्यमा दृढ छ, अथवा आफूले गरेको व्यवसायलाई सफल बनाउन लागिपरेको हुन्छ भने उसको व्यवसाय र उसले उत्पादन गरेको वस्तु वा प्रदान गरेको सेवाप्रति नै ग्राहकको विश्वसनीयता बढ्दै जान्छ । यसबाट व्यवसायीको ख्याति पनि बढ्दै जान्छ ।

**(घ) दक्ष र गुणात्मक कामको चाहना :** उद्यमीले सधैँ अहिलेको भन्दा राम्रो, छिटो र कम मूल्यमा कसरी गुणस्तरीय वस्तु उत्पादन गर्ने भन्ने बारेमा नयाँ नयाँ उपायहरूको खोजी गरिरहेको हुन्छ अर्थात् अरुको तुलनामा राम्रो वस्तु उत्पादन गर्ने, त्यो वस्तुमा देखिएका कमीकमजोरीहरू हटाउने, कम समयमा र कम लागतमा राम्रो वस्तु उत्पादन गरी उपभोक्तालाई सन्तुष्टि प्रदान गर्नेतर्फ लागेको हुन्छ ।

**(ङ) मध्यम खालको जोखिम लिने :** हरेक व्यवसायमा जोखिम हुन्छ । तर कुनै व्यवसायमा बढी, कुनैमा मध्यम र कुनैमा कम जोखिम हुन्छ । अर्को कुरा व्यक्ति-व्यक्तिअनुसार पनि जोखिम लिने क्षमतामा फरक पर्न सक्छ । त्यो मानिसको पारिवारिक अवस्था, खुबी, हिम्मत, अनुभव, पुँजी आदिले निर्धारण गर्ने कुरा हो ।

तर आफ्नो खुबी, क्षमता र सीपअनुसारको जोखिम वा मध्यमखालको जोखिम वहन गर्नु उद्यमीको एउटा महत्त्वपूर्ण विशेषता हो । प्रायः गरेर सफल खालका उद्यमीहरूले व्यवसायका लागि योजना बनाई त्यसमा आइपर्ने जोखिमको पहिचान गरी त्यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने सोचेर मात्र कार्य गर्दछन् ।

**(च) लक्ष्य निर्धारण गर्ने :** उद्देश्य स्पष्ट नगरी काम गर्दा आफ्नो समय र मिहिनेत खेर जाने हुन्छ । सफल रूपमा अघि बढेका उद्यमीहरूले आफूले के काम कहिले गर्ने भन्ने सम्बन्धमा स्पष्ट लक्ष्य निर्धारण गरी त्यहीअनुरूपको कार्य योजना बनाउने र त्यो काम भयो भएन मूल्याङ्कन गर्ने गर्दछन् । यसरी एउटा उद्यमीले हाल आफू कुन अवस्थामा छु र भविष्यमा कुन अवस्थामा पुग्न चाहेको छु भन्ने कुराको निर्णय गरी निश्चित समय तोकेर सोहीअनुसार अगाडि बढ्ने गर्दछन् ।

**(छ) सूचनाको खोजी :** अरु क्षेत्रमा जस्तै व्यावसायिक क्षेत्रमा निरन्तर रूपमा परिवर्तन चलिरहन्छ । त्यसकारण एउटा व्यवसायीले उद्योग/व्यवसायसँग सम्बन्धित सूचनाहरूबारे चासो राख्नु अति आवश्यक हुन्छ । आफ्नो लक्ष्य प्राप्त गर्न वा समस्या समाधान गर्ने कार्यमा आफूलाई आवश्यक सूचनाहरू सङ्कलन गर्न एउटा सफल उद्यमी सधैँ तयार रहनुपर्छ । एउटा व्यवसायीले व्यावसायिक सूचनाहरू प्राप्त गर्न निम्न कामहरू गर्नुपर्ने हुन्छ :

- ☐ विज्ञहरूको सरसल्लाह दिने ।
- ☐ ग्राहकहरूको रूचिका बारेमा जानकारी दिने ।
- ☐ आफ्ना प्रतिस्पर्धीहरूका बारेमा जानकारी लिने ।
- ☐ सरकारी नीतिनियमको प्रभाव आदिबारे जानकारी राख्ने ।
- ☐ सूचना प्राप्त हुने विविध स्रोतहरूसँग सम्बन्ध राख्ने ।

यसरी सङ्कलन गरिएका सूचनाले व्यवसायीको व्यवसायलाई अरु प्रभावकारी बनाउन निकै सहयोग पुग्दछ ।

**(ज) क्रमबद्ध योजना र मूल्याङ्कन :** एउटा सफल उद्यमीले सुरूमै सोचविचार गरेर कुन व्यवसाय गर्ने भन्ने निर्णय गर्दछ । उद्योग स्थापना तथा सञ्चालनका लागि गर्नुपर्ने कार्यहरूको क्रमबद्ध तरिकाले योजना तयार गरी सोहीअनुसार कार्यान्वयनमा अगाडि बढ्छ । व्यवसायीले योजनाअनुसार गरिएका क्रियाकलापहरू सही तरिकाले भयो भएन, भयो भने कति भयो र अब कति बाँकी छ भन्ने कुराको मूल्याङ्कन गर्दछ र सोहीअनुसार अगाडि गरिने कामहरूमा निरन्तरता दिन्छ ।

**(झ) अरूबाट काम लिन र राम्रो सम्बन्ध राख्न सक्ने :** सफल उद्यमी सधैँ आफ्नो उद्देश्यप्रति सजग रहन्छ । काम पूरा गर्न वा समस्या समाधान गर्न वैकल्पिक उपायहरूको खोजीमा निरन्तर लागिरहनुपर्छ । व्यवसायमा विभिन्न क्षेत्र तथा व्यक्ति जस्तैः उपभोक्ता, व्यापारी आदिसँग राम्रो सम्बन्ध स्थापित गर्नु अति नै जरूरी हुन्छ । त्यसकारण एउटा व्यवसायी फरकफरक वातावरणमा भिज्न सक्ने र सम्बन्धित व्यक्तिसँग तुरून्त सम्पर्क स्थापित राखेर आवश्यक रणनीति अपनाई आफ्नो आवश्यकता पूर्ति गर्न सक्ने हुनुपर्दछ ।

**(ञ) आत्मविश्वास :** उद्यमीहरू आफ्नो खुबी र क्षमताप्रति बढी विश्वास गर्दछन् र सकारात्मक भावना लिएर अगाडि बढ्छन् । उनीहरू अरुसँग प्रतिस्पर्धा गर्न डराउँदैनन् । आत्मविश्वास बढ्नुमा विभिन्न कुराले प्रभाव पारेको हुन्छ । जस्तै : पहिलेको सफलता, विषयवस्तुमा जानकारी, बाहृय क्षेत्रबाट सहयोग, सामाजिक परिपाटी आदि । हामीले हाम्रो समाजलाई नियालेर हेर्‍यौँ भने महिलामा आत्मविश्वासको कमी हुनुको प्रमुख कारण समाजले महिलालाई हौसला नदिने र उनीहरूको क्षमतामा शङ्का गर्ने हुनाले हो ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई उद्यम, उद्यमशीलता, व्यापार आदिको अवधारणा स्पष्ट पार्दै उद्यमका लागि प्रेरित गर्नुहोस् । विनयी त्रिवेणीमा उद्यमका लागि भएका प्रयासहरू र समस्याहरूका बारेमा भिडियो सामग्री प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप :**

- तपाइँको गाउँघरमा के-कस्ता उद्यमहरू सञ्चालनमा छन् ? ती उद्यमहरूको नाम, तिनको सञ्चालक, तिनको वर्तमान अवस्था, सम्भावना, समस्या वा चुनौती र सुझाव समेटेर एउटा प्रतिवेदन लेखी शिक्षकलाई देखाउनुहोस् ।
- तपाइँका विचारमा विनयी त्रिवेणीमा के-कस्ता उद्यमका सम्भावनाहरू छन् ?लेख्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :

(क) उद्यम भनेको के हो ?

(ख) उद्यमशीलता भनेको के हो ?

(ग) उद्यम र व्यापारमा के भिन्नता छ ?

(घ) उद्यमका विशेषताहरू केके हुन् ?

(ङ) उद्यमलाई रुखको जीवनकालसँग किन दाँजिएको हो ?

### २. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) उद्यमशील व्यक्तिमा हुनुपर्ने गुणहरू केके हुन् ? लेख्नुहोस् ।

(ख) 'उद्यमको विकास नभएर नै नेपालको विकास पछाडि परेको हो' यो भनाइलाई पुष्टि गर्नुहोस् ।

**परियोजना कार्य :**

- तपाइँले भविष्यमा गाउँमा बसेर के-कस्तो उद्यम गर्ने योजना बनाउनुभएको छ ? तपाइँले योजना बनाएको उद्यमको नाम, त्यसका लागि गर्नुपर्ने पूर्वतयारी, उद्यमका लागि लाग्ने पुँजी तथा श्रम र त्यसको बजारका सम्भावना र समस्याका सम्बन्धमा जानकार मान्छेहरूसँग सोधी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ ६

# अनुशासन, खेलकुद र स्वास्थ्य

पाठ १३

# योगासन

## घोप्टो परेर गर्ने आसनहरू:

हाम्रो विद्यालयमा योगगुरू हुनुहुन्छ । उहाँले हामीलाई हप्तामा तीन दिन योग सिकाउनुहुन्छ । उहाँको नाम यदु सुवेदी हो । उहाँले हामीलाई योगमात्र होइन, नैतिक शिक्षा र अनुशासनका बारेमा धेरै ज्ञान दिनुहुन्छ । हामी उहाँप्रति अत्यन्त आभारी छौँ । आजको छैठौँ घण्टीमा उहाँले हामीलाई घोप्टो परेर गर्ने विभिन्न योग आसनहरू सिकाउँदै हुनुहुन्छ ।

गुरूले हिजै हामीलाई योगासन गर्नका लागि ओछ्याउने चिज ल्याउनू भन्नुभएको थियो । हामी यदु गुरूसँगै विद्यालयको खुला चौरमा गयौँ । त्यहाँ हामीले योगासन गर्न आरम्भ गऱ्यौँ ।

### भुजङ्गासन :



यो आसनमा शरीरको आकृति फणा उठाएको भुजङ्ग अर्थात् सर्पजस्तो बन्ने हुँदा यसलाई भुजङ्गासन या सर्पासन पनि भनिन्छ ।

भुजङ्गासन गर्दा सर्वप्रथम बिछ्याइएको आसनमा घोप्टो परेर सुतौँ । यसो गर्दा दुवै खुट्टाका पन्जा एक आपसमा मिलेका हुनुपर्छ । त्यसपछि खुट्टाको बूढी औँलालाई पछाडिपट्टि खिचौँ । दुवैहात टाउकोतिर पसारौँ । दुवै हत्केलालाई छातीको छेउमा ल्याऔँ । बिस्तारै निधार, घाटी, छाती उठाऔँ । पछाडिपट्टि मोडौँ तर पेट जमिनबाट छुट्नु हुँदैन । पूरै शरीरको वजन

हत्केलामा राखौँ । यस स्थितिमा मेरूदण्डको आखिरी भागमा दबाब केन्द्रित हुन्छ । बीस सेकेन्डसम्म यस स्थितिमा बसौँ । पछि बिस्तारै टाउको तल गरौँ । छाती र टाउको जमिनमा टिकाऔँ । दैनिक एक पटकमा आठ/दस पटक यो आसन गरौँ ।

यो आसन मेरूदण्डका जोर्नी र आसपासका स्नायुमा अधिक शुद्ध रगत मिल्दछ । पिठ्युँको हाडमा हुन सक्ने तमाम खराबीहरू हट्दै जान्छन् । पेटको नसाहरू तन्कने हुँदा त्यहाँ शक्ति प्राप्त हुन्छ । छाती र पेटका रोग हट्नुका साथै यसको विकास हुन्छ । महिलाहरूको गर्भाशय र वोनाशयमा राम्रो प्रभाव पार्दछ र मासिक धर्ममा पीडा हुँदैन । मासिक धर्मसम्बन्धी समस्त समस्या हट्दै जान्छन् । अति श्रमका कारण लाग्ने थकाइ कम हुन्छ । शरीरमा फूर्ति बढाउँछ । कफ, पित्त रोगीहरूका लागि यो आसन लाभदायी छ । यो आसन गर्नाले हाम्रो हृदय बलियो बन्दछ । मधुमेह र छातीसम्बन्धी रोगबाट मुक्ति मिल्दछ । यसले कब्जियतको समस्यालाई भगाउँछ । यो आसन गर्नाले मेरूदण्ड लचिलो बन्दछ । थकाइका कारण ढाड दुखेको छ भने एकैपल्ट मात्रै यो आसन गर्दा पनि दुःखाइ कम हुन्छ ।

### सलभासन :



यो आसन गर्दा सर्वप्रथम पेट र छातीको बलले सुतौँ । हत्केलालाई बूढीऔँलाभित्र पर्ने गरी मुठ्ठी पारौँ । मुठ्ठीलाई तिघ्रामुनि राखौँ, यसो गर्दा हातको पछिल्लो भाग जमिनतिर हुनुपर्दछ । श्वासलाई भित्र तानेर खुट्टालाई एक फुटसम्म बिस्तारै माथि उठाऔँ र केही समयसम्म यो अवस्थामा रहन दिऔँ । अब फर्किंदा खुट्टालाई बिस्तारै जमिनमा राखौँ,

झट्का लगाएर नगरौँ । मुटुका रोगीहरूले भने यो आसन गर्नुहुँदैन ।

यो आसन गर्नाले हाम्रो पेट र आन्द्रालाई बलियो बनाउँछ । यसले महिलाको मूत्राशय एवम् पाठेघरको समस्याबाट सिर्जित रोगहरूमा निकै फाइदा पुऱ्याउँछ । कम्मर दुख्ने समस्यामा यो आसन अति उपयुक्त सिद्ध भएको छ । यसले हाम्रो शरीरका आन्तरिक अङ्गहरू जस्तै : मुटु, कलेजो, फोक्सो, मिर्गौला, पित्तथैली, आन्द्रा आदिलाई मालिसको काम गरिदिन्छ ।

### ग. धनुरासन :



यो आसनमा सर्वप्रथम घोप्टो परेर सुतौँ । घुँडाबाट खुट्टालाई मोडेर कुर्कुच्चा हिपको सिधा माथि पुऱ्याऔँ । दुवैहातले खुट्टाको गोलीगाँठा नजिकै समातौँ र श्वास भित्र तानेर घुँडा, छाती एवम् ढाडलाई क्रमशः माथि उठाऔँ । त्यस्तै पछिल्लो भाग उठाएझैँ पेटको माथिल्ला भागहरू छाती, घाँटी एवम् टाउकोलाई पनि माथि उठाऔँ, यसो गर्दा पेटबाहेक अन्य सबै भाग माथि उठेको हुनुपर्दछ । अब शरीरको आकृति धनुषजस्तै हुन जान्छ । यो स्थितिमा १० देखि ३० सेकेन्डसम्म बसौँ । अब सास छोड्दै क्रमशः पहिलेकै स्थितिमा फर्कौँ । फेरि गर्नका लागि श्वासप्रश्वास सामान्य अवस्थामा आएको हुनुपर्दछ । यसरी ३-४ पटक गरौँ ।

यो आसनले मेरूदण्डलाई लचिलो एवम् स्वस्थ बनाउँछ । हात, काँध, खुट्टाको हाडको दुखाइ तथा ढाड र पेट दुख्ने रोगहरूमा यो आसन अत्यन्त लाभदायी हुन्छ । यो आसन गर्नाले ग्यास्ट्रिक आदि समस्या हट्छ । स्त्रीहरूको मासिक धर्मसम्बन्धी समस्यामा लाभदायी हुन्छ । यो आसनबाट मिर्गौला बलियो हुनुका साथै मूत्रविकार हट्छ । कतिपय

मानिसहरूमा डरका कारणले पिसाब निस्कने समस्या छ भने यो आसन गर्नाले लाभदायी हुन्छ ।

### घ. मयुरासन :



यो आसन गर्दा मयुरको आकृतिजस्तै बन्ने हुँदा यसलाई मयुरासन भनिएको हो । आरम्भमा बिछ्याइएको आसनमा घुँडा टेकेर बसौँ । आफ्नो हातका औँलाहरू खुट्टातिर फर्काएर हत्केलाले टेकौँ । कुहिना मोडेर नाइटोको दुईतिर नरम भागमा राखौँ । अब अगाडि झुक्दै दुवैखुट्टालाई पछाडि तन्काऔँ । सास बाहिर निकाल्दै दुवैगोडालाई माथि उठाऔँ । टाउकाको भाग झुकाऔँ । यसप्रकार पूरा शरीर जमिनको बराबर समानान्तरको स्थिति बनाऔँ, यसो गर्दा शरीरको सम्पूर्ण वजन दुई हत्केलामा मात्र रहोस् । जति सकिन्छ त्यति समय यो स्थितिमा रहौँ । त्यसपछि पहिलेकै अवस्थामा फर्कौँ । यसप्रकार दुई/तीनपटक गरौँ ।

यो आसन गर्नाले पाचनतन्त्रको अङ्गमा रक्तप्रवाह अधिक हुन्छ, जसका कारण ती अङ्गहरू बलिया र क्रियाशील बन्दछन् । यो आसन गर्दा पेटको भित्री भागमा दबाब पर्छ, जसका कारण पेटको शक्तिमा वृद्धि हुन्छ । छातीको दुर्बलता र भोक नलाग्ने तथा अजीर्णपन (अपच) हटाउन यो आसन अति नै उपयोगी हुन्छ ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई घोप्टो परेर गर्ने योगासनहरूको चित्र वा भिडियो प्रदर्शन गर्नुहोस् र यसका फाइदाहरूबारे व्याख्या गरिदिनुहोस् ।
- विद्यार्थीहरूलाई आफ्नो घरमा दैनिक रूपमा नियमित योगाभ्यास गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप :**

- तपाईंले पनि कक्षामा भुजङ्गासन, सलभासन, धनुरासन र मयुरासन गरेर देखाउनुहोस् ।
- तपाईंले आफूले सिकेका योगासनहरू आफ्ना साथीहरूलाई पनि सिकाउनुहोस् ।

## अभ्यास

### १. ठिक भए ठिक बेठिक भए सच्याएर लेख्नुहोस् :

(क) भुजङ्गासन गर्दा सर्पजस्तो हुन्छ ।

(ख) मुटुका रोगीहरूले सलभासन गर्नुपर्छ ।

(ग) धनुरासन गर्नाले पिसाब निस्कने समस्या बढाउँछ ।

(घ) मयुरको आकृति बन्ने हुनाले मयुरासन भनिएको हो ।

(ङ) धनुरासन गर्दा हाम्रो शरीरको आकार डुङ्गाजस्तो हुन्छ ।

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) भुजङ्गासन गर्ने तरिकाबारे लेख्नुहोस् ।

(ख) सलभासन गर्दा हुने फाइदाहरू केके हुन् ?

(ग) धनुरासन कसरी गर्नुपर्छ ? विधिबारे क्रमैसँग लेख्नुहोस् ।

(घ) मयुरासनमा दुवै हातका पन्जाले भुइँमा टेक्दा शरीरको स्थिति कस्तो हुन्छ ?

(ङ) धनुरासनका फाइदाहरू लेख्नुहोस् ।

(च) मयुरासन गर्दा हुने लाभहरू केके हुन् ? सूची बनाउनुहोस् ।

### ३. विनयी त्रिवेणीमा खेलिने खेलहरूको सूची तयार गर्नुहोस् ।

**परियोजना कार्य :**

- गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई भेटी पालिकाभित्र बारम्बार संक्रमणको रूपमा देखापर्ने रोगहरूको बारे जानकारी लिनुहोस् र तिनबाट बच्ने उपाय सहित एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ १४

# स्काउट

## स्काउट परिचय

सेवा, विनम्रता, आज्ञाकारिता, एकता र विश्वसनीयतालाई बोकेर व्यक्ति, समाज र राष्ट्र हुँदै अन्तर्राष्ट्रिय समुदायसम्म पुग्ने क्षमता राख्ने व्यक्ति नै हो स्काउट । हरियो सर्ट र हरियो सारी वा फ्रक लगाएका युवा तथा बालिका स्काउट र खरानी रङको सर्ट र पेन्ट लगाएका बालक तथा युवा स्काउटलाई हामीले विभिन्न सामाजिक काममा निरन्तर लागिरहेको पाउने समूह नै हो नेपाल स्काउट । एउटै पहिरनमा सजिएर एकतामूलक रूपमा राष्ट्रमा आइपरेका विभिन्न विपद्को सामना गर्नसम्म नेपाल स्काउट तत्पर रहँदै आएको छ । अन्तर्राष्ट्रिय समुदायसम्म पुगेर युवा तथा बालबालिकाले आफ्नो ज्ञान, सिप र क्षमतालाई प्रदर्शन गर्दै 'सुन्दर विश्वको सिर्जनाका लागि' अन्तर्राष्ट्रिय समुदायमा राष्ट्रको नाम उचो पार्न सक्ने महत्त्वपूर्ण थलो नेपाल स्काउट बन्दै गएको छ भन्दा कुनै फरक नपर्ला ।

एउटै पहिरनमा सजिएर एकतामूलक रूपमा राष्ट्रमा आइपरेका विभिन्न विपद्को सामना गर्नसम्म नेपाल स्काउट तत्पर रहँदै आएको छ ।

## विश्वमा स्काउटिङ शिक्षा

सन् १९०७ मा लर्ड बेडेन पावेलले २० जना युवा स्काउटलाई साथमा लिएर

सुरू गरेको यो युवा शैक्षिक अभियान आज विश्वका २१६ राष्ट्रमा फैलिसकेको छ । यस अभियानमा विश्वका ३१ मिलियन बढी सक्रिय सदस्य रहेका छन् । सन् १९४० मा लर्ड वेडेन पावेलले आफ्नो मृत्यु अगाडि आफ्ना अनुयायीहरूलाई सधैं यो भनाइलाई याद गर्न भनेका थिए Try and leave This World a little better then you found it (यो संसारलाई आफूले पाएको भन्दा अलिकति राम्रो बनाएर छोड्ने प्रयास गर ।) आज पनि विश्वका सम्पूर्ण स्काउटका गतिविधिहरू यही भनाइका वरिपरि केन्द्रित भएर गरिएको पाइन्छ ।

वि.सं.२००९ सालमा नेपाल स्काउटको स्थापना भए पनि यसले विश्व स्काउटको विधिवत पूर्ण सदस्यता भने वि.सं २०२६ सालमा मात्र प्राप्त गरेको हो ।

## नेपालमा स्काउटिङ शिक्षाको सुरुवात र विकास

नेपालमा प्रजातन्त्रको आगमन लगत्तै वि.सं २००९ साल असार ५ गते राजा त्रिभुवन वीरविक्रम शाहदेवले नेपाल स्काउटको विधिवत रूपमा उद्घाटन गरेका हुन् । वि.सं.२००९ सालमा नेपाल स्काउटको स्थापना भए पनि यसले विश्व स्काउटको विधिवत पूर्ण सदस्यता भने वि.सं २०२६ सालमा मात्र प्राप्त गरेको हो । वि.सं २०३२ सालमा नेपाल स्काउटले युवा कार्यक्रम नीति तय गर्यो र उक्त नीतिकै माध्यमबाट स्काउटिङ गतिविधिलाई निरन्तरता दिइएको पाइन्छ । उक्त नीतिमा ६ वर्षदेखि २५ वर्षसम्मका युवालाई स्काउटिङ शिक्षाका विभिन्न तहमा वर्गीकरण गरेर स्काउटिङ गतिविधिमा समावेश गर्न सकिने उल्लेख गरिएको छ ।

नेपाल स्काउटले जारी गरेको युवा कार्यक्रम नीतिले शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा आध्यात्मिक क्षेत्रबाट बालबालिका तथा युवामा शारीरिक स्वास्थ्य, बौद्धिक क्षमता, बाहिरी क्रियाकलाप, ह्याण्डिक्राफ्ट, गृहसेवा, सेवा तथा चरित्र निर्माण र सम्बन्धको विकासमा जोड दिने जनाइएको छ । युवा कार्यक्रम नीतिले निर्देश गरे अनुसारकै स्काउटिङ गतिविधिका कारण स्काउटिङ शिक्षामा रहेका बालबालिका तथा

युवा साधारण बालबालिका तथा युवा भन्दा फरक रहेको तपाईं हामीले भेट्दै र अनुभव गर्दै आइरहेका छौं ।

नेपालका बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वाबलम्बी र चरित्रवान् बनाई सेवा भावनाको अभिवृद्धि गर्दै देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम र संगठित बनाउने उद्देश्यले नेपाल स्काउट ऐन २०५० कार्यान्वयनमा रहेको छ ।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले जारी गरेको राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ को कार्यान्वयन कार्ययोजना अनुसार युवा राष्ट्रिय परिवर्तनका संवाहक हुन् । नेपालको राजनीति र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका युवा जगतले सन् २०१५ को भूकम्पपछि उद्धार, राहत र अस्थायी पुनर्स्थापनामा देखाएको स्वयंसेवकीय भूमिका अतुलनीय रहेको उल्लेख छ भने देश निर्माणका लागि आगामी दिनमा युवाको भूमिका अझ बढ्दै जाने कुराको निश्चितता समेत उक्त कार्ययोजनाले गरेको छ ।

राष्ट्रिय युवा नीति २०१५ ले युवा विकासका लक्ष्य, उद्देश्यहरू र नीतिहरू तय गरिसकेको छ । युवा नीति २०१५ कै मार्ग निर्देशनमा रही युथ भिजन २०२५ ले नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत् आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने भन्ने सोच तय गरेको छ । युवाका लागि गुणस्तरीय शिक्षा, रोजगारी र उद्यमशीलता, युवाको स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, खेल र मनोरञ्जनलाई आधार मानी ५ खम्बे रणनीति र कार्यक्रमहरू तय गरेको छ । यी युवा केन्द्रित रणनीतिहरू हेर्दा स्काउटिङ शिक्षा र गतिविधिसँग शतप्रतिशत मेल खाने देखिन्छ ।

नेपालको राजनीति र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका युवा जगतले सन् २०१५ को भूकम्पपछि उद्धार, राहत र अस्थायी पुनःस्थापनामा देखाएको स्वयंसेवकीय भूमिका अतुलनीय रहेको उल्लेख छ।

सबै विद्यालयहरूले विद्यार्थीको कोकरिकुलर एक्टिभिटिमा स्काउटिङ शिक्षा समावेश गर्नु आवश्यक देखिन्छ।

### नेपाल स्काउटको मिसन र भिजन

विश्व स्काउटको सिद्धान्तमा आधारित रहेर युवा विद्यार्थीलाई विभिन्न स्काउटिङ एक्टिभिटिका माध्यमबाट जिम्मेवार नागरिक तयार गर्नु नै नेपाल स्काउटको मुख्य उद्देश्य हो। सन् २०३२ सम्ममा ७ लाख युवा सदस्य निर्माण गरी उनीहरूलाई स्काउटिङ एक्टिभिटिका माध्यमबाट आत्मनिर्भर, प्रतिस्पर्धी बनाई राज्यका नेतृत्वदायी भूमिकामा सक्रिय गराउने परिकल्पना नेपाल स्काउटले गरेको छ। करिब ६५ हजार सक्रिय युवा स्काउट रहेको अनुशासित र मर्यादित एक मात्र सामाजिक संगठन हो नेपाल स्काउट भन्दा फरक नपर्ला।

### बजेटमा नेपाल स्काउट

सरकारको बजेट वितरणमा नेपाल स्काउट कुन अवस्थामा रह्यो भन्ने कुरालाई पछिल्ला तीन आर्थिक वर्षलाई आधार वर्ष मानेर यहाँ विश्लेषण गर्न खोजिएको छ। नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत पर्ने नेपाल स्काउटको बजेटको आँकडालाई हेर्ने हो भने वार्षिक बजेट घट्दो क्रममा रहेको देखिन्छ।

माथिको तथ्याङ्कलाई हेर्दा सङ्क्रमणकालिन आर्थिक अवस्थाका कारणले पनि संघीय बजेटको आकार खुम्चिएको अनुमान गर्न सकिन्छ। यसको प्रत्यक्ष असर तिनका मातहतका निकायमा पर्न जान्छ। त्यसै अनुरूप नेपाल स्काउटको पनि बजेटको आकार खुम्चिएको हुन सक्नेमा कुनै आशङ्का छैन।

## निष्कर्ष

सरकारले लिएको 'समृद्ध नेपाल सुखी नेपाली' को अभियानलाई प्राप्त गराउने बलियो खम्बा भनेकै युवा वर्ग हुन् । उनीहरूलाई औपचारिक शिक्षा दिँदै गर्दा ६ वर्षको कलिलो उमेरदेखि नै नेतृत्वदायी भूमिकामा ल्याउने स्काउटिङ शिक्षामा समावेश गराउँदै उत्तरदायी र जवाफदेही नागरिकको उत्पादन नै आजको आवश्यकता हुन जान्छ । यसका लागि नेपाल सरकार, नेपाल स्काउट र सम्बन्धित सरोकारवालाले सहकार्य गरेर नेपाल स्काउटका कार्यक्रमलाई सशक्त ढङ्गले विद्यार्थी र युवाका बिचमा लग्नुपर्ने देखिन्छ ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई स्काउटका विभिन्न गतिविधिको बारेमा निर्माण भएका भिडियो प्रदर्शन गराई स्काउटप्रति सकारात्मक भाव विकास गरिदिनुहोस् ।

**क्रियाकलाप :**

- स्काउटका काम र महत्त्वका बारेमा आफ्नो विद्यालय वा स्काउट गठन भएको कुनै विद्यालयका शिक्षकसँग सोधी कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) स्काउट भनेको के हो ?

(ख) विश्वमा स्काउट शिक्षाको सुरूवात कसरी भयो ?

(ग) नेपालमा स्काउटको सुरूवात कसरी भयो ?

(घ) नेपाल स्काउटको मिसन र भिजन के हो ?

(ङ) नेपाल सरकारले स्काउटलाई बजेट व्यवस्थापन कसरी गरेको छ ?

**२. खाली ठाउँ भर्नुहोस् :**

(क) एउटै पहिरनमा सजिएर एकतामूलक रूपमा राष्ट्रमा आइपरेका विभिन्न विपद्को सामना गर्नसम्म ........................ तत्पर रहँदै आएको छ ।

(ख) सन् १९०७ मा लर्ड बेडेन पावेलले ....... जना युवा स्काउटलाई साथमा लिएर सुरू गरेको यो युवा शैक्षिक अभियान आज विश्वका ........ राष्ट्मा फैलिसकेको छ ।

(ग) ६ वर्ष देखि २५ वर्षसम्मको उमेर समूहलाई ............. वर्गका रूपमा नेपाल स्काउटले लिँदै आएको छ ।

(घ) सरकारले लिएको 'समृद्ध नेपाल सुखी नेपाली' को अभियानलाई प्राप्त गराउने ............. भनेकै युवा वर्ग हुन् ।

(ङ) करिब ६५ हजार सक्रिय युवा स्काउट रहेको अनुशासित र मर्यादित एक मात्र ................. संगठन हो नेपाल स्काउट भन्दा फरक नपर्ला ।

एकाइ

७

# पर्यटन

पाठ १५

# विनयी त्रिवेणीका पर्यटकीय क्षेत्रहरू

## धार्मिक सम्पदाहरू

बहुजातीय, बहुधार्मिक, बहुभाषिक विविधता र धार्मिक सम्पदाले सम्पन्न पालिका हो विनयी त्रिवेणी गाउँपालिका । विभिन्न धार्मिक गन्तव्यहरूका कारण राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटकहरूलाई आकर्षित गरी पर्यटन क्षेत्रलाई थप विकास, विस्तार र लाभदायी बनाउन सकिन्छ । त्यसका लागि सूचना, सञ्चार, यातायात र समयानुकूल प्रविधीको विकास र विस्तारमा पालिकाले ध्यान केन्द्रित गर्नु पर्दछ । मन्दिर, मस्जिद, चर्च, समाधीस्थल, गौशाला, आश्रमहरूले यहाँको धार्मिक पर्यटन र सम्पदालाई अरूको ध्यानाकर्षण गर्न सकिने प्रसस्तै सम्भावनाहरू रहेका छन् । यहाँका केही महत्त्वपूर्ण धार्मिक सम्पदाहरू निम्नानुसार रहेका छन् : -

(१) विनयीरानी गुम्बा, वार्ड नं - १

(२) दाउन्नेदेवी, वार्ड नं - २

(३) अहिंसावादी महाबौद्ध गुम्बा, वार्ड नं - २

(४) कैलाशबाबा धाम, वार्ड नं - २

(५) मदारबाबा मजार वार्ड नं - २

(६) मणिखम्बा मन्दिर, वार्ड नं - २

(७) शिवमन्दिर वार्ड नं. - ३

(८) गजेन्द्रमोक्ष धाम, वार्ड नं - ६

(९) बागेश्वरी मन्दिर, त्रिनेत्र महादेवी रानीनगर वार्ड नं. ७

(१०) दुर्गा मन्दिर शिवपुरगढी, वार्ड नं. ७

(११) त्रिवेणीधाम, वार्ड नं - ७, इत्यादि ।

यीमध्ये दाउन्नेदेवीलाई संक्षिप्तमा चिनाउने जमर्को गरिएको छ ।

### (क) दाउन्नेदेवी



बुटवल र चितवनबाट समान दूरीमा रहेको पाल्पादेखि दक्षिण, नवलपरासीको उत्तर तथा नारायणी नदीतर्फ फैलिएको चुरे पर्वतमालामा अवस्थित अति रमणीय प्रसिद्ध धार्मिक तथा ऐतिहासिक क्षेत्र हो दाउन्नेदेवी । दाउन्ने नामकरण र मन्दिरको स्थापनाबारे निम्न किंवदन्ती जनमानसमा प्रचलित रहेको छ : -

उहिले नेपाल एकीकरण अघि बाइसे चौबिसे राज्यकालमा तत्कालिन पाल्पाका राजा मणिमुकुन्द सेन थिए । उनका दुईवटी रानी थिए । कान्छी रानी एक पटक लामो समयसम्म सिकिस्तै बिरामी परिन् । सारा विधिले उपचार गराउँदा पनि निको पार्न नसकिएको बेला एकदिन राजालाई सपनामा, 'म देवी हुँ', मलाई "पहाडको चुलीमा लगेर स्थापना गरी नित्य पूजा-आजा चलाउनू तिम्री रानीलाई निको हुनेछ ।" भनेकीले त्यसपछि मणिमुकुन्द सेनले दाउन्ने पहाडमा देवीको मूर्ति स्थापना गर्न लगाएको मानिन्छ । पहिले वनदेवी भनेर पूजा गरिएको पछि उनै देवी दाउन्ने देवीको नामले पुजिन थालेपछि बिस्तारै सो ठाउँको नाउँ नै 'दाउन्ने' रहन गएको मानिन्छ ।

अर्को किंवदन्ती अनुसार पहिले घोडा दाउने डाँडा भएकोले पूर्वपश्चिम राजमार्ग बनाउनेहरूले 'दाउनेडाँडा', 'दाउने डाँडा' भन्दाभन्दै कालान्तरमा 'दाउन्ने डाँडा' नाम रहन गएको मानिन्छ ।

समुद्र सतहदेखि १ हजार २३ मिटर उचाईमा अवस्थित यस स्थानमा सुप्रसिद्ध दाउन्नेदेवी, अहिंसावादी महाबौद्ध र कैलाशबाबा धाम जस्ता महत्त्वपूर्ण धार्मिक क्षेत्रहरू गरी करिब १० किलोमिटरको क्षेत्रफलमा फैलिएर रहेको छ । यही नेपालकै ठुलो क्षेत्रफलको धार्मिक वन जैविक विविधता र वनसम्पदाको हिसाबले महत्त्वपूर्ण क्षेत्र रहेको छ ।

यहाँको जङ्गलमा बाघ, भालु, हरिण, मृग, वनेल, दुम्सी, वनबिरालो, बाँदर, फ्याउरो, लोखर्के तथा पंक्षीहरूमा गिद्ध, काग, कालिज, कोइली, गौंथली, न्याउली, मैना, चील, बकुल्ला, भँगेरा, ठेउवा, फिस्टो, मयूर, लुइँचे, डाङ्ग्रे, लाटोकोसेरो पाइन्छन् । साल, विजयसाल, सिसौ, वरपिपल, साज, कुसुम, हर्रो, बर्रो, जानुन, क्यामुन, खल्लुक, चिलाउने जस्ता रूखहरू र विभिन्न औषधीजन्य जडीबुटीहरू पाइन्छन् । यहाँ  जोसुकैले पिउन, नुहाउन र धुन मिल्ने खोल्साहरू रहे र गर्मीमा पनि शितलता दिने वातावरण भए पनि हिउँदमा लाग्ने वन डढेलोहरूबाट यहाँका जीवजन्तु पक्षी वनस्पति, पानीका मूल लगायत पर्यावरणमा नकारात्मक असर परेको देखिन्छ ।

पूर्वपश्चिम राजमार्गले बिचबाट चिरेर गएकाले यातायातको हिसाबले सुविधा सम्पन्न यस क्षेत्रमा ५० भन्दा बढी होटल, रिसोर्ट, रेस्टुरेन्ट आदि लगायत विश्राम घर, पाटी र वनभोज स्थलहरूको सुविधा रहेको छ ।

बडादशैं, चैतेदशैं, साउनमा बोलबम, शिवरात्री आदि चाडपर्वहरूमा भव्य मेला लाग्ने यस स्थल अहिले सहरीकरणतर्फ उन्मुख देखिन्छ ।

दाउन्नेदेवीको खास मन्दिर ३ तलाको प्यागोडा शैलीमा बनेको छ । सर्वेश्वर विश्वनाथ महादेव मन्दिरभित्र बाघमाथी चढेकी भगवतीको मूर्ति रहेको छ । त्यसबाहेक गणेशको मूर्ति र थुप्रै घण्टाहरू झुण्ड्याइएको छ भने मन्दिर अगाडि १७ फिट अग्लो पँहेलो विशाल त्रिशूल शोभायमान रहेको छ । मन्दिरको निर्माण वि.सं.२०५३ सालमा सुरु भई २०५५ सालमा निर्माण सम्पन्न भएको हो ।

यहाँको गरिमा चुलिनुमा वि. सं. २०२४ मा यस क्षेत्रमा आई एक्लै जङ्गलमा

तपस्या गरेर बसेका अम्बिका पुरीको साहस र योगदानलाई पनि भुल्नु हुँदैन ।

यहाँ बेलाबखत विभिन्न अध्ययन, अनुसन्धान तथा उत्खनन् कार्यहरू पनि गरि इसकेका छन् । उत्खननबाट वि. सं. २०३२ मा शीला र पुराना ऐतिहासिक सिक्काहरू भेटिएको थियो ।

यहाँ नजिकैका पाल्पा, गुल्मी, स्याङ्जा, नवलपरासी लगायत विभिन्न जिल्लाहरू र छिमेकी मुलुक भारतबाट विभिन्न तिथि र उत्सवहरूमा मानिसहरू आई मेला भर्ने गर्दछन् भने पहाडी जिल्लाबाट यहाँ सेरोफेरोमा बसाई सरेर आउनेहरूले दाउन्नेदेवीलाई कुलदेवीको रूपमा पनि पूजा गर्दै आएको पाइन्छ । दाउन्नेदेवीमा नित्यपूजा बाहेक बडादशैं, चैतेदशैं लगायत शनिबार, पञ्चमी, सप्तमी, अष्टमी र पूर्णिमा तथा नयाँ वर्षका दिन विशेष पूजा तथा मेला लाग्दछ । आफ्नो मनोकामना पूरा भएकाहरूले पनि यस मन्दिरमा आई परेवा उडाउने, बलि दिने तथा विशेष पूजा लगाउने गरेको पाइन्छ ।

यस क्षेत्रमा बाइसे चौबिसे राजाहरूका पालाका पुराना दरबार, पाटी, धर्मशाला, किल्ला, तालतलैया आदिका भग्नावशेषहरू रहेकाले सम्बन्धित क्षेत्रका विज्ञहरूले थप अनुसन्धान गर्नु जरूरी देखिन्छ ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई विनयी त्रिवेणी गाउँपालिकाभित्रका पर्यटकीय स्थलको शैक्षिक भ्रमण गराई हरेकलाई दैनिकी लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप :**

- तपाइँको घर नजिकै रहेको कुनै महत्त्वपूर्ण स्थलका बारेमा खोजी गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

## अभ्यास

**(क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

१. विनयी त्रिवेणी गाउँपालिकामा कस्ता धार्मिक सम्पदाहरू रहेका छन् ?

२. विनयी त्रिवेणी गाउँपालिकाका मुख्य धार्मिक सम्पदाहरू कुन कुन हुन् ?

३. दाउन्नेदेवीको कुन स्थापना कसको पालामा भएको मानिन्छ ?

४. दाउन्नेदेवीमा कहिले मेला लाग्दछ ?

**(ख) तलका वाक्यहरू ठीक भए (√) र बेठीक भए (×) चिह्न लगाउनुहोस् :**

१. विनयी त्रिवेणी गाउँपालिका बहुजातिय, बहुधार्मिक, बहुभाषिक विविधता र धार्मिक सम्पदाले युक्त गाउँपालिका हो । (...)

२. 'घोडा दाउने' डाँडालाई 'दाउने डाँडा' भन्दा भन्दै कालान्तरमा 'दाउन्ने' भन्न थालियो । (...)

३. दाउन्नेदेवीको खास मन्दिर ४ तलाको प्यागोडा शैलीमा बनेको छ ।

४. मन्दिरको निर्माण वि.सं.२०५३ सालमा सुरु भई २०५५ सालमा निर्माण सम्पन्न भएको हो ।

**(क) तलका चित्र हेरी ती स्थानका बारेमा आफूले जानेका कुरा कक्षामा सुनाउनुहोस् ।**





**परियोजना कार्य :**

- विनयी त्रिवेणीमा रहेका धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्द्धनका निमित्त गाउँपालिका अध्यक्षलाई भेटी जानकारी लिनुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

एकाइ

८

# व्यवहारिक तथा जीवनोपयोगी सिकाइ

पाठ १८

# विपद् व्यवस्थापन



सुस्मिता र उनलाई सामाजिक विषय पढाउने कान्ता शिक्षिकाका बिच विपद् र विपद् व्यवस्थापनका सम्बन्धमा कुराकानी हुन्छ ।

**सुस्मिता** : मिस, विपद् भनेको के हो ?

**शिक्षिका** : विपद् भनेको अकस्मात् आइपर्ने कठिनाइ वा समस्या हो । प्राकृतिक वा अप्राकृतिक रूपमा सिर्जित सङ्कटको अवस्थालाई विपद् भनिन्छ । कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्नु नै विपद् हो । विपद जुनसुकै स्वरूप, प्रकार र अवस्थाको भए पनि मानव, जीवजन्तु र वातावरणका लागि अप्रिय नै हुन्छ । भनिन्छ 'विपद् बाजा बजाएर आउँदैन' अर्थात् विपद् पूर्वसूचना बिना नै आउँछ । बिना सूचना आउने अप्ठ्यारो अवस्था वा परिस्थिति नै विपद् हो, जुन मानवीय तथा प्राकृतिक कारणले उत्पन्न

हुने गर्दछ । विपद्ले मानवीय र भौतिक क्षति गर्दछ ।

**सुस्मिता** : विपद् कति प्रकारका हुन्छन् मिस ?

**शिक्षिका** : साधारणतया विपद् दुई प्रकारका हुन्छन्-प्राकृतिक र गैर प्राकृतिक वा मानवीय विपद् । प्राकृतिक विपद् भनेको प्रकृतिले सिर्जना गर्ने विभिन्न हानिकारक क्रियाकलापहरूलाई बुझिन्छ । भूकम्प, हावाहुरी, सुनामी, चट्याङ, बाढी, पहिरो, भूक्षय, डुबान, खडेरी, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, असिना, हिमपहिरो, शीतलहर, आँधीहुरी, ज्वालामुखी बिस्फोट आदि प्राकृतिक विपद् हुन् । मानवीय वा गैरप्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन आदिलाई बुझिन्छ ।

**सुस्मिता** : नेपाल विपद्का दृष्टिले कस्तो मुलुक हो ?

**शिक्षिका** : नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग,



अिसना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मुलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । नेपाल विश्वमा जोखिमको स्तरीकरणको आधारमा हेर्दा भूकम्पीय जोखिमको हिसाबले एघारौं स्थानमा, बाढी तथा पहिरोको प्रकोपको जोखिमको हिसाबले तीसौं स्थानमा र जलवायु परिवर्तनको प्रभावको जोखिमको हिसाबले चौथो स्थानमा रहेको छ ।

**सुस्मिता** : विपद् व्यवस्थापन भनेको के हो ?

**शिक्षिका** : विपद्को रोकथाम एवम् नियन्त्रण, उद्धार एवम् पुनर्स्थापनाको कार्य नै विपद् व्यवस्थापन हो । विपद्को पूर्व तयारीको अवस्था, विपत्ति आएपछि त्यसको तत्काल नियन्त्रण, उद्धार एवम् राहतको व्यवस्था, विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापना र भविष्यमा यस किसिमको अवस्था आउन नदिन वा आएमा त्यसको लागि पुनः तयारी रहने अवस्थासम्मका उपायहरूलाई विपद् व्यवस्थापन भनिन्छ ।

**सुस्मिता** : विपद्का समयमा गरिने कार्यहरू के के हुन् ?

**शिक्षिका** : विपद्को समयमा गरिने सबैभन्दा पहिलो काम उद्धार हो । समस्यामा परेका मानिसहरूलाई बचाउनु पहिलो कार्य हो । विपदमा परी घाइते भएकाहरूलाई छिटोभन्दा छिटो उपचार गराउनेतर्फ लाग्नुपर्दछ । उद्धारकर्ताहरूले घटनास्थलमै प्राथमिक उपचार गरेर अवस्था अनुसार अन्य उपचारका लागि अस्पताल लैजानुपर्दछ । विपद्का बेलामा आत्तिनु हुँदैन । विवेक र धैर्यताका साथ काम गर्नुपर्दछ । विपद्मा परेकालाई लत्ता कपडा, खानेकुरा र बस्ने बासको व्यवस्था गरिदिनुपर्छ । विपद्मा परेकालाई कुनै

पनि राजनैतिक, जातीय, धार्मिक तथा वैचारिक दृष्टिकोणबाट हेर्नुहुँदैन ।

**सुस्मिता** : विपद्को समयमा कसले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

**शिक्षिका** : विपद्का समयमा कसैले पनि रमिता हेरेर बस्नुहुँदैन । यस्तो बेलामा सबैभन्दा ठुलो भूमिका समुदायका मानिसहरूले निर्वाह गर्न सक्छन् । सुरक्षाकर्मी, नेपाली सेना वा अरु कसैले मात्र उद्धार गर्छन् भनेर बस्नुहुँदैन । 'सेवा नै धर्म हो' भन्ने भावनाले काम गर्नुपर्दछ । फेरि विपद् भन्ने कुरा जसलाई जतिबेला पनि आइलाग्न सक्छ । तालिमप्राप्त जनशक्ति, सेना, प्रहरी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, नेता, स्थानीय जनप्रतिनिधि सबैले जिम्मेवार भएर भूमिका निर्वाह गर्न सके विपदमा परेका नागरिकले राहतको महसुस गर्न सक्छन् ।

**सुस्मिता** : विपद् पूर्व गर्नुपर्ने तयारी के के हुन् ?

**शिक्षिका** : विपद् व्यवस्थापनका लागि विपद् पूर्वको तयारी गर्नुपर्छ । प्रत्येकले विपद् आउन सक्छ भन्ने सोचेर तयारी झोला राख्नुपर्दछ, जसमा टर्च लाइट, तयारी खानेकुरा, प्राथमिक उपचारका सामग्रीहरू समावेश हुनुपर्छ । सबै विपद् प्राकृतिक कारणले आउँदैनन् । धेरैजसो मानवीय कारणबाट सिर्जित प्रकोपहरू हुन्छन् । त्यसैले मानिसले प्रकृतिको रक्षा गर्ने काम गर्नुपर्दछ । वन विनाश नगर्ने, जमिनको स्वरूप नबिगार्ने, सुरक्षित भौतिक संरचना मात्र निर्माण गर्ने, विकासका कार्यहरू गर्दा मानवीय हितलाई ध्यानमा राखेर गर्ने हो भने धेरै विपद्हरूबाट बँच्न सकिन्छ ।

**सुस्मिता** : विपद् पुनर्स्थापना भनेको के हो त मिस ?

**शिक्षिका** : विपद्मा परेका मानिस वा समुदायलाई पहिलेकै अवस्थामा ल्याउने कार्य नै पुनर्स्थापना हो । पीडित व्यक्ति वा समुदायको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक पक्षमा सकारात्मक परिवर्तन ल्याउन विपद्पछि पुनर्स्थापनाका कार्य गर्नुपर्ने हुन्छ । यस्तो पुनर्स्थापना गर्दा भविष्यमा आइपर्ने थप विपद्का घटनाबाट बचाउने गरी पूर्व अवस्थाको सिर्जना गर्नुपर्छ । विपद्का कारण अत्तालिएको समुदायका सदस्यको मानसिक अवस्था समेत कमजोर भएको हुन्छ। यस्तो अवस्थामा भविष्यमा सुरक्षित जीवनयापन गर्न सकिन्छ भन्ने विश्वास दिलाउन सामाजिक मनोपरामर्श कार्य गरी मानसिक रूपमा समुदायलाई सबल बनाइ राख्नुपर्छ। विपद्बाट गुमेको रोजगार तथा जीविकोपार्जनका क्षेत्रमा भएको क्षतिबाट सिर्जित असामान्य अवस्थालाई सामान्य तुल्याउन आवश्यकता अनुसार वैकल्पिक स्रोतहरू पनि परिचालन गर्नुपर्दछ।

**सुस्मिता** : विपद् व्यवस्थापनका क्रममा स्थानीय गाउँपालिका वा गाउँपालिकाको भूमिका हुँदैन मिस ?

**शिक्षिका** : किन नहुनु, हुन्छ नि। स्थानीय साधन, स्रोत र सिपको प्रयोगबाट विपद्का समयमा उद्धार, राहत र पुनर्स्थापना गर्नका लागि स्थानीय गाउँपालिका वा गाउँपालिकाको महत्त्वपूर्ण भूमिका रहन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा गाउँपालिकाको काम कर्तव्य र अधिकारअन्तर्गत विपद् व्यवस्थापन सम्बन्धी कार्यहरू उल्लेख गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ अनुसार प्रत्येक स्थानीय तहले नगरपालिका तथा गाउँपालिकाको प्रमुख वा अध्यक्षको अध्यक्षतामा बढीमा पन्ध्र सदस्य रहने गरी स्थानीय विपद्

व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरेको छ । विनयी त्रिवेणीमा पनि गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठित विपद् व्यवस्थापन समिति रहेको छ, जसले विपद्का पूर्वको तयारी, विपद्पछिको उद्धार र पुनर्स्थापनाका कार्यहरू गर्दै आएको छ ।

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई बाढी, पहिरो, आगलागी आदि प्रकोपका सम्बन्धमा पूर्वाभ्यास गराउनुहोस् ।
- विपद्सम्बन्धी जनचेतनामूलक अनलाइन भिडियो सामग्री कक्षामा प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**क्रियाकलाप :**

- तपाईंको गाउँमा वर्षाको समयमा ठुलो पहिरो गयो र तपाईंको छिमेकीको घर पुरियो । यस्तो अवस्थामा तपाँईले के गर्न सक्नुहुन्छ ? छलफल गर्नुहोस् ।
- तपाईंको गाउँ नजिकैको वनमा डढेलो लाग्दा भएको क्षतिका बारेमा उल्लेख गर्दै भविष्यमा यस्तो डढेलो लाग्न नदिन के गर्नुपर्ला ? लेखेर प्लेकार्ड बनाउनुहोस् ।
- कक्षामा तीन समूह बनाई विपद्पूर्व के गर्ने, विपद्का बेलामा के गर्ने, विपद्पश्चात् के गर्ने भन्ने कुरा छलफल गरी तालिकामा शिक्षकको सहयोगमा प्रस्तुत गर्नुहोस् ।

| विपद्पूर्व | विपद्को बेला | विपद्पश्चात् |
|---|---|---|
| | | |
| | | |

## अभ्यास

**१. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) विपद् भनेको के हो ?

(ख) विपद् व्यवस्थापन भन्नाले के बुझिन्छ ?

(ग) विपद् पूर्व गर्नुपर्ने तयारीहरू केके हुन् ?

(घ) विपद् पुनर्स्थापना भन्नाले के बुझिन्छ ?

(ङ) विपद् व्यवस्थापनमा गाउँपालिकाले कस्तो भूमिका निर्वाह गर्न सक्छ ?

## २. तलका वाक्यहरू ठिक भए (✓) चिन्ह र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) भूकम्प मानवीय गल्तीका कारणले आउँछ ।

(ख) नेपाल विपद्का दृष्टिमा कुनै जोखिम नभएको मुलुक हो ।

(ग) विपद् पुनर्स्थापना भनेको विपद्बाट मानिसलाई पहिलेकै अवस्थामा ल्याउनु हो ।

(घ) विपद्का समयमा सबै काम सेना, प्रहरी, स्वास्थ्यकर्मीले मात्र गर्नुपर्छ ।

(ङ) प्रकोपका समयमा गाउँपालिकाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## ३. खाली ठाउँ भर्नुहोस् :

(क) प्राकृतिक विपद् मुख्यतः ........ को कारणले हुन्छ । (मानिस/प्रकृति)

(ख) विपद् आइसकेपछि सबैभन्दा पहिले ........ को उद्धार गर्नुपर्छ । (पशु/मानिस)

(ग) विपद्का बेलामा ........... काम गर्नुपर्छ । (धैर्यका साथ/हतारिएर)

(घ) उद्धारका क्रममा सर्वप्रथम ......... मान्छेलाई प्राथमिकता दिनुपर्छ । (बलिया/अशक्त)

(ङ) विपद्का बेलामा सहयोग गर्नु ......... को कर्तव्य हो । (सबै/प्रहरी)

## ४. चित्र हेरी वर्णन गर्नुहोस् ।



पाठ १७

# सामाजिक सञ्जालको उपयोगिता



सामाजिक सञ्जालको उपयोगितका सम्बन्धमा रमेश र उसलाई पढाउने शिक्षकका बिच कुराकानी भएको छ :

**रमेश** : सर, सामाजिक सञ्जाल भनेको के हो ?

**शिक्षक** : सामाजिक सञ्जाल भनेको अनलाइनमा हुने मानिसहरूको सम्बन्धको जालो हो । यो प्रविधिका माध्यमबाट मानिसहरू एकआपसमा जोडिने प्रक्रिया हो । फेसबुक, म्यासेन्जर, ट्विटर, भाइबर, इन्स्टाग्राम, ह्यवाट्सएप आदि सामाजिक सञ्जालका विभिन्न माध्यम हुन् ।

**रमेश** : नेपालमा बढी लोकप्रिय सामाजिक सञ्जाल कुनकुन हुन् सर ?

**शिक्षक** : नेपालमा सबैभन्दा बढी लोकप्रिय सामाजिक सञ्जालमा फेसबुक, म्यासेन्जर, भाइबर, ह्यवाट्सएप, टिकटक, इन्स्टाग्राम हुन् ।

**रमेश** : फेसबुक कस्तो माध्यम हो सर ?

**शिक्षक** : फेसबुक सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल हो । यसमा खाता खोलेर प्रवेश गरेपछि बिस्तारै साथीहरू जोडिँदै जान्छन् । यसमा साथीहरूसँग बोल्न, आफ्ना विचार तथा भावना अभिव्यक्त गर्न तथा विभिन्न समाचारहरू, सूचनाहरू सम्प्रेषण गर्न सकिन्छ । यसले मानिसहरूलाई एउटा साझा

मञ्चमा जोडेर सामाजिक अन्तरक्रियामा सहभागी बनाउँछ । यसमा लाइक गर्ने, कमेन्ट गर्ने, सेयर गर्ने जस्ता सुविधाहरू हुन्छन् ।

**रमेश** : म्यासेन्जरका बारेमा बताइदिनू न सर ।

**शिक्षक** : म्यासेन्जर पनि निकै लोकप्रिय सामाजिक सञ्जाल हो । यसमा फेसबुकमा जोडिएका साथीहरूसँग विभिन्न तरिकाले कुराकानी र अन्तरक्रिया गर्न सकिन्छ । यसमा लेखेर टेक्स्ट म्यासेज गर्न, अडियो र भिडियोबाट प्रत्यक्ष कुराकानी गर्न सकिन्छ ।

**रमेश** : सामाजिक सञ्जालको उपयोगिता के हो ?

**शिक्षक** : सामाजिक सञ्जालको उपयोगिता धेरै छ । यसबाट नयाँ सूचना र समाचारहरू घरमा बसेर सजिलै थाहा पाउन सकिन्छ । कुनै घटना, विषय वा तथ्यहरूलाई छिटो थाहा पाउन सकिन्छ । धेरै साथीहरूसँग अन्तरक्रिया गर्न र सामाजिक क्रियाकलापहरूमा सहभागी हुन समेत यसले सहयोग पुऱ्याउँछ । देश विदेशमा भएका साथीभाइ र आफन्तहरूसँग भिडियोमा प्रत्यक्ष कुराकानी गर्न सकिन्छ ।

**रमेश** : सामाजिक सञ्जालको दुरूपयोग कसरी हुन्छ ?

**शिक्षक** : सामाजिक सञ्जालका फाइदाहरूमात्रै छैनन् बेफाइदाहरू पनि उत्तिकै छन् । यिनको अनावश्यक प्रयोग गर्नुहुँदैन । यी मूलतः मानिसको फाइदाकै लागि बनाइएका कुरा हुन् । तर यिनको सुरक्षित प्रयोग गर्न नसक्दा धेरै समस्या बेहोर्नुपर्ने हुन्छ । फेसबुक, म्यासेन्जरका माध्यमबाट विभिन्न अपराधहरू भइरहेका छन् । बालविवाह, अपहरण, बेचविखन जस्ता समस्यामा पनि यिनै साधनहरूको उपयोग गरिएको पाइन्छ । चोरी, बलात्कार, प्रेमको नाममा हुने यौनहिंसा पनि भइरहेको छ । सामाजिक सञ्जालको प्रयोग गरेर मानिसहरूको बेइज्जत गर्ने, धम्क्याउने, नराम्रा तस्वीरहरू सार्वजनिक गर्ने, अरुलाई अपमान हुने भाषा र चित्रहरू प्रयोग गर्ने कार्यहरू भइरहेका छन् ।

**रमेश** : सामाजिक सञ्जालको दुरूपयोगबाट कसरी बँच्न सकिन्छ ?

**शिक्षक** : सामाजिक सञ्जालका फेसबुक, म्यासेन्जर, भाइबर जस्ता माध्यमहरूको

सही र सुरक्षित प्रयोग गर्नुपर्छ । आफूले नचिनेको मानिसलाई साथी बनाउनु हुँदैन । नचिनेका मानिससँग म्यासेन्जरमा वा अन्य माध्यममा 'च्याट' गर्नुहुँदैन । अनावश्यक कुराकानी गरेर समयको बरबादी गर्नु हुँदैन । आफ्ना व्यक्तिगत गोप्य कुराहरू सार्वजनिक गर्नुहुँदैन । फेसबुक, म्यासेन्जर जस्ता माध्यमहरू  प्रयोग गरेपछि बन्द गर्न बिर्सनु हुँदैन । बेलाबेलामा पासवर्ड परिवर्तन गर्नुपर्छ । पासवर्ड राख्दा सकेसम्म अरुले अनुमान गर्न नसक्ने खालको अक्षर, अङ्क र कोड मिलाएर राख्नुपर्दछ । साना बालबालिकाहरूले सामाजिक सञ्जालको अनावश्यक प्रयोग गर्नुहुँदैन । आफ्नो यात्रा, मोबाइल नम्बर र व्यक्तिगत गोपनीयताका कुराहरू फेसबुक, ट्विटर आदिमा राख्नु हुँदैन ।

**शिक्षण सुझाव:**

- विद्यार्थीलाई कम्प्युटर प्रयोगशालामा लगेर अनलाइनमा हुने अपराधका सम्बन्धमा विभिन्न भिडियो सामग्री देखाउँदै सामाजिक सञ्जालका सम्बन्धमा स्पष्ट पारिदिनुहोस् । सामाजिक सञ्जालका राम्रा पक्ष बताउँदै नराम्रा पक्षप्रति सचेत गराउनुहोस् ।

**क्रियाकलाप :**

- तपाईंको गाउँ वा समाजमा फेसबुक, म्यासेन्जर, इन्स्टाग्राम जस्ता माध्यमहरूबाट कुनै घटना, अपराध, अपहरण, प्रेम विवाह, बालविवाह जस्ता कुराहरू भएका छन् कि छैनन् ? कक्षामा छलफल गर्नुहोस् ।
- फेसबुकका फाइदा र बेफाइदाका सम्बन्धमा दुई/दुई समूह भएर कक्षामा छलफल गर्नुहोस् र छलफलबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्:**

(क) सामाजिक सञ्जाल भनेको के हो ?

(ख) सामाजिक सञ्जालका लोकप्रिय माध्यमहरू केके हुन् ?

(ग) फेसबुक कस्तो सञ्जाल हो ?

(घ) म्यासेन्जरबाट केके काम गर्न सकिन्छ ?

(ङ) सामाजिक सञ्जालका मुख्य फाइदा केके हुन् ?

**२. तलका वाक्यहरू ठिक भए ठिक चिह्न (✓) र बेठिक भए बेठिक चिह्न (×) दिनुहोस् :**

(क) फेसबुक र म्यासेन्जर सामाजिक सञ्जालका लोकप्रिय साधन हुन् ।

(ख) फेसबुकमा नचिनेका मानिसलाई पनि साथी बनाउुपर्छ ।

(ग) म्यासेन्जरमा नचिनेका मानिससँग नजिकिएर बोल्नुपर्छ ।

(घ) फेसबुक र म्यासेन्जर प्रयोग गरेपछि 'लग आउट' गर्नुपर्छ ।

(ङ) सानो उमेरमा फेसबुक, म्यासेन्जर आदि चलाउनु हुँदैन ।

**३. खाली ठाउँ भर :**

(क) सामाजिक सञ्जाल .........उद्देश्यका साथ बनाइएका हुन् । (खराब/असल)

(ख) सबैभन्दा बढी प्रयोग हुने सामाजिक सञ्जाल ...... हो । (फेसबुक/ट्विटर)

(ग) सामाजिक सञ्जालको .......... गर्नुहुँदैन । (सदुपयोग/दुरूपयोग)

(घ) म्यासेन्जरमा अनावश्यक ......... गर्नुहुँदैन । (काम/कुराकानी)

(ङ) हामीले बेलाबेलामा .......... परिवर्तन गर्नुपर्छ । (पासवर्ड/नम्बर)

**४. चित्र हेरी साइबर अपराधबारे कक्षामा छलफल गर ।**



एकाइ

५

# जैविक विविधता

# पाठ १८

# विनयी त्रिवेणीको जैविक विविधता









(श्री भानुदय माध्यमिक विद्यालयमा आज कक्षा ७ का विद्यार्थी र शिक्षक बिच विनयी त्रिवेणीमा लोप हुँदै गएका वनस्पति र जनावरका बारेमा छलफल गर्ने भनेर हिजै विद्यालयका प्रधानाध्यापकले विद्यार्थीहरूलाई जानकारी गराउनुभएको थियो । आज उहाँले विनयी त्रिवेणीमा पाइने वनस्पति र जनावरहरूको चित्रसहित चार्ट पेपर लिएर आउनुभएको छ । उहाँले उक्त चार्ट पेपर सेतोपाटीमा झुन्ड्याउनुहुन्छ ।)

**जनक गुरु :** नानीबाबुहरू ! यी चार्ट पेपरहरूमा भएका चित्रहरू हेर्नुहोस् त - मैले यहाँ कुनै जनावरका चित्रहरू ल्याएको छु । कुनै वनस्पतिहरूका चित्र ल्याएको छु । विशाल, तपाईंले यो पहिलो चार्ट पढ्नुहोस् त ।

**विशाल :** हवस् गुरू ! (पढ्न सुरू गर्दै) आदरणीय गुरू र साथीहरू, हाम्रो विनयी त्रिवेणीमा विभिन्न किसिमका वनस्पतिहरू पाइन्छन् । यहाँ पाइने प्रमुख वनस्पतिहरूमा साल, चाँप, कटुस, चिलाउने, सिसौ, विनयी त्रिवेणी, खयर, सिमल, उत्तिस, सल्ला,

बिखमारी आदि रहेका छन् । यहाँका डाले घाँसहरूमा कुटमिरो, खन्यु, चिन्ने, पाखरी, कोइरालो, दबदबे, किम्बु आदि प्रमुख छन् । यहाँ पाइने जडीबुटीजन्य वनस्पतिहरूमा घोडताप्रे, जटामसी, पाँचऔंले, सतुवा, तितेपाती आदि रहेका छन् ।

**जनक गुरु** : ओहो ! कति स्पष्टसँग आफ्नै भाषामा पढेको विशालले । तपाईंलाई धेरै धेरै धन्यवाद । अब दोस्रो चार्ट विनिता रानाले पढ्नुहोस् त ।

**विनिता** : हुन्छ गुरू । (चार्टमा हेर्दै) आदरणीय गुरू र साथीहरू ! हाम्रो विनयी त्रिवेणीमा विभिन्न जातका जनावरहरू पाइन्छन् । यहाँका जङ्गल तथा बस्तीका छेउछाउमा पाइने जनावरहरूमा बाघ, भालु, चितुवा, ढेंडुवा, मृग, घोरल, स्याल, बँदेल, तोगी, खरायो, दुम्सी, च्याखुरा, बाँदर आदि प्रमुख रहेका छन् ।

**जनक गुरु** : नानीबाबुहरू ! चित्रमा देखाइएका यी जनावर तथा वनस्पतिहरू हिजोआज विनयी त्रिवेणीका विभिन्न स्थानहरूमा पाइए पनि कतिपय त निकै दुर्लभ बनिसकेका छन् । यहाँका वन, पाखा तथा बस्तीका छेउछाउहरूमा पाइने यी वनस्पति तथा जनावरहरूमध्ये कुनै कुनै विस्तारै लोप हुँदै गइरहेका छन् । हामीले यस्ता वनस्पति तथा जनावरहरूको बेलैमा संरक्षण गर्नुपर्छ ।

**प्रदीप** : गुरू ! हाम्रो विनयी त्रिवेणीमा लोप हुँदै गएका मुख्य जनावर तथा वनस्पतिहरू कुन कुन हुन् त ?

**जनक गुरु** : (चार्टमा देखाउँदै) यता हेर्नुहोस् है, जनावरहरूमध्ये हाम्रो विनयीमा बाँदरबाहेक अरू सबै जनावरहरू लोप हुँदै छन् । वनस्पतिमा चाहिँ चाँप, सतुका, बिखमारी, जतामसी, पाँचऔले, खयर हुन् । यी वनस्पति तथा जनावरहरू हाम्रा लागि निकै महत्त्वपूर्ण छन् । यिनीहरूले हाम्रो वनको शोभा बढाउँछन् । वनस्पतिहरू त हाम्रा लागि औषधी हुन् । हिजोआज

मानिसहरू लोभीपापी भएका छन् । उनीहरू पैसा कमाउन यस्ता वनस्पति र जनावरको चोरीसिकारी गर्छन् । चोरीसिकारी गरेपछि स्वतः कम हुन्छ । सरकारले चोरीसिकारी गर्नेलाई कडा कानुनको व्यवस्था गरेको छ । तपाईंहरू अहिले सानै भए पनि दुर्लभ वनस्पति र जनावरका बारेमा जानकारी लिनुपर्छ । पछि ठुलो भएपछि संरक्षण गर्न सहयोग गर्नुपर्छ । लौ त नानीबाबुहरू ! आजको कक्षा यत्ति नै । (घन्टी बज्छ ।)

**शिक्षण सुझाव:**

- शिक्षक साथी ! विद्यार्थीहरूलाई विनयी त्रिवेणी गाउँपालिकाभित्र पाइने विभिन्न जनावर तथा वनस्पतिहरूको चित्र/भिडियो प्रदर्शन गर्नुहोस् र लोप हुन लागेका वनस्पति र जनावरका बारेमा व्याख्या गर्नुहोस् ।

**क्रियाकलाप :**

- तपाईंका गाउँघरमा के कस्ता वनस्पति र जनावरहरू पाइन्छन् ? सूची बनाउनुहोस् ।
- तपाईंका घर वरपर रहेका वन, पाखामा पाइने दुर्लभ वनस्पति र जनावरहरूको नाम लेख्नुहोस् ।

## अभ्यास

### १. तलको भनाइ कसले भनेको हो ?

(क) मैले यहाँ कुनै जनावरका चित्रहरू ल्याएको छु ।

(ख) यहाँका डाले घाँसहरूमा कुटमिरो, खन्यु, पाखरी, कोइरालो, दबदबे, किम्बु आदि प्रमुख छन् ।

(ग) हाम्रो विनयी त्रिवेणीमा विभिन्न जातका जनावरहरू पाइन्छन् ।

(घ) हाम्रो विनयी त्रिवेणीमा लोप हुँदै गएका मुख्य जनावर तथा वनस्पतिहरू कुन कुन हुन् त ?

(ङ) वनस्पतिहरू त हाम्रा लागि औषधी हुन् ।

(च) तपाईंहरू अहिले सानै भए पनि दुर्लभ वनस्पति र जनावरका बारेमा जानकारी

लिनुपर्छ ।

## २. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

(क) जनक गुरूले केकस्ता सामग्री लिएर कक्षामा प्रवेश गर्नुभयो ?

(ख) विनयी त्रिवेणीमा पाइने वनस्पतिहरूको नाम लेख्नुहोस् ।

(ग) विनयी त्रिवेणीमा पाइने जनावरहरूको नाम लेख्नुहोस् ।

(घ) विनयी त्रिवेणीका दुर्लभ वनस्पति र जनावरहरूको सूची तयार गर्नुहोस् ।

(ङ) मानिसहरू किन वनस्पति र जनावरको चोरीसिकारी गर्छन् ?


(च) जनक गुरूले अन्त्यमा विद्यार्थीहरूलाई के कुरा भन्नुभयो ?

## ३. तलका चित्र हेर्नुहोस् र नाम लेख्नुहोस् :










पाठ १९

# सामुदायिक वन



स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत् सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम सुरूमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिबी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दीगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित

तथा जनजातिको सहभागिता जस्ता नयाँ-नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिबी न्यूनीकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू सञ्चालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ।

विगतको समयमा थोरै जनसङ्ख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे भावर क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास सुरू हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास सुरू हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत् छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्।

सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वनप्रतिको लगावको परिणाम स्वरूप उजाड र मरूभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खडकिएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरूरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र

कार्यशैलीहरूको विकास गराउन जरूरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ। बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्ने र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैरसरकारी संस्थाहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिए तापनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरूत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यावसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ। वन विकास गुरूयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

भौगोलिक हिसाबले ८३०४०'४१" देखि ८३५६'५२" पूर्वी देशान्तर र २७

२६'१४"   देखि २७४४'०९" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुद्री सतहबाट २७० मिटरदेखि ८७० मिटरसम्मको उचाइमा अवस्थित छ भने २८८.०६ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा पाल्पा जिल्ला, पश्चिमतिर बर्दघाट नगरपालिका र पाल्पा जिल्ला, दक्षिणमा बर्दघाट नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज रहेको छ भने पूर्वमा मध्यबिन्दु नगरपालिका रहेको छ। समथर तराई क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा बस्ती तथा गाउँ विस्तारको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्त्व ओगटेको यो नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिका नदीनाला र ताल पोखरी जस्ता प्राकृतिक स्रोत साधनमा पनि धनी गाउँपालिकाको रूपमा रहेको छ।

नेपालको गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको यस विनयी त्रिवेणी गाउँपालिकामा कुल क्षेत्रफल २८८.०६ वर्ग कि.मि. मध्ये ७४.७० प्रतिशत वन क्षेत्रको रूपमा रहिआएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरूङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्र्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा,

ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरूवा, कच्याङकुरूङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरूङ्गीहरू पाइन्छन् ।

विनयी त्रिवेणीमा रहेका सामुदायिक वनहरू यसप्रकार छन् :

क) विनयी बगर सामुदायिक वन,  वडा नम्बर १ र २
ख) नव बुद्ध सामुदायिक वन, वडा नम्बर २
ग) घिउ खोला सामुदायिक वन,  वडा नम्बर १ र २
घ) पहेली भित्ता सामुदायिक वन, वडा नम्बर १ र २
ङ) विनयी सामुदायिक वन, वडा नम्बर १
च) मैना ज्योती हरियाली सामुदायिक वन, वडा नम्बर २
छ) नव दुर्गा हरियाली सामुदायिक वन, वडा नम्बर २
ज) धार्मिक वन, वडा नम्बर २

**शिक्षण सुझाव:**

- विद्यार्थीहरूलाई सामुदायिक वनको चित्र वा पोष्टर देखाई वनको बारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप :**

- तपाईंको क्षेत्रमा रहेको सामुदायिक वनको अवलोकन भ्रमण गरी कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) सामुदायिक वन भनेको के हो?

ख) विनयी त्रिवेणी गाउँपालिकामा रहेका सामुदायिक वनको नाम सूची बनाउनुहोस् ।

ग) सामुदायिक वनमा पाइने जीवजनावरको नाम लेख्नुहोस् ।

घ) सामुदायिक वन संरक्षणमा के के गर्न सकिन्छ ?

ङ) सामुदायिक वनको फाइदा लेख्नुहोस् ।

## २. लामो उत्तर दिनुहोस् ।

विनयी त्रिवेणी गाउँपालिकामा रहेका सामुदायिक वनको नाम लेखी कुनै एउटा वनको बारेमा व्याख्या गर्नुहोस्।

## ३. तलका वाक्यमा खाली ठाँउ भर्नुहोस् ।

(क) विनयी त्रिवेणी गाउँपालिकामा.........वटा वन रहेको छ। (४,८,१०)

(ख) यस गाउँपालिका समुद्री सतहबाट .............. मिटरदेखि .............. मिटरसम्मको उचाइमा अवस्थित छ।

(ग) विनयी त्रिवेणी गाउँपालिकामा कुल क्षेत्रफल .................वर्ग कि.मि. मध्ये ................. प्रतिशत वन क्षेत्रको रूपमा रहिआएको छ।

(घ) यस गाउँपालिकाको उत्तरमा .................. पश्चिमतिर .................. र पाल्पा जिल्ला, दक्षिणमा ................र चितवन राष्ट्रिय निकुञ्ज रहेको छ भने पूर्वमा .......................... रहेको छ।